# बालमैत्री विद्यालय निर्माणमा स्थानीय संरचनाको भूमिका




२०७२

# बालमैत्री विद्यालय निर्माणमा स्थानीय संरचनाको भूमिका

**समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)**
बुद्धनगर, काठमाण्डौ, पो.ब.नं. २१४३३
फोन : ०१-४७८४५४५, फ्याक्स : ०१-४७८१३८६
इमेल : info@cwish.org.np, वेब : www.cwish.org.np

# बालमैत्री विद्यालय निर्माणमा स्थानीय संरचनाको भूमिका

**लेखक:**
रमेशकुमार पौडेल

**सल्लाह सुझावः**
विमला ज्ञवाली, अध्यक्ष, सिविस
शान्ती अधिकारी, संस्थापक अध्यक्ष, सिविस
कृष्ण प्रसाद सुवेदी, टिम लिडर, सिविस

**आवरण लेआउटः**
विनायक क्रियशन (संजय राजथला)
सम्पर्कः ९८४१०९७४६६

**व्यवस्थापनः**
प्रमोद आचार्य

**प्रकाशक :**
समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)

**सहयोग :**
Interpedia, MOFA, Finland

**प्रकाशन वर्ष : २०१५**

# भूमिका

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यसै तथ्यलाई दृष्टिगत गरी "**सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने**" तथा "दीगो विकास लक्ष २०३०" जस्ता प्रतिबद्धता मार्फत विद्यालयमा समावेशी र स्तरीय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्न तथा विद्यालय आई सकेकालाई पूरै समय विद्यालयमा टिकाउन राज्यले विभिन्न रणनीति तथा कार्यक्रम अगाडि सारेको छ । ती मध्ये एक हो बालमैत्री विद्यालयको अवधारणा । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले नेपालमा शिक्षाको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विद्यालयको न्यूनतम र अपेक्षित मापदण्ड तोकेको छ । यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण छ ।

बालबालिकाले आफ्नो गति र क्षमताअनुसार सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा रूपान्तरण गर्नमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका साथै गाउँ/नगर शिक्षा समितिको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विद्यालयका यी तिनै सरोकारवालाहरूलाई यस विषयमा सचेत गर्नु अत्यन्त जरुरी छ । यसै उद्देश्यलाई ध्यानमा राखी विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ शिक्षा समितिको भूमिका तथा जिम्मेवारी बारे सचेत गराउन यो सहयोगी पुस्तक तयार गरिएको छ । यस पुस्तकले विद्यालयलाई बालमैत्री बनाउदै लैजाने अभियानलाई सार्थक बनाउन सहयोगी भूमिका खेल्ने छ भन्ने अपेक्षा गरिएको छ । पुस्तकलाई परिमार्जन गर्दै लैजानका लागि विद्वत वर्गको सल्लाह र सुझावको आशा गरिएको छ ।

..............................

**बिमला ज्ञवाली**

अध्यक्ष

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| (१) | बालअधिकार | ३ |
| (२) | बालसंरक्षण र विद्यालयमा बालसंरक्षणसम्बन्धी सवालहरू | ७ |
| (३) | बालमैत्री विद्यालयका लागि गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता र राज्यद्वारा गरिएका प्रयासहरू | १६ |
| (४) | बालमैत्री विद्यालय | २२ |
| (५) | बालमैत्री विद्यालय निर्माणका लागि संरचनागत व्यवस्था र भूमिका | ७४ |
| (६) | स्थानीय स्तरमा रहेको स्रोतको नक्साङ्कन व्यवस्थापन | ९५ |

## यो सहयोगी पुस्तक किन ?

विद्यालय शिक्षाको स्तर दिन प्रति दिन खस्किंदै जानु, विद्यालयमा भर्ना भएका बालबालिकाको विद्यालय छाड्ने प्रवृत्ति बढ्दै जानुले विद्यालयमा विद्यमान् परम्परागत शिक्षक केन्द्रित सिकाइ क्रियाकलाप हालको बदलिंदो परिप्रेक्षको लागि अनुपयोगी साबित भइसकेको छ र त्यसको सट्टा विद्यालयमा बाल केन्द्रित तथा बालमैत्री शिक्षण सिकाइ प्रकृयाको अभ्यास गर्नु अत्यन्त जरुरी भइसकेको छ ।

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यसै तथ्यलाई दृष्टिगत गरी "**सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने**" तथा "दीगो विकास लक्ष्य २०३०" जस्ता प्रतिबद्धता मार्फत विद्यालयमा समावेशी र स्तरीय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्न तथा विद्यालय आई सकेकालाई पूरै समय विद्यालयमा टिकाउन राज्यले विभिन्न रणनीति तथा कार्यक्रम अगाडि सारेको छ । ती मध्ये एक हो बालमैत्री विद्यालयको अवधारणा । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले नेपालमा शिक्षाको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विद्यालयको न्यूनतम र अपेक्षित मापदण्ड तोकेको छ ।

बालबालिकाले आफ्नो गति र क्षमताअनुसार सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । विद्यालयलाई बालमैत्री विद्यालयको रूपमा रूपान्तरण गर्नमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका साथै गाउँ/नगर शिक्षा समितिको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विद्यालयका यी तिनै सरोकारवालाहरूलाई यस विषयमा सचेत गर्नु अत्यन्त जरुरी छ । यसै उद्देश्यलाई ध्यानमा राखी विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ शिक्षा समितिको भूमिका तथा जिम्मेवारी बारे सचेत गराउन यो सहयोगी पुस्तक तयार गरिएको छ ।

## विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्नु किन जरुरी छ ?

विद्यालयमा बालमैत्री वातावरण भएमा शिक्षाको गुणस्तरमा सुधार हुनेछ, बालबालिकाले आफ्नो गति र क्षमताअनुसार सिक्ने मौका पाउने छन् । यसले

गर्दा उनीहरूमा अर्न्तनिहित क्षमताको विकास हुनेछ । शिक्षण सिकाइ क्रियाकलाप बाल केन्द्रित हुनेछ । बालबालिका बीच जात जाति, धर्म, लिङ्ग, सिकाइ क्षमताको आधारमा भेदभाव हुनेछैन । माथि उल्लेखित बालबालिकासँग प्रत्यक्ष सरोकार हुने कुराहरूमा सकारात्मक परिवर्तन त देखा पर्छ नै, तर यो बाहेक पनि परोक्ष रूपमा निम्न कुराहरूमा यसको प्रभाव पर्नेछ :

- विद्यालयको शैक्षिक गुणस्तरमा सुधार हुनेछ, यसले गर्दा विद्यालयका बालबालिका स्थानीय मात्र होइन राष्ट्रिय स्तरको प्रतियोगितामा समेत सहभागी हुने योग्यता हासिल गर्ने छन् । यसले विद्यालयको प्रतिष्ठा बढ्नेछ ।
- विद्यालयमा बालबालिकामाथि कुनै पनि किसिमको भेदभाव गरिने छैन, यसले गर्दा बालबालिकामा आत्मसम्मान र आत्मविश्वासयुक्त भावनाको विकास हुनेछ ।
- विद्यालयमा निर्माण भएको आचारसंहिताले गर्दा बालबालिका तथा वयस्कहरूको व्यवहारमा सकारात्मक परिवर्तन देखा पर्नेछ ।
- शिक्षकहरू परिश्रमी हुनेछन् । शिक्षण सिकाइ क्रियाकलापको लागि आवश्यक सामाग्री स्थानीय स्तरमा नै तयार गर्ने परम्परा बस्नेछ ।
- विद्यालय र समुदाय तथा शिक्षक र अभिभावकबीच घनिष्ट सम्बन्ध हुनेछ, यसले गर्दा विद्यालयको प्रत्येक कार्यक्रममा समुदायको सहभागिता बढ्ने छ ।
- अन्त्यमा, माथि उल्लेखित कारणले गर्दा विद्यालयप्रति समुदायको धारणामा परिवर्तन हुने र आपसी विश्वासको वातावरण बन्नेछ ।

## यो सहयोगी पुस्तक कसका लागि ?

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ शिक्षा समितिहरूको विद्यालयको पढाइको गुणस्तर बढाउनमा ठूलो हात रहन्छ । यसै तथ्यलाई दृष्टिगत गरी यो सहयोगी पुस्तक तयार गरिएको हो । यस पुस्तकले विद्यालयमा बालमैत्री वातावरण संवर्धनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ शिक्षा समितिको भूमिका तथा जिम्मेवारीको बारेमा सजग गराउने छ । विद्यालयलाई बालमैत्री बनाएमा मात्र विद्यालयको गुणस्तरमा पनि सुधार हुने सम्भावना भएको तथ्य महसूस गराउने र आफ्नो जिम्मेवारी पूरा गर्न घच्घच्याउने छ । यस पुस्तिकामा यी सरोकारवालाहरूले

कसरी आफ्नो भूमिका तथा जिम्मेवारी पूरा गर्न सक्छन् भन्ने केही सुझावहरू पनि समावेश गरिएका छन् ।

यो पुस्तक विद्यालयका मुख्य तीन सरोकारवालाहरूलाई लक्षित गरेर तयार गरिए तापनि अन्य सरोकारवालाहरू तथा सहयोगी निकायका साथै विद्यालय परिवारका लागि पनि उपयोगी हुने विश्वास गरिन्छ ।

## १) बालअधिकार

सामान्यता बालबालिका भनेर हामी शारीरिक, मानसिक तथा संवेगात्मक रूपमा हुर्कँदै गरेका क्षमतावान मानवहरू हुन् भनेर बुझ्न सक्छौं । हुन त बालबालिकालाई हेर्ने दृष्टिकोण देश, परिवेश, सामाजिक तथा साँस्कृतिक मूल्यमान्यताअनुसार फरक रहेको पाइन्छ । तर कुनै पनि जातजाति, सामाजिक, आर्थिक परिवेश, उसले वहन गरिरहेको जिम्मेवारी, उसँग भएको ज्ञान र सीप, शारीरिक बनोटको आदिको आधारमा बालबालिकाको परिभाषा फरक हुनुहुँदैन भन्ने विश्वव्यापी मान्यता रहेको छ । तसर्थ संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी महासन्धिले १८ वर्ष भन्दा कम उमेरका सबै व्यक्तिहरू बालबालिका हुन् भनी अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेको छ । साथै यस महासन्धिले राष्ट्रिय कानुनले त्यो भन्दा पनि कम उमेरका व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गर्न सक्ने कुरा प्रष्ट पारेको छ । सोहीअनुरूप नेपालको संविधान २०७२ र बालबालिका ऐन २०४८ ले १६ वर्ष मुनिका मानवहरूलाई बालबालिका भनेर परिभाषित गरेको छ भने मतदान गर्ने अधिकार प्राप्त गर्न १८ वर्ष पुग्नुपर्ने प्रावधान राखेको छ ।

यी बालबालिकाले समृद्ध र सम्मानजनक जीवन जिउनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू नै बालअधिकार हुन् । जसभित्र शिक्षा, स्वास्थ्य, पोषण, माया स्नेह, मनोरञ्जन, सूचनामा पहुँच, आफ्ना विचार र भावनाको अभिव्यक्ति, खेलकूद, आफ्ना धर्म एवं संस्कृति मान्ने व्यवस्था, कुनै पनि प्रकारको जोखिमताहरूबाट संरक्षण साथै दुर्व्यवहार, हिंसा, हेला, भेदभाव र शोषण भएको खण्डमा न्याय र पुनर्स्थापनाको व्यवस्था जस्ता कुराहरू सुविधा वा दया नभई बालबालिकाका मौलिक अधिकारका रूपमा स्थापित भइसकेका छन् ।

**बालअधिकारसम्बन्धी महासन्धिको इतिहासको एक झलकः**

- एग्लान्टाइन जेवबाट १९२३ मा बालअधिकारसम्बन्धी ५ बुँदे जेनेभा घोषणा पत्र तयार ।
- सन् १९२३ – एग्लान्टाइन जेवबाट प्रस्तुत गरिएको बालअधिकारको अवधारणालाई “बाल बचाउ” संस्था अर्न्तराष्ट्रिय युनियनबाट बालअधिकारको रूपमा मान्यता प्रदान गरियो ।
- सन् १९२४ – राष्ट्र संघ (League of Nations) बाट बालअधिकारलाई मान्यता प्रदान गरियो । एग्लान्टाइनबाट प्रस्तुत गरिएको ५ बुँदे घोषणा पत्रमा दुई वटा बुँदा थप गरी सात बुँदे घोषणा पत्र तयार गरियो ।
- सन् १९४८ – संयुक्त राष्ट्रसंघ महासभाबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी भयो ।
- सन् १९५९ – संयुक्त राष्ट्रसंघको महासभाले बालअधिकारसम्बन्धी राष्ट्र संघद्वारा तयार गरिएको सात बुँदे घोषणा पत्रलाई परिमार्जन गर्दै तीन वटा बुँदा थप गरी दश बुँदे घोषणा पत्र पारित गर्‍यो र बालअधिकारसम्बन्धी महासन्धिको मस्यौदा तयार पार्न तत्पर भयो ।
- सन् १९७९ – सन् १९७९ लाई अन्तर्राष्ट्रिय बाल वर्षको रूपमा मनाइयो र सोही अवसरमा बाल अधिकार घोषणा पत्रका दश बुँदाहरू बृहत रूपमा प्रचार प्रसार गरियो । सोही वर्ष बाल अधिकारसम्बन्धी महासन्धिको मस्यौदा तयार भयो ।
- सन् १९८९ – संयुक्त राष्ट्रसंघको महासभाबाट बालअधिकारसम्बन्धी महासन्धि पारित भयो । त्यो दिन १९८९ नोभेम्बर २० थियो ।
- सन् १९९० – बालअधिकारसम्बन्धी महासन्धि लागु भएको दिन थियो २ सेप्टेम्बर १९९० । सन् १९९० सेप्टेम्बर १४ मा नेपालले बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदन गरेको थियो ।

**बाल अधिकार महासन्धि, १९८९**

- महासन्धिमा ३ भाग र ५४ वटा धाराहरू छन्
- महासन्धिको धारा १ देखि ४२ सम्म बालबालिकाका अधिकारहरूको व्याख्या गरिएको छ ।
- महासन्धिको धारा ४३ देखि ४५ मा महासन्धि लागु हुने प्रक्रियाहरूका बारेमा उल्लेख छ ।

- महासन्धिको धारा ४६ देखि ४९ सम्म महासन्धिको हस्ताक्षर, अनुमोदन सम्मीलनको व्यवस्था छ ।
- महासन्धिको धारा ५० देखि ५४ सम्म संशोधन प्रस्ताव, परित्याग गर्न सकिने, आधिकारिक जिम्मेवार व्यक्ति र महासन्धिको मौलिक वा सक्कल प्रतिको सुरक्षाको जिम्मेवारीलगायत्का व्यवस्था छ ।

बालबालिका सम्पूर्ण अधिकारहरूलाई ४ वटा समूहमा विभाजन गरिन्छ : ती समूहहरू निम्न प्रकार छन्:

१) बाल बचाउसम्बन्धी अधिकार
२) बाल संरक्षणसम्बन्धी अधिकार
३) बाल विकाससम्बन्धी अधिकार
४) बाल सहभागितासम्बन्धी अधिकार

१) **बाल बचाउसम्बन्धी अधिकार**:

सबै बालबालिकाको बाँच्न पाउने अधिकार छ । त्यसैले कुनै पनि कारणले बालबालिकालाई मृत्यु हुनबाट रोक्नु राज्यका साथै हामी सबैको पनि कर्तव्य हो । यस अधिकार अन्तर्गत बालबालिकाको बाँच्ने अधिकार, जीवनको अधिकार, स्वास्थ्य र स्वास्थ्यसम्बन्धी स्याहारको उच्चतम स्तरको सेवा पाउने अधिकार पर्दछ । यस अधिकारले बालबालिकालाई आमाको गर्भमा रहँदादेखि नै स्वस्थ र सुरक्षित जन्मनका लागि गर्भवती आमाले समेत सुरक्षा र स्याहार पाउनुका साथै उनीहरू जन्मेपछि रोगहरूसँग लड्नका लागि खोप तथा उचित औषधी उपचार पाउने अधिकारहरू पर्दछन् । यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा ६, ८ र २७ मा उल्लेख गरिएको छ ।

२) **बाल संरक्षणसम्बन्धी अधिकार**:

बालबालिका शारीरिक तथा मानसिक विकासतर्फ उन्मुख हुन्छन् तथा उनीहरूमा परिपक्वताको विकास क्रमशः भइरहेको हुन्छ । उनीहरू आफैँ जीवनमा आउने जोखिमबाट रक्षा गर्न सक्दैनन् । उनीहरू यौन दुर्व्यवहार, यौन शोषण, हिंसा, लडाइँ, झगडा, गरिबी, प्राकृतिक प्रकोपका साथै बेचबिखन जस्ता जोखिम तथा अप्ठ्यारो परिस्थितीमा पर्ने प्रसस्त सम्भावना छ । साथै आजका बालबालिका श्रम शोषण तथा अवहेलना तथा परिवारविहीन भएर बस्न बाध्य छन् । अतः बालबालिकालाई माथि उल्लेखित हरेक जोखिम तथा

अप्ठ्यारो परिस्थितिबाट सुरक्षित गर्नुपर्दछ । यस अधिकार अन्तर्गत बालबालिकाले हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार र अवहेलनाबाट संरक्षण पाउने, परिवारविहीन र शरणार्थी बालबालिकाले संरक्षण पाउने अधिकार पर्दछ । उनीहरूलाई विभिन्न जोखिमहरूबाट संरक्षण गर्न सरकारले कानुन बनाएर लागु गर्नुपर्ने कुरा पनि यसै अन्तर्गत पर्दछ । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा ९, २०, २१, २२, २३, २६, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० मा उल्लेख गरिएको छ ।

३) **बाल विकाससम्बन्धी अधिकारः**

बालबालिकाले कुनै पनि भेदभाव बिना नै आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्दछ । यसका लागि सबै बालबालिकाले शिक्षा पाउने, आफूले जानेको र रुचि राख्ने खेलकूदमा क्षमताअनुसार सहभागी हुन पाउने, मनोरञ्जन गर्न पाउने, सीप सिक्न पाउनुपर्दछ । यसैलाई बालबालिकाको विकास गर्न पाउने अधिकार भनिन्छ । यस अधिकार अन्तर्गत बालबालिकाले हरेक किसिमका शिक्षा पाउने र बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको निम्ति चाहिने सुविधाहरू भएको जीवन स्तरको अधिकार पर्दछन् । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा १८, १९, २८, २९, ३० र ३१ मा उल्लेख गरिएको छ ।

४) **बाल सहभागितासम्बन्धी अधिकारः**

बालबालिकाले आफूलाई वा आफ्नो जीवनमा असर पार्ने विषय र गतिविधिहरूमा र त्यससम्बन्धी नीति निर्माण गर्दा आफू सहभागी हुन र आफ्नो विचार राख्न पाउनुपर्दछ । यसैलाई बाल सहभागिताको अधिकार भनिन्छ । यस अधिकार अन्तर्गत बालबालिकाको विचारको स्वतन्त्रता विशेष गरी उनीहरूको आफ्नो जीवनसँग सम्बन्धित कुराहरूको छलफलमा भाग लिन पाउने, आफ्नो विचार व्यक्त गर्न पाउने स्वतन्त्रता, संसारका विभिन्न घटना र विषय बारे जानकारी पाउने तथा उनीहरूको विचारको कदर गर्ने जस्ता अधिकारहरू पर्दछन् । यस अन्तर्गत बालबालिकाले सूचना पाउने र प्रदान गर्ने तथा आफ्नो संगठन र समूहहरू बनाएर बाल अधिकारको संरक्षण र लागु गर्ने काम पनि पर्दछन् । यस अधिकारलाई बाल अधिकारसम्बन्धी महासन्धिको धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ ।

## २) बाल संरक्षण तथा विद्यालयमा बाल संरक्षणका सवालहरू

### बालसंरक्षण

साधारण अर्थमा बाल संरक्षण भनेको बालबालिकाको सुरक्षाको व्यवस्था गर्नु हो । बाल संरक्षण भन्नाले बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, नैतिक, सामाजिक व्यक्तित्व वा अवस्था तथा विकासमा नकारात्मक असर पर्ने वा क्षति पुग्न सक्ने कुनै पनि गतिविधिबाट बालबालिकालाई जोगाउनु, त्यस्ता घट्नाहरूबाट प्रभावित एवं पीडित भएका बालबालिकालाई न्याय तथा पुनर्स्थापनाको व्यवस्था गर्नु र यस्ता समस्याहरूलाई सम्बोधन गर्ने गरी घर, विद्यालय, समाज, समूह तथा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आवश्यक नीति नियम तथा कार्यक्रमहरूको व्यवस्था गर्न पैरवी गर्नु भन्ने बुझिन्छ । बालबालिकाको संरक्षणको पहिलो जिम्मेवारी आमाबाबु, घरपरिवारको हो । त्यस पछि बालबालिकाको संरक्षण गर्ने दायित्व विद्यालय, समुदाय तथा स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायमा पर्न आउँछ । बालबालिकाको संरक्षण गर्ने अन्तिम दायित्व राज्यको हो । राज्यले ऐन कानुन, नीति नियम तथा कार्यक्रम बनाएर र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरेर बालबालिकाको संरक्षण गर्दछ र राज्य बालबालिकाको संरक्षण प्रति प्रतिवद्ध छ भन्ने पनि जाहेर गर्दछ । अतः बालबालिकाको संरक्षण सबैको सरोकारको विषय हो ।

बालबालिका शारीरिक तथा मानसिक रूपले सक्षम एवं परिपक्व भइसकेका हुँदैनन् । उनीहरू आफूलाई जीवनमा आउने साधारण जोखिमबाट पनि रक्षा गर्न सक्ने अवस्थामा हुँदैनन् । त्यसैले उनीहरू सजिलैसँग यौन दुर्व्यवहार तथा यौन शोषणका सिकार हुन्छन् । उनीहरू बेचबिखन जस्ता जोखिम तथा अप्ठ्यारो परिस्थितीमा पर्न सक्छन् । साथै आजका बालबालिका श्रम शोषण तथा अवहेलना तथा परिवारविहीन भएर बस्न बाध्य छन् । उनीहरूलाई माथि उल्लेखित हरेक जोखिम तथा अप्ठ्यारो परिस्थितिबाट सुरक्षित राख्नु पर्दछ । हिंसा, लडाइँ झगडा, गरिबी, प्राकृतिक प्रकोप तथा शोषण तथा दुर्व्यवहारबाट वयस्कभन्दा बालबालिका बढी पीडित तथा प्रभावित छन् । त्यसैले उनीहरूलाई सुरक्षित रूपले हुर्कन तथा बढ्न वयस्कहरूको सहयोग चाहिन्छ । यो कुरा बालबालिकाको संरक्षण पाउने अधिकार भित्र पर्दछ । यस अधिकार अन्तर्गत बालबालिकाले हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार र अवहेलनाबाट संरक्षण पाउने अधिकार राख्दछन् । यस अधिकारले परिवारविहीन र शरणार्थी

बालबालिकाले संरक्षण पाउने अधिकार समेतलाई समेटेको छ । बालबालिकालाई विभिन्न जोखिमहरूबाट संरक्षण गर्न सरकारले कानुन बनाएर लागु गर्नुपर्ने कुरा पनि यसै अन्तर्गत पर्दछ । शोषण तथा जोखिममा परिसकेका वा प्रभावित एवं पीडित भएका बालबालिकालाई न्याय तथा पुनर्स्थापनाको व्यवस्था गर्नु र यस्ता समस्याहरूलाई सम्बोधन गर्ने गरी घर, विद्यालय, समाज, समूह तथा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आवश्यक नीति नियम तथा कार्यक्रमहरूको व्यवस्था गर्न पैरवी गर्नु पनि बाल संरक्षण हो ।

बालबालिकाका यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा ९, २०, २१, २२, २३, २६, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० मा उल्लेख गरिएको छ ।

## विद्यालयमा बाल संरक्षण

विद्यालयमा बाल संरक्षण भन्नाले बालबालिकालाई विद्यालय अवधि भरी वा विद्यालयमा आउँदा जाँदा सुरक्षित राख्नु, हो । विद्यालयले बालबालिकालाई शिक्षा दिने केन्द्र मात्र नभई विद्यालयमा रहँदा, त्यहाँ आउँदा तथा जाँदाको अवधिसम्म पनि सुरक्षाको सुनिश्चितता प्रदान गरेको हुनु पर्दछ । विद्यालय जहाँ अनुशासनको नाममा शारीरिक सजाय दिइन्छ, दुर्व्यवहार, भेदभाव, वा यौन दुर्व्यवहार हुन्छ वा हुने सम्भावना छ, जहाँको भौतिक संरचना असुरक्षित वा जोखिमपूर्ण छ त्यस्तो विद्यालयमा अभिभावकले आफ्ना बालबालिकालाई पठाउन चाहाँदैनन् साथै बालबालिका आउन पनि चाहाँदैनन् । त्यस्तो ठाउँमा विद्यार्थीहरू तनाव तथा भयग्रस्त रहने हुँदा उनीहरूको ध्यान सिकाइमा भन्दा पनि आफू कसरी सुरक्षित रहने भन्ने चिन्ताले गर्दा सिकाइको स्तर नै कमजोर हुन जान्छ, विद्यार्थीहरूमा विद्यालयबाट भाग्ने वा विद्यालय छाड्ने प्रवृति बढ्दै जान्छ । अतः परिवार मात्र होइन विद्यालय पनि बाल संरक्षण प्रति संवेदनशील हुनु जरुरी छ । यसै तथ्यलाई दृष्टिगत गरी राज्यले विद्यालयमा पनि बाल संरक्षणसम्बन्धी नीतिगत व्यवस्था गरेको छ ।

## विद्यालयमा बाल संरक्षणका सवालहरू

विद्यालय बालबालिकाको लागि दोश्रो घर हो । विद्यालय उमेर समूहका अधिकांश बालबालिकाको समय विद्यालयमा बित्ने गर्दछ, त्यसैले घर पछि विद्यालयलाई बालबालिकाको संरक्षणको दृष्टिकोणले प्राथमिकता क्रममा राख्नु पर्ने हुन्छ ।

विद्यालय हाता भित्र वा विद्यालय जाने आउने क्रममा बालबालिका दुर्व्यवहारको सिकार हुनु परिरहेको समाचार माध्यमबाट प्रकाशमा आउने घटनाहरूले बालबालिका विद्यालयमा सुरक्षित रहन्छन् भन्ने कुरामा बालबालिकाको परिवार निश्चिन्त हुन सक्ने अवस्था छैन । राज्यले विद्यालयमा भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था गरे पनि अझै अनुशासनमा राख्ने बहानामा बालबालिकामाथि विभिन्न किसिमका शारीरिक तथा मानसिक दण्ड सजाय दिने गरिएको पाइन्छ । त्यसै गरी विद्यालय आउने जाने क्रममा समेत बालबालिका विभिन्न किसिमका दुर्व्यवहारमा परेको पाइन्छ । यस्ता घटनाका सिकार प्रायः जसो बालिकाहरू हुने गर्दछन् । यी मात्र होइन समाजमा व्याप्त परम्परागत अभ्यासले जन्माउने विकृतिले गर्दा बालबालिकामा पर्ने अल्पकालीन तथा दीर्घकालीन असरले विद्यालयमा भर्ना

भएका बालबालिकाको गुणस्तरीय सिकाइलाई समेत असर गर्दछ । यी मध्ये धेरै जसो असरहरूलाई विद्यालयको बालमैत्री वातावरणले न्यून गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

बालबालिकाले प्रायः जसो आफूमाथि घटेको यस्ता घटना लुकाएर राख्दछन्, तर यसले उनीहरूको शिक्षामा प्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ । यस किसिमको दण्ड सजाय तथा दुर्व्यवहारले बालबालिकाको शारीरिकमात्र होइन मानसिक रूपमा समेत दिर्घकालीन रूपमा असर पर्ने गर्दछ । त्यसैले उनीहरूको संरक्षणमा विशेष ध्यान दिनु जरुरी हुन्छ । विद्यालयमा बालबालिकाले भयरहित वातावरणमा शिक्षा आर्जन गर्न सकून् भन्नाको लागि उनीहरूमाथि हुने वा हुन सक्ने दण्ड सजाय वा अन्य दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्नु जरुरी छ । विद्यालयमा बालबालिकालाई सुरक्षित गराउन बाल संरक्षणका निम्न सवालहरूलाई ध्यान दिनु जरुरी छ :

## १) शारीरिक तथा मानसिक दण्ड सजाय

माथि उल्लेखित बालबालिकाको संरक्षणको सवालमध्ये शारीरिक तथा मानसिक दण्ड सजाय विद्यालय हाता भित्र भइरहने घटना हो । यसका दर्शक वा साक्षी धेरै हुन्छन् । यस्ता सजायले शारीरिक चोट पटक लाग्ने सम्भावना त हुन्छ नै तर बालबालिकामा यसका दीर्घकालीन मानसिक असर पर्ने सम्भावना धेरै हुन्छ । मानसिक असर देखिंदैन तर यसले बालबालिकामा नकारात्मक वा हिंसात्मक सोचको विकास गराउन सक्छ । यो शिक्षक तथा शिक्षिकाबाट हुने गर्दछ र यसलाई विद्यालयका व्यवस्थापन पक्षले गम्भीरतापूर्वक लिएर नियन्त्रण गर्न सकिन्छ, अतः विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले यस्ता घटना हुन नदिन सचेत हुनु जरुरी छ ।

## २) भेदभाव

भेदभाव नेपाली बालबालिकाले परिवार तथा समाजमा भोग्नु परिरहेको एक प्रमुख संरक्षणको सवाल हो नै । विद्यालयमा पनि छात्र छात्रा, ठूलो जात सानो जात, धनी तथा गरीब घरका, छिटो सिक्ने ढिलो सिक्ने इत्यादिबीचको भेदभावले पीडित हुनु परेको छ । अपाङ्ग भएको कारणले विद्यालयसम्म पुग्न नसक्नु, जातीयता तथा सम्प्रदायका आधारमा गरिने भेदभाव, एच.आइ.भि. संक्रमित बालबालिकाविरुद्ध गरिने भेदभाव र बालबालिकाको सामाजिक आर्थिक तथा शैक्षिक प्रगतिका आधारमा गरिने भेदभावहरू विद्यालयमा आज पनि विद्यमान छन् । विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक संघ

यसप्रति संवेदनशील भएमा उनीहरूले विद्यालयबाट यस्ता अभ्यासलाई हटाउन सक्छन् ।

## ३) बाल यौनदुर्व्यवहार

यौनदुर्व्यवहार विद्यालय हाता भित्र तथा बाहिर जहाँ पनि हुने गर्दछ । विद्यालय बाहिर हुने दुर्व्यवहार विद्यालयको नियन्त्रणमा नहुन पनि सक्छ, यसबाट बालबालिकालाई संरक्षण दिन विद्यालय व्यवस्थापन पक्षले जिल्ला प्रहरी कार्यालय तथा स्थानीय प्रहरी निकाय वा बालक्लबको सहयोग लिएर जोखिम नियन्त्रण गर्न वा न्यून गर्न सक्छ । बाल यौनदुर्व्यवहारका घटना विद्यालय हाता भित्र हुने गरेको र यो आफ्ना कक्षाका वा माथिल्लो कक्षाका विद्यार्थीबाट हुने गर्दछ तर यस्तो घटना शिक्षकबाट नै बढी हुने गरेको तथ्यलाई पनि कसैले नकार्न सक्दैन । यौनदुर्व्यवहार छोएर वा नछोएर पनि हुने गर्दछ । सामान्यतया मानिसहरू छोएर गरिने यौनदुर्व्यवहार बारे मात्र जानकार छन् । तर नछोइकन हुने दुर्व्यवहारहरू जस्तै बालबालिकालाई अश्लील चित्रहरू देखाउनु, अश्लील कुरा गर्नु, अश्लील हाउभाउ देखाउनु वा इशारा गर्नु इत्यादि पनि उत्तिकै गम्भीर प्रकृतिका दुर्व्यवहारहरू हुन् । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ यस्ता घटनाहरू संवेदनशील हुनुपर्छ र त्यस्तो व्यवहार गर्ने जुनसुकै सामाजिक अपराधीलाई सजाय दिलाउन कारबाही चलाउनु पर्छ ।

## ४) हेप्ने/जिस्क्याउने/सताउने कार्य (Bullying)

हेप्ने/जिस्क्याउने/सताउने क्रियाकलाप (Bullying) पनि दुर्व्यवहारको एउटा रूप हो । यस्ता घटना पनि विद्यालय हाता भित्र शिक्षक वा आफ्नै सहपाठीबाट वा विद्यालय बाहिर हुने घटना हुन् । बुलिङ् (हेप्ने सताउनेका कार्य) भनेको एक व्यक्तिले अर्को व्यक्तिलाई नियन्त्रण गर्न वा उसलाई आफू शक्तिशाली भएको देखाउन उसलाई मन नपर्ने गरी लगातार वा पटक पटक केही भन्ने, हाउभाउ गर्ने, केही गर्ने गरेर हेप्नु वा सताउनु हो ।

विद्यालयमा कुनै कुनै विद्यार्थी आफ्नै साथीबाट विभिन्न प्रकारबाट सताइएका हुन्छन् । तर ती सताइएका विद्यार्थीले डर र लाजका कारण त्यस विषयमा अरुलाई केही भन्दैनन् । अरुलाई नभनी सताउनेका कुरा सधैं मान्न थालेपछि उनीहरूमा मानसिक तनाव बढ्न थाल्छ । उनीहरूको पढ्ने, सोच्ने क्षमता कम हुँदैजान्छ । सताइने विद्यार्थीले आफैंलाई घृणा गर्ने, धिक्कार्ने गर्छन् । हुन त यसरी सताउने र सताइने घटना घरमा, खेल मैदानमा, सिनेमा हलमा,

छिमेकमा वा समुदाय जहाँसुकै पनि हुने गर्दछ । विद्यालयले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट जोगाउन आवश्यक कदम चाल्नु पर्दछ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले विद्यालयमा विद्यमान बालक्लबसँगको सहकार्यमा हेप्ने/जिस्क्याउने/सताउने घटनाको अन्त्य गर्न योजना बनाउन सक्छ । यस्ता घटनाविरुद्ध विद्यार्थी, शिक्षक तथा कर्मचारीका लागि आचारसंहिता बनाउनु पर्दछ । बालबालिकामाथि यस्ता घटना हुन नदिन आवश्यक व्यवस्था गर्नुपर्छ ।

### ५) धुम्रपान, नशा तथा लागू पदार्थको दुर्व्यसन

विद्यालयमा बालबालिका आफ्ना साथीहरूको सङ्गत तथा लहैलहैमा लागेर वा विभिन्न भ्रममा परी धुम्रपान तथा नशालु लागू पदार्थको कुलतमा फसेका प्रशस्त घटना छन् । यसका बारेमा पर्याप्त जानकारीको अभावमा वा गलत धारणा वा भनाइका कारणले कलिलै उमेरमा यस प्रकारको दुर्व्यसनमा फस्न पुग्छन् । यस्ता दुर्व्यसनको पनि बालबालिकामाथि दूरगामी शारीरिक, मानसिक, तथा सामाजिक असर पर्दछ । यस्ता दुर्व्यसनमा फस्ने बालबालिका वा मानिसले पछि गएर चाहेमा पनि कुलतबाट निस्कन सक्दैनन् । विद्यालयमा बालबालिकाले प्रयोगमा ल्याउने गरेका केही दुर्व्यसनमा चुरोट, गुट्खा, खैनी, तथा रक्सी तथा विभिन्न किसिमका लागू पदार्थका इत्यादि पर्दछन् । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले बालबालिकालाई यसबारे सचेत गराउन विभिन्न निकायहरूसँग सहकार्य गरी सचेतना कार्यक्रम सञ्चालन गर्न सक्छन् ।

### ६) द्वन्द्व र यसका नकारात्मक असर

मुलुकमा हुने जुनसुकै द्वन्द्वको प्रत्यक्ष असर बालबालिकामाथि नै पर्दछ यो प्रत्येक नेपालीले सशस्त्र द्वन्द्वको बेलामा देखे भोगेका घटना हुन् । ती तथा त्यस्तै द्वन्द्वमा परी धेरै बालबालिकाले आफ्ना अभिभावक, घर परिवार गुमाए, कतिको अङ्गभङ्ग भयो र थुप्रैले ज्यान समेत गुमाए । सशस्त्र द्वन्द्वमा वा विरोध जुनसुकै कार्यक्रम जस्तो जुलुस तथा ढुङ्गा हिर्काउने काममा बालबालिकाको नै प्रयोग हुने गरेको छ । सशस्त्र द्वन्द्वको समयमा विद्यालय तथा घर परिवारबाट बालबालिकालाई अपहरण गरी लडाकुको रूपमा भर्ना गरेका घटना पनि नेपालमै छ । विद्यालयलाई द्वन्द्वको केन्द्र बनाएर वा बालबालिका हिंड्ने बाटो तथा खेल मैदानमा बिछ्याइएका बारुदी सुरुङ्ग, आन्दोलन ताका बालबालिका चढेको बस तथा यातायातका साधनमा लगाइएको आगो बालबालिकाले अझै बिर्सन सकेका छैनन् । यस्ता घटनाले बालबालिकाको जीवनमा धेरै नकारात्मक

असर परेका छन् । द्वन्द्वबाट जोगिन गाउँबाट भागेर सहर पसेका बालबालिका निकृष्ट प्रकारको श्रममा लाग्न बाध्य हुनु परेको कुरा पनि सहर तथा जिल्लाको सदर मुकाममा सजिलै देख्न सकिन्छ । यसले बालबालिकाको बालअधिकार सोझै हनन् भएको छ । यति मात्र होइन यसको असर बालबालिकाले आर्जन गर्ने सिकाइको गुणस्तरमा पनि परेको पाइएको छ ।

## ७) बाल श्रम शोषण

नेपालमा बाल श्रम शोषण एउटा ठूलो समस्याका रूपमा देखा परेको छ । राष्ट्रिय श्रम शक्ति सर्वेक्षण २००८ अनुसार नेपालमा करिब १६ लाख बालबालिका श्रममा संलग्न छन् । त्यतिमात्र होइन ६ लाख २१ हजार बालबालिका जोखिमयुक्त श्रममा लाग्न बाध्य छन् । बालबालिकालाई उनीहरूको शारीरिक, मानसिक, स्वास्थ्य, शिक्षा तथा सामाजिक विकासमा नकारात्मक असर पर्ने गरी आर्थिक वा अन्य कुनै फाइदा हुने काममा लगाउनु नै बाल श्रम शोषण हो । त्यति मात्र होइन १५ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई शैक्षिक तथा अन्य अवसरमा असर पुग्ने गरी कानुनले तोकेको समयभन्दा बढी समय र बढी काममा लगाउनु पनि श्रम शोषण भित्र पर्दछ । यस विपरीत बालबालिकालाई काममा लगाउँदा उनीहरूको बाल अधिकार हनन हुन्छ । बालबालिकालाई श्रम शोषणबाट संरक्षण दिन तथा उनीहरूको अधिकारको संवर्धन गर्न राज्यले बाल श्रम निषेध र नियमित गर्ने ऐन, २०५६ ल्याएको छ । यस ऐनले बालबालिकाको धेरै अधिकारहरूको संरक्षण तथा प्रवर्धन गरेको छ । यो ऐन मंसीर २, २०६१ देखि मात्र लागु भएको हो । साथै नेपाल सरकारले विभिन्न आठ वटा श्रमलाई बालबालिकाका लागि निकृष्ट प्रकारको बाल श्रम घोषित गरेको छ र त्यसलाई उन्मूलन गर्न विभिन्न कानुनी व्यवस्था गरेको छ । आठवटा निकृष्ट प्रकारको बाल श्रममा घरेलु बाल श्रम, खानी तथा इँटाभट्टामा गर्ने काम, बालभरिया, गिट्टी कुटने काम, कवाडी सामान संकलन गर्ने काम, गलैंचा कारखानामा गर्ने काम, मनोरञ्जनको क्षेत्र (होटल, रेष्टुरेण्ट, डान्स दोहोरी तथा मसाज पार्लरमा गर्ने काम) तथा बँधुवा मजदूरले गर्ने काम पर्दछन् । नेपालमा करिब १ लाख २७ हजार बालबालिका निकृष्ट प्रकारको श्रममा संलग्न छन् (स्रोतःराष्ट्रिय श्रम शक्ति सर्वेक्षण,२००८) । यी मध्ये कैयौं बालबालिकालाई खाना शिक्षाका लागि सानै उमेरदेखि नै श्रममा लगाउँछन् भने कोही साथीको लहै लहैमा घरबाट भागेर श्रममा लाग्न बाध्य भएका छन् । अभिभावकले परिवारको आम्दानीमा टेवा पुगोस् भन्ने हेतुले पनि बालबालिकालाई श्रममा लगाएको पाइएको छ ।

## ८) बालबालिकाको बेचबिखन तथा ओसारपसार

नेपालका बालबालिका बेचबिखनबाट प्रभावित हुनुका साथै यसबाट हुने खतरामा पनि त्यतिकै रहेका छन् र अझ यो घटना क्रम बढ्दो छ । नेपालमा नै स-साना बालबालिका सरकारले तोकेका निकृष्ट प्रकारको श्रममा लागेको जहाँतहीँ सजिलै देख्न सकिन्छ । परिवारको गरिबीको फाइदा उठाउँदै राम्रो काममा लगाइ दिने, मिठो खान दिने, राम्रो लाउन दिने तथा छिट्टै धनी बनाउने आश्वासनमा कैयौं बालबालिका बेचबिखन तथा ओसारपसारका सिकार भइरहेका छन् । यस्ता काममा संलग्न दलालहरूले छकाई वा झूठो आश्वासन दिई लगेका बालबालिकालाई जबरजस्ती यौन पेशामा लगाउँछन् भने कैयौंलाई सर्कस तथा उँट दौडमा, बँधुवा मजदूरको रूपमा तथा माग्ने काममा प्रयोग गर्दछन् । यसका साथै बालबालिकाको अङ्ग बिक्री गर्नका लागि पनि बेचबिखन तथा ओसारपसार गरेको पाइएको छ । कसैलाई पनि उसको इच्छा विपरीत वा ललाइफकाइ वा एउटा काम गर्ने भनी अर्को काममा जबरजस्ती लगाउनु मानव बेचबिखन हो । नेपालको कानुनले यस्तो कामलाई गैरकानुनी मानेको छ र यस्तो काम गर्ने व्यक्ति दण्ड सजायका भागीदार हुन्छन् ।

## ९) पारिवारिक विछोड

नेपालमा बालबालिका विभिन्न कारणले गर्दा जस्तो जाँड रक्सी सेवन, बहुविवाह, पारिवारिक कलह तथा हिंसा इत्यादिले गर्दा बालबालिका घर छोडेर निस्कन्छन् र फलस्वरूप उनीहरू अभिभावकत्वविहीन बन्न पुगेका छन् । पारिवारिक विछोड तथा परित्यक्त जीवन जिउन बाध्य यी बालबालिका विभिन्न शारीरिक हिंसा एवं दुर्व्यवहार, यौन तथा श्रम शोषणका सिकार हुन्छन् , अपराधिक गिरोहको सङ्गतमा परी सानै उमेरदेखि आपराधिक काममा संलग्न हुन्छन् । अझै कैयौं बालबालिकाले यस्तै जीवन बिताइरहेका छन् । यस्तो अनुभवबाट गुज्रेका ती बालबालिकामा दीर्घकालीन रूपमा नकारात्मक मानसिक असर रहेको पाइएको छ । यति मात्र होइन यी बालबालिकाले आफ्नो पहिचान तथा नागरिकता जस्ता अधिकारहरूबाट बञ्चित छन् । सडकमा रहेका बालबालिका, श्रममा रहेका बालबालिका, विभिन्न होस्टल तथा बालगृहहरूमा रहेका बालबालिका, सशस्त्र समूहसँग रहेका बालबालिका, अपहरण तथा बेचबिखनमा परेका बालबालिका यस समूहमा पर्ने गर्दछन् ।

## १०) सडक बालबालिका

विभिन्न कारणले घर छाडेर हिंडेका वा परित्यक्त बालबालिका बस्ने ठाउँ र खाने ठाउँको अभावमा सडक जीवन बिताउन बाध्य छन् । सडकमा रहेका यी बालबालिका यौन शोषण तथा दुर्व्यवहारको सजिलै सिकार हुन्छन्, यौन शोषणको कारणले गर्दा उनीहरू यौन रोग तथा एच आइ भी एड्स संक्रमणको उच्च जोखिममा पर्दछन् । आपराधिक काम जस्तो चोरी, नशालु पदार्थको दुर्व्यसनी बन्दछन्, र मागेर हिंड्छन् । यी सडक बालबालिकाको दैनिक जीवनयापन जोखिमपूर्ण छ । सडक जीवनका अभ्यस्त यी बालबालिका पछि गएर घर परिवार वा बालगृहमा बसेर सामान्य तथा सुरक्षित जीवन जिउन समेत इच्छुक नभएको पाइएको छ ।

## ११) परम्परागत अभ्यास

नेपालमा आजसम्म पनि विद्यमान लैङ्गिक विभेद, बालविवाह, देउकी, वादी तथा छाउपडी प्रथा इत्यादि परम्परागत अभ्यासका केही उदाहरण हुन् जो खासगरी बालिकाहरूको स्वस्थ्य, सुरक्षित जीवनका लागि बाधक छन् । नेपालमा रहेका विभिन्न धर्म सम्प्रदाय तथा जातजातिहरूमाझ परम्परागत रूपमा चलिआएका माथि उल्लेखित अभ्यासहरूले बालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा समेत गम्भीर असर पार्ने काम गरिरहेका छन् । यी गलत अभ्यास हुन् र यस्ता कार्यहरूलाई कानुनले पनि निषेधित गरेको छ ।
त्यसै गरी बालविवाह नेपाली बालबालिकाले भोग्नु परिरहेको प्रमुख समस्या हो । मातृमृत्युको प्रमुख कारणहरूमध्ये बालविवाह तथा बाल्यअवस्थामै गर्भादान भई सुत्केरी हुनुलाई मानिएको छ । सानै उमेरमा शारीरिक तथा मानसिक रूपमा यौन सम्पर्क राख्न तथा गर्भधारण योग्य नहुँदै गर्भ धारण गर्न बाध्य धेरै बालिकाहरूको प्रसुति हुने अवस्थामा उत्पन्न हुने समस्याका कारण सानै उमेरमा मृत्यु हुने गर्दछ । सानै उमेरमा वयस्कको जिम्मेवारी सम्हाल्नु पर्दा उनीहरूको शैक्षिक, व्यावहारिक, सामाजिक विकास तथा बालपनमा धेरै नकारात्मक प्रभावहरू पर्ने गरेका छन् । नेपालको कानुनअनुसार अभिभावकको सहमतिमा १८ वर्ष र स्वेच्छामा गरिने प्रेम विवाह गर्न २० वर्ष उमेर पुग्नु जरुरी छ । तोकिएको उमेर भन्दा छिटो विवाह गर्ने कार्यमा संलग्न व्यक्ति वा परिवारलाई कानुनले दण्ड सजायको व्यवस्था गरेको छ ।

## ३) बालमैत्री विद्यालयका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र राज्यद्वारा गरिएका प्रयासहरू

### क) दीगो विकास लक्ष्य सन् २०३० :

संयुक्त राष्ट्र संघको आयोजनामा सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा भएको दीगो विकाससम्बन्धी विश्व शिखर सम्मेलनले सन् २०३० सम्ममा विश्वको रुपान्तरणका गर्नका लागि दीगो विकासका कार्यसूचीहरू पहिचान गरेको छ । यस कार्यसूचीले तय गरेको लक्ष्यअनुसार आगामी सन् २०३० सम्ममा बालबालिकाको हितसँग प्रत्यक्ष सम्बन्ध राख्ने देहाय बमोजिमको व्यवस्था गरिएको छ :

### उद्देश्य ४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने

४.१ सन् २०३० सम्म सबै बालबालिकाहरूले नि:शुल्क, समानतामा आधारित एवम् स्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गरून्, जसले सान्दर्भिक तथा लक्ष्य ४ अनुरूप प्रभावकारी सिकाइ परिणाम प्राप्त होस् भन्ने सुनिश्चित गर्ने ।

४.२ सन् २०३० सम्म सबै बालिका एवं बालकहरूको स्तरीय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्वप्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, जसले गर्दा उनीहरू प्राथमिक शिक्षाका लागि तयार हुन सकून् ।

४.३ सन् २०३० सम्म विश्वविद्यालय समेत स्तरीय प्राविधिक, व्यवसायिक र अन्य शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँच सुनिश्चित गर्ने ।

४.५ सन् २०३० सम्म शिक्षामा रहेको लैङ्गिक विभेद उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजातिहरू र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका समेत जोखिमको स्थितिमा रहेका सबै मानिसहरूका निम्ति शिक्षाका सबै तह एवं व्यवसायिक प्रशिक्षणमा समान पहुँच सुनिश्चित गर्ने ।

### उद्देश्य ५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालिकालाई सशक्तीकरण गर्ने ।

५.१ सबै ठाउँमा सबैतिर सबै महिला र बालिकाहरूविरुद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने ।

५.२ महिला र बालिकाहरूविरुद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने बेचबिखन तथा यौनिक र अन्य किसिमका शोषणसमेत सबै किसिमका हिंसा उन्मूलन गर्ने ।

५.३ बालविवाह, कम उमेरमा र जबरजस्ती विवाह तथा महिलाको योनीच्छेदन जस्ता हानिकारक प्रथाहरू उन्मूलन गर्ने ।

## ग) शिक्षा ऐन २०२८

शिक्षा ऐन २०२८ र त्यस पछि २०३३ देखि २०७२ सम्ममा शिक्षा ऐनमा आठ पटक संशोधन गरी राज्यले गुणस्तरीय शिक्षा र बालमैत्री विद्यालय निर्माणका लागि थप व्यवस्था गर्दै गएको छ, जसअनुसार:

- पूर्व प्राथमिक विद्यालयलाई विद्यालय संरचना भित्र ल्याइएको छ ।
- चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्षे पूर्व प्राथमिक शिक्षा दिने व्यवस्था
- "आधारभूत शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा आठसम्म दिइने शिक्षालाई मानिएको छ ।
- "माध्यमिक शिक्षा" भन्नाले साधारण तथा संस्कृत शिक्षातर्फ कक्षा नौदेखि कक्षा बाह्रसम्म र प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ कक्षा नौदेखि कक्षा तेह्रसम्म दिइने शिक्षालाई लिइएको छ ।
- दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षालाई "विशेष शिक्षा" को रूपमा परिभाषित गरिएको ।
- दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षालाई "समावेशी शिक्षा" मान्ने प्रावधान ।
- आधारभूतदेखि र माध्यमिक शिक्षासम्मलाई "विद्यालय शिक्षा"को रूपमा मानिने व्यवस्था ।
- प्राथामिक तहको शिक्षा मातृभाषामा दिन सकिने प्रावधान

- नेपाल सरकारले विकट हिमाली क्षेत्रमा घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने
- नेपाल सरकारले गाउँ विकास समिति वा नगरपालिकाको सहयोगमा खोलिएका शिशु विकास केन्द्रलाई तोकिएको बमोजिम अनुदान दिन सक्ने
- सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षा निःशुल्क उपलब्ध गराउने र त्यस्ता विद्यालयमा भर्ना हुने विद्यार्थीलाई नेपाल सरकारले निःशुल्क पाठ्य पुस्तक उपलब्ध गराउने व्यवस्था
- सामुदायिक विद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययन गर्ने गरिबीको रेखामुनि रहेका दलित जनजाति र महिलालगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था
- कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयमा अर्को कक्षामा भर्ना गर्नको लागि शुल्क लिन नपाउने
- संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलव्ध गराउनु पर्ने
- ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नकालागि शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा केन्द्रीय स्तरमा एक ग्रामीण शिक्षा विकास कोष रहने व्यवस्था गरिएको छ ।
- यसैगरी प्रत्येक जिल्लामा जिल्ला शिक्षा कोष र विद्यालय तहमा विद्यालय कोष रहने व्यवस्था छ ।

## घ) शिक्षा नियमावली २०५९

- अशक्त विद्यार्थीका लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने
- विद्यालयमा अध्ययन नगरेका वा अध्ययन बीचैमा छाडेका बालबालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधारमा तयार गरिएको पाठ्य सामाग्रीको प्रयोग गरी वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिने
- अन्धा, बहिरा, सुस्त मनस्थिति भएका वा शारीरिक कारणले अपाङ्ग बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने

- नेपाल सरकारले शिशु विकास केन्द्रलाई जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा अनुदान दिन सक्ने
- विद्यालयले विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्ने । अतिरिक्त क्रियाकलापमा शिक्षक र विद्यार्थी दुवैले भाग लिनु पर्ने
- विद्यालयले शुक्रबारको दिन दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्ने

**ङ) विद्यालय क्षेत्र सुधार योजना**

विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न आ. ब. २०६६/ ६७ देखि २०७२/ ७३ सम्मका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजना हो । शिक्षा मौलिक हकका रूपमा रहने, लैङ्गिक समानता, समावेशिता, समता जस्ता प्रमुख नीतिगत लक्ष्यलाई रणनीतिक कार्यक्रमका रूपमा आवद्ध गरिएका छन् । यस योजनाले विद्यालय सुधारका लागि १५ वटा सूचक तोकेको छ । योजनाको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका तथा सहयोगका क्षेत्रलाई महत्व दिएको छ ।

विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर तथा कार्य सम्पादनको जिम्मेवारी र जवाफदेहितालाई संस्थागत गर्ने जस्ता विषयमा नयाँ सुधारका रणनीतिहरू अगाडि सारेको छ । प्रारम्भिक तहदेखि उच्च माध्यमिक तहसम्मको संरचनालाई व्यवस्थित गरी शिक्षाको गुणस्तरमा सुधार गर्ने प्रयास गरेको छ । बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरेको छ । साथै विभिन्न कारणले विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन, विद्यार्थी भर्ना दर बढाउन, बालमैत्री शिक्षण विधि अवलम्बन गर्न, शिक्षा क्षेत्रमा स्थानीय सरकारको सहभागिता बढाउन, विद्यालय व्यवस्थापनलाई व्यवस्थित र समय सापेक्ष बनाउन विभिन्न रणनीतिका साथ बृहत् कार्ययोजना अगाडि सारेको छ ।

विद्यालय क्षेत्र सुधार योजना विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सुधार गरी विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा पहुँच बढाउने (सबैका लागि शिक्षा), विद्यालयमा भर्ना भएका बालबालिकालाई पूरै

समयसम्म टिकाउने (निरन्तरता) तथा शिक्षाको गुणस्तर बढाउन सहयोग पुऱ्याउने दीर्घकालीन योजना हो ।

यस योजनाले गरिब तथा पिछडिएका वर्ग तथा समुदाय र दलित बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरी शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरेको छ । गैर नेपाली भाषाभाषी बालबालिकाका लागि मातृभाषामा शिक्षाको व्यवस्था गरेको छ भने गरिब तथा पिछडिएका समुदायका अभिभावकहरूका लागि आय आर्जनका कार्यक्रम अगाडि ल्याएको छ । यो बाहेक विद्यालयको भौतिक पूर्वाधार सुधार तथा शिक्षामा लगानी बढाउन स्थानीय सरकारको सहभागिता बढाउने प्रयास गरेको छ, शिक्षण सिकाइलाई बालमैत्री बनाउन शिक्षक तालिम जस्ता कुरालाई पनि प्रमुख मुद्दाको रूपमा अगाडि सारेको छ । विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि मापदण्ड समेत तोकेको छ । यस योजनाले नै विद्यालयमा बालमैत्री वातावरण सुनिश्चितताका लागि स्पष्ट रूपमा उल्लेख गरेको छ, जसअनुसार विद्यालयमा कुनै पनि किसिमको भौतिक दण्ड सजाय दिइने छैन । बालबालिकाहरूलाई भौतिक दण्ड सजाय गर्ने शिक्षक र विद्यालयलाई दोषी मानिने छ । यस क्रममा शिक्षकलाई उसले पाउने ग्रेड घटुवा गर्ने र विद्यालय व्यवस्थापन समितिलाई चेतावनी दिएर अनुशासनसम्बन्धी कारबाही गरिने छ ।

### च) विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८

नेपाल सरकारले २०६८ मा लागु गरेको विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिकाले विद्यालयमा हुने सबै प्रकारको हिंसा, भेदभाव, बन्द हडतालको अन्त्य गरी बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्न ल्याइएको कार्यक्रम हो । बालबालिका पढ्ने स्थल, खेलकूद मैदान बालबालिका चढ्ने सवारी साधनहरूलाई सबैखाले हिंसा, द्वन्द्व र नकारात्मक राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नका लागि समेत विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ । यसले विशेषतः विद्यालय, विद्यालय परिसर र विद्यालयका सवारी साधनहरूलाई राजनीतिक तथा हिंसात्मक द्वन्द्वका प्रभावहरू र हस्तक्षेपहरूबाट बाहिर राख्नका लागि आवश्यक व्यवस्था गरेको छ । साथै विद्यालयमा कुनै पनि किसिमको राजनैतिक गतिविधि (आमसभा वा बैठक) गर्न नपाइने, बालबालिकालाई बन्द हडतालमा सहभागी गराउन नपाइने, कुनै पनि सशस्त्र समूहलाई प्रवेश निषेध गर्ने उल्लेख छ । साथै विद्यालयमा विद्यालय बाल संरक्षण समिति निर्माण गर्नु पर्ने व्यवस्था पनि गरेको छ ।

## छ) बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९

बालबालिकासम्बन्धी राष्ट्रिय नीतिले घर परिवार, समाज तथा विद्यालयहरूमा हुने गरेका बालबालिकाविरुद्धका सबैखाले हिंसा दुर्व्यवहार र भेदभावलाई दण्डनीय बनाउने, बालबालिकालाई सम्भावित जोखिमबाट संरक्षण प्रदान गर्ने तथा अनावश्यक रूपमा परिवारबाट छुटिनुपर्ने बाध्यतालाई हटाउनका लागि विभिन्न कार्यक्रम तथा नीतिगत प्रावधानहरूको व्यवस्था गरेको छ । यसले कानुनको विवादमा परेका विभिन्न हिंसा तथा दुर्व्यवहारका कारण कानुनको सम्पर्कमा आएका बालबालिकाका लागि विशेष संरक्षण, सुरक्षा र सामाजिक पुनर्स्थापना तथा पारिवारिक एकीकरणका प्रावधानहरू तय गरेको छ । यसले विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने संघ-संस्थाहरूमा उपयुक्त बाल संरक्षण नीति लागु गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

## ज) बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय कार्य योजना, (२०६१/६२ – २०७१/७२)

यस राष्ट्रिय कार्ययोजनाले बालबालिकाको अधिकार संरक्षण तथा संवर्धन गर्न १० वर्षे दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ । साथै बालबालिकाविरुद्ध हुने सबै खाले शोषणको अन्त्य गरी बालबालिकाको जीवन स्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य लिएको छ । साथै यस कार्ययोजनाले बालबालिकाको शिक्षा, स्वास्थ्य, विकास, पोषण तथा अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्धन गर्ने उद्देश्य समेत लिएको छ ।

## झ) बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपले विद्यार्थीहरूलाई विद्यालयभित्र वा वरिपरिका परिसरहरूमा सम्भावित हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्ने, भौतिक संरचनाका कारणहरूबाट हुन सक्ने सम्भावित दुर्घटना र त्यसबाट हुन सक्ने क्षतिहरूबाट संरक्षण गर्ने तथा विद्यालयभित्र भेदभावको वातावरणलाई निरुत्साहित गर्ने र बालबालिकाविरुद्ध दिइने शारीरिक दण्ड सजायलाई निषेध गर्ने, छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था तथा विद्यालय कम्पाउण्डको व्यवस्था गर्ने प्रावधानहरू सहित न्यूनतम र अपेक्षित सूचकहरू निर्धारण गरेको छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपले विद्यालयमा बाल संरक्षण अधिकार सुनिश्चित गर्न न्यूनतम तथा अपेक्षित मापदण्ड समेत तोकेको छ ।

## ४) बालमैत्री विद्यालय

### बालमैत्री विद्यालय के हो ?

बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाको अन्तरनिहित क्षमताको विकास गरिन्छ । राज्यले विद्यालयलाई बालमैत्री बनाउन बालमैत्री विद्यालयको प्रारूप तयार गरेको छ । विद्यालयलाई बालमैत्री बनाउन राज्यले गरेको प्रयासलाई शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरूले समेत टेवा प्रदान गरेका छन् ।

बालबालिकासँग विभिन्न प्रतिभा रहेको हुन्छ । उनीहरूभित्र रहेको प्रतिभाको आधारमा सिक्ने प्रकृया पनि फरक-फरक हुन्छ, त्यसैले उनीहरूलाई आफ्नो प्रतिभा देखाउन विद्यालयले आवश्यक वातावरणको सिर्जना गरेको हुनु पर्दछ । यसै तथ्यलाई दृष्टिगत गरी बालबालिकाको प्रतिभाको प्रस्फुटन गराई उनीहरूलाई सम्पूर्ण सिकाइ प्रकृयामा सहभागी गराउन नै बालमैत्री विद्यालयको अवधारणा आएको हो । बालमैत्री विद्यालयले शिक्षाको गुणस्तर सुधारमा ठूलो भूमिका निर्वाह गर्न सक्छ र बालबालिकाले बीचमै पढाइ छाड्ने प्रवृतिमा पनि कमी आउन सक्छ भन्ने विज्ञहरूको विश्वास छ ।

बालबालिकाको प्रभावकारी शिक्षण/सिकाइ उपलब्धिका लागि विद्यालयको वातावरण बाल मैत्रीपूर्ण हुनु अति आवश्यक छ । बालबालिकाले आफ्नो रुचि र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिकाका क्षमता तथा रुचिलाई दृष्टिगत गरी सिक्ने सिकाउने वातावरण तयार गरिएको हुन्छ । सिकाइ क्रियाकलापका हरेक चरण बालबालिकामा भएका क्षमताको विकास गर्न केन्द्रित गरिन्छ । बालबालिकालाई टिकाइ राख्न पनि विद्यालय बालमैत्री हुनु आवश्यक छ । बालमैत्री विद्यालयहरूले बालबालिकाको रुचि, क्षमता र स्तरलाई केन्द्रबिन्दुमा राखी सिकाइका लागि आवश्यक पाठ्यक्रमको व्यवस्था गरेको हुन्छ र सोहीअनुसारको वातावरण सिर्जना गरी सिकाइ क्रियालाप सञ्चालन गर्ने व्यवस्था मिलाएको हुन्छ । त्यस्तो विद्यालयमाः

- बालबालिकाले आफ्नो रुचि र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण हुन्छ ।

- त्यहाँ बालबालिका अनुकूलको सिकाइ वातावरण हुन्छ । बालबालिकाका लागि सुरक्षित तथा स्वस्थ वातावरण हुन्छ ।
- शिक्षण सिकाइ क्रियाकलापमा  कुनै पनि प्रकारका भेदभाव (जातजाति, धर्म, लिङ्ग, तथा सिकाइ क्षमता वा असक्षमता) हुँदैन ।
- विद्यालयका सबै क्रियाकलापहरूमा शिक्षक, विद्यार्थी, अभिभावक र समुदायको प्रत्यक्ष सहभागिता हुन्छ ।

त्यसका लागि विद्यालयले विद्यार्थी, अभिभावक, समुदाय तथा सबै सरोकारवालाहरूलाई निम्न कुरामा विश्वास दिलाइएको हुन्छः

- त्यहाँ बालबालिकाले आफूलाई शारीरिक, मानसिक एवं संवेगात्मक रूपले सुरक्षित महसुस गर्दछन् र आफ्नो सिकाइका लागि स्वस्थ वातावरण पाउँदछन् । राज्यले विद्यालयमा सिकाइ क्रियाकलाप भयमुक्त वातावरणमा सञ्चालन गर्नका लागि गरेको नीतिगत व्यवस्थाको गम्भीरतापूर्वक पालना गरिएको हुन्छ ।
- त्यहाँ शिक्षकले बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी लिएको हुन्छ भने विद्यालय व्यवस्थापन पक्षले पनि बालबालिकाका अभिभावकलाई उनीहरूका बालबालिकाले हासिल गरेका उपलब्धिमाथि विश्वास दिलाउने अभिभारा लिएको हुन्छ ।
- त्यस्ता विद्यालयले बालबालिका वा उनीहरूका बाबु–आमा वा अभिभावकको जाति, रङ्ग, लिङ्ग, धर्म, भाषा, आर्थिक स्तर, शारीरिक एवं मानसिक दुर्बलता वा राजनैतिक वा अन्य विचारका आधारमा कुनै पनि भेदभाव गर्दैन । साथै विद्यालय भित्र र बाहिर रहेका बालबालिका बीच पनि कुनै पनि भेदभाव नगरी समान व्यवहार गर्दछ ।
- विद्यालयमा शिक्षण बाहेक बालबालिकाको स्वास्थ्य एवं सुरक्षामा समेत विशेष ध्यान दिइन्छ । यस्ता विद्यालयहरूले स्वास्थ्य तथा सुरक्षाका उपाय अपनाउन बालबालिकालाई सुसूचित गराउनुका साथै यो सन्देश आफ्ना घरपरिवारसम्म पुर्‍याउन पनि प्रोत्साहन गरेको हुन्छ ।  बालबालिकालाई आफ्नो व्यवहार परिवर्तन गर्न समेत सहयोग गर्दछ ।

- यस्ता विद्यालयले आफ्नो नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराएको हुन्छ ।
- राज्यले विद्यालयमा भयमुक्त सिकाइ वातावरणका निमित्त गरेको नीतिगत व्यवस्थाको पालना गरिएको हुन्छ । विद्यालय व्यवस्थापन पक्षले विद्यालयमा कुनै पनि प्रकारको भौतिक, शारीरिक एवं मानसिक दण्ड, सजायको घटना बर्जित छ भन्ने सुनिश्चित गरेको हुन्छ र बालबालिकालाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ ।

**बालमैत्री विद्यालयको आवश्यकता**

**हाल विद्यालयमा शिक्षण सिकाइको अवस्था निम्न छः**

- अधिकांश विद्यालयहरू अझै पनि परम्परागत ढाँचामा नै सञ्चालित छन् । सिकाइ क्रियाकलाप अझै पनि बाल केन्द्रित हुन सकेको छैन । शिक्षकहरूले अझै पनि बालबालिकालाई सिकाउन सहयोग गरी सहजकर्ताको रूपमा आफूलाई प्रस्तुत गर्न सकेका छैनन् । सिकाइ घोकाउने तर्फ बढी केन्द्रित छन् ,उनीहरूले विद्यार्थीहरूलाई कक्षा तर्फ आकर्षित गर्न सकेका छैनन्, सिकाइ उपलब्धिमूलक हुन सकेको छैन ।
- बालबालिकाको विद्यालयसम्म पहुँच उल्लेखनीय रूपमा बढेको छ तर विद्यालयले पूरै समय टिकाउन सिकेको छैन । यसका मुख्य कारण विद्यालय तथा सिकाइ क्रियाकलाप मैत्रीपूर्ण नहुनुलाई मानिएको छ ।
- विद्यालयमा अझै पनि अनेक प्रकारका विभेद जस्तो लैङ्गिक विभेद, जातपातको आधारमा गरिने भेदमाव तथा ढिलो सिक्ने वा छिटो सिक्ने बीचको विभेदले बालबालिकालाई विद्यालय प्रति विमुख बनाएको छ ।
- शिक्षकहरू केन्द्रीय तहबाट उपलब्ध गराइएका पाठ्य तथा शैक्षिक सामग्रीहरू विद्यालयहरूमा मात्र निर्भर छन् । शिक्षकहरूबाट स्थानीय तहमा उपलब्ध हुनसक्ने सिकाइ सामग्रीहरूको प्रयोग गर्ने वा आफैं सामाग्री निर्माण गर्ने अभ्यास कमैले मात्र गर्ने गरेका छन् ।
- परम्परागत शिक्षणले बालबालिकाको सिकाइको गति, अनुभव र क्षमताअनुसारको पठनपाठनलाई उचित रूपमा सम्बोधन गर्न सकेको छैन ।

- व्यवस्थापकीय दृष्टिले हाम्रा विद्यालयहरू अति नै कमजोर छन् । विद्यालय र समुदाय तथा विद्यालय तथा अभिभावक बीचको दूरी अझै कायम छ ।

**त्यसैले निम्न कारणले विद्यालयलाई बालमैत्रीपूर्ण बनाउनु परेको हो:**

- परम्परागत सिकाइ तरिकालाई परिवर्तन गरी समय साक्षेप तथा बालमैत्रीपूर्ण बनाउन
- बालबालिकाको चाहनाअनुसारको शिक्षण गर्न
- विद्यालयमा हुने विभिन्न प्रकारका विभेद (लैङ्गिक, जातीय, वर्गीय तथा सिकाइ क्षमता वा असक्षमता) अन्त्य गर्न
- विविध आवश्यकता भएका बालबालिकालाई सिकाइ अवसर प्रदान गर्न
- भयरहित वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न
- अधिकारमा आधारित शिक्षाको प्रवर्धन गर्न

**विद्यालय बालमैत्री भएमा**

- विद्यालयमा बालमैत्री वातावरण हुन्छ, बालबालिकाले चाँडो सिक्ने र लेखपढ गर्न सक्ने हुनाले उनीहरूको मानसिक तनाव कम हुनेछ,
- बालबालिकाको प्रतिभा उजागर हुनेछ,
- शिक्षण सिकाइ प्रभावकारी र उपलब्धिमूलक हुने छ र फलस्वरूप शिक्षाको गुणस्तरमा बढोत्तरी हुने छ,
- विद्यालयमा प्रतिष्पर्धी विद्यार्थीको उत्पादन हुने छ, विद्यार्थीहरूमा राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी हुने क्षमता तथा आत्मविश्वास बढ्ने छ, यसले विद्यालयको प्रतिष्ठामा वृद्धि हुने छ,
- सेवा क्षेत्र भित्रका सबै बालबालिकाले शिक्षाको अवसर पाउने छन्,
- बालबालिकाले विद्यालय छाड्ने दर घट्ने छ,
- विद्यालयको वातावरण स्वच्छ र सुरक्षित हुने छ ,
- लिङ्ग, जातजाति, सिकाइ क्षमताको आधारमा भेदभाव हुनेछैन ,
- विद्यालयमा गरिने कार्यमा बाल तथा समुदायको सहभागिता बढने छ,

- विद्यालयमा गरिने प्रत्येक कार्यमा विद्यार्थी, अभिभावक तथा समुदायको संलग्नता हुने छ र यसले गर्दा विद्यालय प्रति सबैमा अपनत्वको भावनाको विकास हुने छ,
- विद्यार्थीहरूले आफ्ना अधिकारको उपभोग गर्न पाउने छन्,

अन्तमा, बालअधिकार, सबैका लागि शिक्षा, दीगो विकास लक्ष्य जस्ता राज्यका तर्फबाट भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू सम्बोधन हुनेछन् ।

**बालमैत्री विद्यालय निर्माणका चरणहरूः**

विद्यालयलाई बालमैत्री बनाउने विषयमा विद्यालयहरूले आफैंले स्वनिर्णय गर्नु पर्दछ, यसमा राज्य वा राज्यका निकायको सहयोगी भूमिका मात्र हुने छ । राज्यले विद्यालयलाई बालमैत्री बनाउनकालागि केही आधारहरू तोकेको छ । विद्यालय व्यवस्थापन समितिले बैठक बसी ती आधारहरू बारे स्वमूल्याङ्कन गरी बालमैत्री विद्यालयको स्थिति पत्ता लगाउनु पर्छ । तर त्यो भन्दा अघि विद्यालयलाई बालमैत्री बनाउने योजना विद्यालय सुधार योजनामा समावेश गरेको हुनु पर्छ । बालमैत्री विद्यालयको लागि स्वमूल्याङ्कन विद्यालयमा विद्यमान स्रोत साधन पहिचान गर्नु जरुरी छ । यदि विद्यालयमा स्रोत सामाग्री पर्याप्त नभएमा ती स्रोत साधन जुटाउन उपयुक्त रणनीति पहिचान र विकास गर्नुपर्छ । विद्यालयले आफ्नो आन्तरिक गृहकार्य गरेपछि विद्यालयलाई बालमैत्री विद्यालय घोषित गर्नका लागि निम्न चरणहरू पूरा गर्नु पर्दछ :

## १) बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपको अध्ययन तथा छलफल गर्नेः

विद्यालयका सरोकारवालाहरू (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, र शिक्षक, विद्यालय बाल संरक्षण समिति तथा बालक्लब) को संयुक्त भेलाबाट बालमैत्री विद्यालयको अवधारणा, विद्यालयलाई बालमैत्री बनाउनको कारण र त्यसबाट हुने फाइदा, राष्ट्रिय प्रारूपको सूचक तथा मापदण्डबारे छलफल गर्ने ।

## २) विद्यालयको स्तर पहिचान गर्नेः

प्रारूपमा उल्लेख गरिएका नौ वटा पक्षहरूका सूचकहरूमा आफ्नो विद्यालयको वर्तमान अवस्था कस्तो छ पत्ता लगाई सूचीकृत गर्ने ।

### ३) स्वमूल्याङ्कन गरी प्राथमिकता सूची तयार गर्ने:

प्रारूपमा उल्लेखित सूचीमा कुन सूचकको स्थान कमजोर र कुन सूचकको स्थान तुलनात्मक रूपमा सुध्रिएको छ सोको आधारमा बढी सुधार गर्नुपर्ने क्षेत्रलाई सुधार गर्ने गरी प्राथमिकता सूची तयार गर्ने ।

### ४) सुधारका कार्यक्रम बनाउने:

विद्यालयहरूलाई बालमैत्री विद्यालयमा रूपान्तरण गर्न कुन-कुन सुधारका कार्यहरू तत्काल गर्न सकिने खालका छन्, कुन-कुन केही समय लाग्ने र कुन-कुन बढी समय लाग्ने खालका छन् सोको पनि छुट्टा छुट्टै सूची तयार गर्ने र हरेक सुधारका लागि लक्ष्य किटान गर्ने । बढी सुधार गर्न पर्ने सूचकमा आधारित भई प्राथमिकताका साथ कार्यक्रम तयार गर्ने र कार्यक्रम सञ्चालन गर्ने ।

### ५) स्रोत साधन जुटाउन रणनीति तयार गर्ने:

बालमैत्री विद्यालय बनाउन आवश्यक स्थानीय स्रोत साधन जुटाउन रणनीति तयार गर्ने , रणनीति तयार गर्दा आवश्यक स्रोत, विद्यालयमा भएका स्रोत, ती मध्ये स्थानीय स्तरमा उपलब्ध स्रोत, बाहिरबाट ल्याउनु पर्ने स्रोत, स्रोत उपलब्ध गराई सहयोग गर्न सक्ने दातृ निकाय इत्यादि सबै विवरण उल्लेख गर्नु पर्ने छ ।

### ६) लागतको अनुमान गर्ने:

सुधार गर्नुपर्ने सूचकहरूमध्ये कुनमा बढी आर्थिक व्ययभार पर्छ, कुनमा कम आर्थिक व्ययभार पर्छ र कुनमा आर्थिक व्ययभार नै नपर्ने छन्, सो छुट्ट्याउने र लागतको अनुमान गर्नु पर्ने छ ।

### ७) कार्य विभाजन तथा जिम्मेवारी बाँडफाँड गर्ने:

सुधारका कार्यहरू मध्ये कुन कार्य प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, स्थानीय निकाय, विद्यार्थी मार्फत गर्नुपर्ने हो सोको विश्लेषण गर्ने र कार्य विभाजन गर्ने । यस कार्यमा जिल्ला शिक्षा कार्यालयले पनि महत्वपूर्ण भूमिका जस्तो प्रगति अनुगमन गर्ने, आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउन सक्ने तथा समय समयमा निर्देशन दिने वा सहजकर्ताको रूपमा सहयोग गर्नसक्ने भएकोले जिल्ला शिक्षा कार्यालयको पनि भूमिका तोक्नुपर्छ ।

## ८) योजना निर्माण गर्ने:

उपरोक्त विश्लेषणको आधारमा बालमैत्री विद्यालय विकास योजना निर्माण गर्ने । योजना निर्माण गर्दा निम्न कुरा स्पष्टसँग उल्लेख गरिएको हुनुपर्दछ :-

- के-के गर्ने र कसरी गर्ने ?
- कुन उपलब्धि कहिलेसम्म कतिमात्रामा हासिल गर्ने ?
- योजना कार्यान्वयन गर्दा आवश्यक पर्ने मानवीय, भौतिक तथा आर्थिक स्रोत साधन जुटाउन वा हरेक सुधार कार्यका लागि मुख्य जिम्मेवार को हुने सो निर्णय गर्ने ।
- विद्यालयलाई बालमैत्री बनाउन तथा यसलाई स्थायित्व दिन विभिन्न किसिमका सहयोगहरू जस्तो आर्थिक सहयोग, प्राविधिक सहयोग, भौतिक सहयोग इत्यादि तत्काल तथा दीर्घकालसम्म आवश्यक परिरहन्छ । यी र यस्ता आवश्यकता विद्यालय एक्लैले वा विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक संघले मात्र जुटाउन सक्दैन, त्यसका लागि अन्य स्थानीय निकाय, सरकारी वा गैरसरकारी निकायहरूको सहयोग लिइरहनुपर्ने हुन्छ । अतः त्यस्ता सहयोगी निकायहरूको पहिचान गर्नु पर्छ साथै ती निकायहरूसम्म पुऱ्याउन सक्ने व्यक्ति वा संस्था तथा उनीहरूसँग के कस्तो सहयोग लिने भन्ने पनि स्पष्ट उल्लेख गर्नु पर्छ । यो बाहेक जिल्ला शिक्षा कार्यालयसँग समन्वय तथा त्यहाँबाट लिन सक्ने सहयोगबारे पनि स्पष्ट किटान गरेको हुनु पर्छ ।
- योजनामा उल्लेख गरेअनुसारका सुधार कार्यक्रमहरू तोकिएको समयमा प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको हेर्ने संयन्त्र र अनुगमन गर्ने कार्यढाँचा तयार गर्ने
- माथि भनिएअनुसारको योजना निर्माण गर्दा प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, स्थानीय निकाय, विद्यार्थी आदि सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने
- सुधार योजनामा उल्लेख भएअनुसारका कार्यक्रमको लक्ष्य हासिल गर्न र समुदायको सहयोग जुटाउन विद्यालय बाहिर बालमैत्री सिकाइ वातावरणको बारेमा प्रचारप्रसार गर्ने
- विद्यालय भित्र कार्यान्वयन गर्न मुख्य कार्यान्वयनकर्ता बीच सामूहिक भावना सहित प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

- विद्यालय व्यवस्थापन समितिले कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने गराउने व्यवस्था मिलाउने ।
- बालमैत्री विद्यालयको विकास गर्ने सम्बन्धमा आवधिक रूपमा भएको कार्य प्रगतिको समीक्षा गर्ने र प्राप्त नतिजाका सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी समेत दिने ।

**बालमैत्री विद्यालयको स्वमूल्याङ्कन चेकलिष्टः**

विद्यालय व्यवस्थापन समितिले नेतृत्व लिई शिक्षक अभिभावक संघ, बालक्लब तथा अन्य माथि उल्लेखित सरोकारवालाहरूको सहभागितामा निम्न चेकलिष्टको आधारमा आफ्नो विद्यालयको स्वमूल्याङ्कन गर्नु पर्दछ ।

**निर्देशनः**

(१) काम पूरा भएको भए "पूरा" मा (√) चिन्ह, केही मात्रामा भएको भए "आंशिक" मा (√) चिन्ह र केही नभएको भए "नभएको "मा (√) लगाउनुहोस् ।

(२) "पूरा" मिलेकोमा १ नम्बर, "आंशिक"मा ०.५ नम्बर र नभएकोमा ० नम्बर दिई आफ्नो मूल्याङ्कन गर्नुहोस् ।

(३) मूल्याङ्कनको समयमा विद्यालयसँग सम्बन्धित प्रधानाध्पक. शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक निश्चित विद्यार्थी, स्रोतव्यक्ति सँगसँगै बसी छलफलको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(४) समय–समयमा आफ्नो कामको मूल्याङ्कन गर्दै योजना निर्माण गर्नुपर्ने भएकाले फेरि यही फारमलाई प्रयोगमा ल्याउन सिसाकलम प्रयोग गर्नुहोस् ।

(५) मूल्याङ्कन पश्चात कसको कुन बुँदामा कमजोर छ, सो बुँदा सुधार्न कोसिस गर्नुहोस् र पहिले गरेका राम्रा कार्यलाई निरन्तरता दिनुहोस् ।

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| **क) प्रधानाध्यापकको संलग्नता** | | | | |
| १. | नियमित विद्यालयमा उपस्थित हुने गरेको | | | |
| २. | योजना बनाई कार्यान्वयन गर्ने गरेको | | | |
| ३. | आफूले जिम्मेवारी लिएको विषयको नियमित अध्यापन गर्ने गरेको | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| ४. | आफ्ना साथीहरूलाई रुचि, क्षमताअनुसार समानुपातिक कार्यविभाजन गरेको | | | |
| ५. | बाँडफाँड गरिएको कार्यको उचित मूल्याङ्कन र सुझाव दिने गरेको | | | |
| ६. | पठन–पाठनलाई आवश्यक पर्ने साधन स्रोत र शैक्षिक सामग्री, पाठ्यपुस्तक, सहायक सामग्रीको व्यवस्था मिलाएको | | | |
| ७. | समय-समयमा शिक्षक/अभिभावक बैठक बोलाई शैक्षिक विषयमा कुराकानी गर्ने गरेको | | | |
| ८. | कमजोर केटाकेटीको पढाइ सुधार गर्न कार्यक्रम सञ्चालनको व्यवस्था गरेको | | | |
| ९. | कमजोर केटाकेटीको बाबुआमालाई बोलाई सल्लाह सुझाव दिने व्यवस्था मिलाएको | | | |
| १०. | शिक्षकको अनुपस्थितिमा खाली कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको | | | |
| ११. | नियमित शिक्षक बैठक (महिनाको अन्त्य) मा सबै कक्षाका केटाकेटीको पठनपाठनबारे छलफल गर्ने व्यवस्था गरेको | | | |
| १२. | नियमित शिक्षकको कक्षा अवलोकन गरी पृष्ठ पोषण दिने व्यवस्था गरेको | | | |
| १३. | विद्यालयको वार्षिक उत्सवमा विद्यालयको आम्दानी खर्च र शैक्षिक क्रियाकलापको जानकारी अभिभावकलाई गर्ने गरेको | | | |
| १४. | अतिरिक्त क्रियाकलाप विद्यालयमा नियमित रूपमा गर्ने गरेको | | | |
| १५. | विद्यार्थीको पोशाक तथा सरसफाइमा नियमित ध्यान दिने गरेको | | | |
| १६. | विद्यालय सेवा क्षेत्रभित्रका स्कूल आउने उमेरका सबै केटाकेटीलाई भर्ना गर्न सक्रियता देखाएको | | | |
| १७. | विद्यालयको परीक्षाको नतिजा (Result) र विद्यार्थीको पढाई स्तर अघिल्लो वर्षभन्दा माथि लैजान नेतृत्व गरेको | | | |
| १८. | कक्षा छोड्ने, दोहऱ्याउने विद्यार्थी संख्याको अध्ययन | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| | प्रत्येक साल गरी सुधारमा सक्रियता देखाएको | | | |
| १९. | आफू अनुपस्थित हुने दिन, आफूले गर्ने कार्यको अधिकार प्रत्यायोजन गर्ने गरेको | | | |
| २०. | विद्यालयमा आवश्यक पर्ने चार्ट निर्माण गरी व्यवस्थित रूपमा प्रर्दशन गर्ने गरेको | | | |
| **ख) शिक्षकको संलग्नता** | | | | |
| १. | निर्दिष्ट समय अवधिभर कक्षामा बसी अध्यापन कार्यमा संलग्न हुने गरेको | | | |
| २. | शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोग गरी सरल भाषामा पढाउने गरेको | | | |
| ३. | कक्षाका सबै बालबालिकालाई समानुपातिक रूपमा ध्यान दिने गरेको | | | |
| ४. | कमजोर केटाकेटीको पढाइमा सुधार ल्याउन सम्बन्धित अभिभावकको सहयोग लिने गरेको | | | |
| ५. | निरन्तर रूपमा सुधारात्मक परीक्षा लिई बालबालिकाको पढाइमा सुधार ल्याउने गरेको | | | |
| ६. | कक्षा कोठा व्यवस्थापनमा सुझाव तथा सहयोग पुऱ्याएको | | | |
| ७. | विद्यालयमा पढाइ हुने दिन (१९२) दिन नै उपस्थित भएको | | | |
| ८. | सेवाकालीन शिक्षक तालिमबाट प्राप्त ज्ञान, सीप, अध्यापनमा लागु गर्ने गरेको | | | |
| ९. | आफूले पढाउने प्रत्येक विषयको वार्षिक पाठयोजना बनाई, सोअनुसार कार्यान्वयन गर्ने गरेको | | | |
| १०. | पाठ्यक्रममा तोकिएको विषयगत सिकाइ उपलब्धि पूरा गराउन पाठ्यपुस्तकको अलावा अन्य सान्दर्भिक विषयवस्तुको पनि सहायता लिने गरेको | | | |
| ११. | आफू अनुपस्थित भएको बेलामा बालबालिकालाई व्यस्त गराउन कक्षा समयतालिका वा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने व्यवस्था गरेको | | | |
| १२. | बालबालिकालाई नियमित गृहकार्य दिने र चेक गर्ने गरेको | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| १३. | आफू अस्पष्ट भएका विषयवस्तुहरू साथी–साथी बीच छलफल गर्ने गरेको | | | |
| **ग) व्यवस्थापन समितिको संलग्नता** | | | | |
| १. | कम्तीमा प्रत्येक २ महिनामा बैठक बस्ने निर्णयको कार्यान्वयन गर्ने गरेको | | | |
| २. | बैठकमा बालबालिकाको पढाइ, भर्ना, नियमितता सम्बन्धमा छलफल गर्ने गरेको | | | |
| ३. | आफ्नो वार्षिक कार्यक्रम तयार गरी सोलाई कार्यान्वयन गर्ने गरेको | | | |
| ४. | विद्यालयको सेवा क्षेत्र भित्रका स्कूल जाने उमेरका केटाकेटीको विवरण तयार गरी भर्ना गर्न सक्रियता देखाएको | | | |
| ५. | माथिको निकायबाट आएका कार्यक्रमको कार्यान्वयन गर्ने गरेको | | | |
| ६. | बेला बखतमा विद्यालयमा उपस्थित भई शिक्षकको कक्षा अवलोकन गर्ने र पढाइमा सुधार ल्याउन आवश्यक सल्लाह, सुझाव, दिने गरेको | | | |
| ७. | प्रत्येक वर्ष शिक्षक, अभिभावक तथा विद्यार्थीको मूल्याङ्कन गरी पुरस्कार , प्रशंसा–पत्र दिने व्यवस्था गरेको | | | |
| ८. | दलित, पिछाडिएका तथा बालश्रमिकमा लागेका केटाकेटीलाई विद्यालयमा नियमितता गराउन विद्यालयको स्रोत खोजी छात्रवृत्ति दिने व्यवस्था गरेको | | | |
| ९. | समय-समयमा अभिभावक भेला गराई विद्यालयको आवश्यकता, प्रगति, आयव्ययबारे जानकारी दिने र उनीहरूको संलग्नता गराउन सक्रियता देखाएको | | | |
| १०. | विद्यालयलाई आत्मनिर्भर बनाउन स्थायी आयमूलक कार्यक्रम सुरु गरेको | | | |
| ११. | व्यवस्थापन समिति, अभिभावक तथा शिक्षकबीचको सम्बन्ध बढाउन सहयोग पुऱ्याएको | | | |
| १२. | शिक्षक दरबन्दी खालि हुन आएमा वा थप गर्नुपरेमा पहल गर्ने गरेको | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| १३. | शैक्षिक सामाग्री एवं अन्य आवश्यकीय सामाग्रीको व्यवस्था गरिएको | | | |
| १४. | विद्यालयको आचारसंहिता बनाई लागु गरेको | | | |
| १५. | विद्यालय सुधार योजना निर्माणमा सबैको सहभागिता गराई कार्यान्वय गर्ने गरेको | | | |
| १६. | विद्यालयको अभिलेख दुरुस्त राख्न सहयोग गर्ने गरेको | | | |
| १७. | नियमावलीमा दिएअनुसार शिक्षक अभिभावक संघको गठन गरी काममा सहयोग लिने गरेको | | | |
| १८. | विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गरेको | | | |
| १९. | शिक्षक तथा विद्यार्थीको नियमितता जाँच गरी सुधार गर्ने गरेको | | | |
| २०. | विद्यालयको वाह्यलेखा परीक्षण गर्ने व्यवस्था मिलाएको | | | |
| २१. | छात्रवृत्ति वितरणको लागि आधार बनाई वितरण पछि सोको पारदर्शिता गर्ने गरेको | | | |
| **घ) शिक्षक–अभिभावक संघ तथा अभिभावकको संलग्नता** | | | | |
| १. | अभिभावकहरूमध्येबाट सबै कक्षाको प्रतिनिधित्व हुनेगरी शिक्षक अभिभावक संघ गठन गरेको | | | |
| २. | समय–समयमा विद्यालयमा उपस्थित भई आफ्ना केटाकेटीहरूको पढाइ सम्बन्धमा कुराकानी गर्ने र शिक्षकले दिएको सल्लाह सुझावलाई पालना गर्ने गरेको | | | |
| ३. | शिक्षक अभिभावक संघको नियमित बैठक बसी केटाकेटीको पठन–पाठनमा सुधार ल्याउन सक्रियता देखाएको | | | |
| ४. | शिक्षक–अभिभावक संघमा भएका निर्णयलाई कार्यान्वयन गर्न अन्य आफ्ना छरछिमेकका अभिभावकलाई संलग्नता गराएको | | | |
| ५. | विद्यालयमा स्थायी आयमूलक कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याएको | | | |
| ६. | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| | विद्यालयमा बोलाएको समयमा उपस्थिति भै आवश्यक सहयोग पुऱ्याएको | | | |
| ७. | आफ्ना केटाकेटीलाई नियमित समय मिलाई दिउँसो पढाएको कुरा घरमा पढ्ने, लेख्ने मौका दिएको | | | |
| ८. | सफा–सुग्घर गरी नियमित ठीक समयमा कापी, कलम, किताब तथा अन्य सामग्री लिएर आफ्ना र छरछिमेकका केटाकेटीलाई विद्यालय पठाउने व्यवस्था मिलाएको | | | |
| ९. | आफ्ना र आफ्नो टोल छिमेकका केटाकेटीलाई विद्यालय भर्ना गर्न, भर्ना भएकालाई बीचैमा छोड्नबाट रोक्न र बालश्रमिक भएकालाई पुन विद्यालय फर्काउन सहयोग पुऱ्याएको | | | |
| १०. | सामाजिक परीक्षण गरी सोको पारदर्शीता गर्ने गरेको र परीक्षणले औंल्याएका बुँदाहरू लागु गर्न विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहित गरेको | | | |
| ११. | विद्यार्थी भर्ना वृद्धि र नियमिता बढाउन सहयोग गरेको | | | |
| १२. | विद्यार्थी उत्तीर्ण प्रतिशत, प्राप्ताङ्क प्रतिशत बढाउन सहयोग पुऱ्याएको | | | |
| १३. | पठनपाठन सुधार गर्न आमा समूह, युवा समूह तथा अभिभावक शिक्षक बीच अन्तरक्रिया गर्ने गरेको | | | |
| **ङ.) विद्यार्थीको संलग्नता** | | | | |
| १. | सफा सुग्घर गरी ड्रेस लगाएर ठीक समयमा उपस्थित हुने गरेको | | | |
| २. | कक्षाभित्र पस्दा र बाहिर निस्कदा अनुशासित रूपमा लाइनमा हिंड्ने गरेको | | | |
| ३. | कक्षा कोठा सरसफाइ तथा सजावटमा समय तालिका बनाई जिम्मेवारी लिई पूरा गरेको | | | |
| ४. | विद्यालयमा आउँदा आफूलाई चाहिने कापी, कलम, किताब साथै अन्य सामग्री लिएर आउने गरेको | | | |
| ५. | विद्यालयमा पढाइ भएको दिनमा सधैँ उपस्थित हुने गरेको | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| ६. | विद्यालयमा उपस्थित भइसकेपछि पूरा समय बसी पढ्ने गरेको | | | |
| ७. | गृहकार्य नियमित रूपमा गरेर ल्याउने गरेको | | | |
| ८. | पाठ्य पुस्तकबाहेक फुर्सदको समयमा ज्ञान सीप वृद्धि गर्न अन्य सहायक पुस्तकहरू जस्तै कथा, कविता, लेख, पत्रपत्रिका पढ्ने गरेको | | | |
| ९. | विद्यालयमा नियमित सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा जस्तै : खेलकुद, नाचगान, वक्तृत्वकला आदिमा भाग लिने गरेको | | | |
| १०. | कक्षा कोठा, शौचालय, फूलबारी सरसफाइको लागि कामको बाँडफाँड गरी लागु गरेको | | | |
| ११. | विद्यालयले बनाएको आचारसंहिता पालना गर्न कक्षागत अनुगमन समिति बनाई लागु गर्ने गरेको | | | |
| **गाउँ शिक्षा समितिको संलग्नता** | | | | |
| १. | गाउँ विकास समिति भरिमा विद्यालय जाने गरेका उमेरका बालबालिकाको जाति लिङ्गको आधारमा तथ्याङ्क सङ्कलन गरेको | | | |
| २. | बालबालिकालाई विद्यालय भर्ना गर्ने उपायको खोजी गरी पहल गरेको | | | |
| ३. | सबै गाउँ विकास समिति भरिका बालबालिकाको नियमितता तथा निरन्तरतामा ध्यान दिई आधारभूत शिक्षा पूरा गर्न मद्दत गरेको | | | |
| ४. | गाउँ विकास समिति भरिका विद्यालयको शैक्षिक अभिलेख दुरुस्त राख्ने र त्यसको प्रयोग गर्ने गरेको | | | |
| ५. | गाउँ विकास समिति भरिका विद्यालयलाई स्रोत साधनको उचित बाँडफाँड गर्ने गरेको | | | |
| ६. | गरिबीका रेखामुनि रहेका विभिन्न जाति, धर्म समूहको रेकर्ड राखी त्यस्ता बालबालिकालाई ल्याउन प्रयास  गरेको | | | |
| ७. | विद्यालयको नियमित अनुगमन गरी सुझाव दिने गरेको | | | |
| ८. | शिक्षाको गुणस्तर वृद्धि गर्ने तालिम, गोष्ठी सचेतना शैक्षिक भ्रमण जस्ता कार्यक्रम सञ्चालन गर्ने गरेको | | | |

| संलग्नता | | पूरा | आंशिक | नभएको |
|---|---|---|---|---|
| ९. | प्रत्येक विद्यालयको आवश्यकताअनुसार गाउँ शिक्षा योजना निर्माण गरी गाउँ परिषद्बाट स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्ने गरेको | | | |
| १०. | शिक्षकहरूको कार्यदक्षताको मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्ने गरेको | | | |
| ११. | विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने गरेको | | | |

**निष्कर्षः–**

उक्त माथिका कार्यको मूल्याङ्कन आफ्नो विद्यालयमा गर्नु पर्छ वा पर्दैन? पर्छ भने वर्षको कति पटक ?

- मूल्याङ्कन पश्चात निर्देशनअनुसार छलफल गरी आफ्नो जिम्मेवारी पूरा गर्न योजना निर्माण र कार्यान्वयन गर्दै जाने ।

## बालमैत्री विद्यालयका सूचकहरू

नेपालमा शिक्षा क्षेत्रमा उल्लेख्य रूपमा लगानी भएको छ, विद्यालयमा विद्यालय उमेरका विद्यार्थीहरूको भर्ना संख्यामा पनि उल्लेखनीय वृद्धि भएको छ, तर पनि यसको अनुपातमा उपलब्धि भएको पाइँदैन । विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई अझै पनि विद्यालय भित्र ल्याउन न सक्नु, भर्ना भएका बालबालिकालाई विद्यालयमा पूरै समय टिकाइ राख्न नसक्नु, विद्यार्थीहरूको शैक्षिक उपलब्धि सन्तोषजनक नहुनु इत्यादि कुराहरूले विद्यालयमा विद्यार्थी अनुकूलको सिकाइ वातावरण नभएको कुरालाई दृष्टिगत गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९–२०१६) अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षामा सुधार गर्न विभिन्न उपायहरू अवलम्बन गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले गुणस्तरीय शिक्षामा न्यायोचित पहुँचको सुनिश्चितताका लागि बालमैत्री वातावरणको विकासले अधिकारमुखी अवधारणा अवलम्बन गरेको छ । यसैको सहयोगार्थ नेपाल सरकार र युनिसेफको राष्ट्रिय कार्यक्रम (२०१३–२०१७) ले देशभरी बालमैत्री विद्यालय अभियानलाई “सुधार र बिस्तार” गर्ने लक्ष्य लिएर विभिन्न कार्यक्रम अघि बढाएको छ । विद्यालयलाई बालमैत्रीपूर्ण बनाएमा शिक्षाको गुणस्तर बढने, शिक्षामा गरेको लगानीको उच्चतम उपयोग हुनुका साथै विद्यार्थीहरूको क्षमता र प्रतिभाको पूर्ण विकास हुनेछ, विद्यार्थीहरू कक्षामा अनुपस्थित हुने तथा विद्यालय छाड्ने दर पनि क्रमशः न्यून हुनेछ र

यसले अभिभावकमा आफ्ना बालबालिकालाई विद्यालय छुटाइ श्रममा लगाउने प्रवृत्तिमा पनि सुधार आउने छ भन्ने आम धारणा छ ।

शिक्षामा सबै बालबालिकाको पहुँच बढाउन र शिक्षालाई गुणस्तरीय बनाउन अपनाइएका विभिन्न प्रयासहरू मध्येको महत्वपूर्ण प्रयासको रूपमा हेरिएको बालमैत्री विद्यालयको अवधारणाले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्ड तोक्नुका साथै विद्यालय विकासमा प्रत्येक सरोकारवालाको भूमिका समेत तोकेको छ ।

**बालमैत्री विद्यालयका पक्ष**

विद्यालयलाई बालमैत्री बनाउने तोकिएका नौवटा पक्षहरू र त्यसका अन्य विवरण निम्नलिखित छन्:

| पक्ष | क्षेत्र | सूचक | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
|---|---|---|---|---|
| प्रभावकारिता | ६ | १५ | १५ | १५ |
| समावेशीकरण | ५ | ९ | ९ | ९ |
| शिक्षामा लैङ्गिक पक्ष | ३ | ११ | ११ | ११ |
| बालबालिका, परिवार र समुदायको सहभागिता | १ | ३ | १४ | १४ |
| स्वास्थ्य, सुरक्षा र बचावट | ३ | ३ | १३ | १६ |
| विद्यालयको भौतिक अवस्था | १ | २० | ४५ | ४७ |
| शिक्षण सिकाइ प्रक्रिया | ७ | १३ | १५ | १४ |
| मातृभाषामा शिक्षण सिकाइ | ५ | ७ | ७ | ७ |
| विद्यालय व्यवस्थापन | ४ | १३ | २० | १८ |

**१) प्रभावकारिता:**

विद्यालयमा सञ्चालित क्रियाकलापले बालबालिकामा कस्तो प्रभाव पारेको छ, ती क्रियाकलापले बालबालिकाको हित, रुचि, क्षमता र आवश्यकतालाई समेटेको छ, छैन, तिनले बालबालिकाको सिकाइमा तत्कालीन तथा दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्न सकेको छ, छैन भन्ने कुरालाई बुझ्नुपर्छ ।

प्रभावकारिता जनाउन न्यूनतम तथा अपेक्षित गरी ६ वटा क्षेत्रमा न्यूनतम र अपेक्षित मापदण्डहरू तोकिएका छन्, ती हुन्:

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| औसत प्रतिशत सम्बन्धमा | कक्षागत औसत | ५०% | १००% |
| | विषयगत औसत | ५०% | १००% |
| | विद्यालय छाड्ने दर | १०% | ०% |
| | तह पार गर्ने दर | ९०% | १००% |
| | कक्षा दोहोऱ्याउने दर | ५% | ०% |
| | कुल विद्यार्थीमा कम र बढी उमेर समूहका विद्यार्थीको दर | १०% | ०% |
| शिक्षण विधि सम्बन्धमा | प्रवर्धनात्मक शिक्षण विधिको प्रयोग | बहु विधिको प्रयोग भएको | शिक्षकहरूले शिक्षण विधिसम्बन्धी तालिम प्राप्त गरेको, सहभागितात्मक विधि प्रयोग गरेको र प्रयुक्त विधिको अनुगमन गरेको |
| समयको सदुपयोग सम्बन्धमा | शिक्षक उपस्थिति | विद्यालय खुलेको दिन मध्ये ९२% | १००% |
| | कक्षा कोठामा शिक्षक | तोकिएको कुल समयको १००% प्रतिशत | कुल समयको १००% आवश्यतानुसार अतिरिक्त समयको उपयोग |
| | विद्यार्थी उपस्थिति | कुल २१० दिन प्रति वर्ष | कुल २२० दिनप्रति वर्ष |
| शिक्षक दायित्व, | शिक्षक उत्तरदायित्व | विद्यार्थीको सिकाइ | विद्यार्थीको व्यक्तिगत उपलब्धिको आधारमा |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| सहयोग सम्बन्धमा | | उपलब्धि प्रति शिक्षकहरू उत्तरदायी भएको | अभिभावकहरूसँग सहकार्य गरी योजना बनाएको, र कार्यान्वयन समेत गरेको |
| | शिक्षकका लागि पेशागत सहयोग | हरेक शिक्षकले वार्षिक रूपमा कम्तीमा १ पटक मागमा आधारित तालिम प्राप्त गरेको | हरेक शिक्षकले तालिमबाट प्राप्त गरेको ज्ञान सीपलाई कक्षा कोठामा प्रयोग गरे नगरेको समीक्षा गरेको , सो समीक्षा सरोकारवालाहरूमा जानकारी दिने गरेको र सुधारका लागि पृष्ठपोषण समेत आदान प्रदान हुने गरेको |
| विद्यालय निरीक्षण सम्बन्धमा | विद्यालय निरीक्षण | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तिमा २ पटक कक्षा अवलोकन, पुनरावलोकन गरेको | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तिमा २ पटक कक्षा निरीक्षण भएको, २ पटक समकक्षीबाट कक्षा अवलोकन भई पृष्ठपोषण आदान प्रदान भएको |
| मूल्याङ्कन सम्बन्धमा | शिक्षक मूल्याङ्कन | हरेक वर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्कन गरिएको र | हरेक वर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्कन गरिएको र सोको आधारमा पुरस्कार तथा पृष्ठपोषणको व्यवस्था भएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | सोको विवरण प्रकाशन गरिएको | |
| | निरन्तर विद्यार्थी मूल्याङ्कन | आधारभूत तहका क्रमशः कक्षा ७ सम्म कार्यान्वयन भएको | आधारभूत तहको कक्षा ७ सम्मका विद्यार्थीहरूको व्यक्तिगत अभिलेख सहितको व्यवस्था भई औपचारिक परीक्षा प्रणालीको अन्त्य भएको |

## २) समावेशीकरण

नेपालमा हालसम्म विद्यालय तहको शैक्षिक व्यवस्थापनले विद्यालय जाने उमेरका सबै बालबालिकाको शिक्षा पाउने आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गर्न सकेको छैन । समावेशीकरणले सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा शिक्षा लिनदिन पाउनु पर्ने अधिकारलाई सुनिश्चित गर्दछ ।

औपचारिक शिक्षा पद्धतिमा समावेशीकरणले विभिन्न अवसरबाट बञ्चित बालबालिकाको शैक्षिक आवश्यकतालाई सम्बोधन गर्नुपर्छ भन्ने बुझाउँदछ । राष्ट्रिय तथा स्थानीय तहमा कुनै पनि परिस्थितिको कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका बालबालिकालाई अवसर प्रदान गर्न प्रयत्न गर्दछ । नेपालमा विद्यालय तहको शिक्षामा समावेशीकरणको पक्षबाट सम्बोधन गर्नुपर्ने वर्गमा बालिका, द्वन्द्वपीडित बालबालिका, दलित/जनजातिका समूहका बालबालिका, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका, यौनशोषण तथा बेचबिखनमा परेका बालबालिका, मजदुरी गर्ने बालबालिका, गरिबीबाट समस्याग्रस्त बालबालिका, सुधारगृहमा रहेका बालबालिका, असक्षम/अनाथ र रोगग्रस्त बालबालिका पर्दछन् ।

बालमैत्री विद्यालयमा समावेशीकरणको अवधारणालाई सुनिश्चित गर्न ५ वटा न्यूनतम र अपेक्षित मापदण्डहरू तोकिएका छन्, ती हुन्:

## तालिका २:  समावेशीकरणसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| पहुँच सम्बन्धमा | बालबालिकाको घर र विद्यालयको दुरी | आधा घण्टाको हिड्ने बाटो वा २ कि.मि. | १५ मिनेटका हिड्ने बाटो वा १ कि.मि. |
| | अपाङ्गताका आधारमा | सबै अपाङ्गता भएकालाई विद्यालयको पहुँचका लागि सहयोगको व्यवस्था | सबै अपाङ्गता भएकालाई विद्यालयको पहुँच |
| | जात जातिगत आधारमा | १००% | १००% |
| | धर्म, संस्कृतिको आधारमा | १००% | १००% |
| | आर्थिक रूपमा कमजोर तथा अन्य कमजोर वर्गको विद्यालयमा भर्ना | १००% | १००% |
| शिक्षक तालिम सम्बन्धमा | समावेशीकरणसँग सम्बन्धित शिक्षक तालिम | सबै शिक्षकहरूले समावेशीकरण सम्बन्धी तालिम प्राप्त गरेको | सबै शिक्षकहरूको समावेशीकरण सम्बन्धी तालिमको पुनर्ताजगीकरण र निरन्तर अनुगमन गरेको । |
| सहभागिता सम्बन्धमा | विद्यालय गतिविधिमा सबै सरोकारवालाहरूको सहभागिता | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गको विद्यालय योजना निर्माणदेखि अन्य गतिविधिमा सहभागिता भएको | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गको दीर्घकालीन तथा अल्पकालीन विद्यालय योजना निर्माणदेखि विद्यालय अनुगमन, |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | | मूल्याङ्कन तथा व्यवस्थापकीय गतिविधिमा सहभागिता भएको |
| शिक्षण सिकाइ सम्बन्धमा | वातावरण | सबै बालबालिकाका लागि भेदभावरहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाको व्यक्तिगत कठिनाइलाई मध्यनजर गर्दै शिक्षण सिकाइ गरेको | सबै बालबालिकाका लागि भेदभावरहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गतिअनुसारको सिकाइ वातावरण र बालबालिकाको व्यक्तिगत कठिनाइ पत्ता लगाई व्यक्तिगत विभिन्नताका आधारमा उपचारात्मक उपाय सहितको शिक्षण सिकाइको सुनिश्चितता भएको |
| अतिरिक्त क्रियाकलाप सम्बन्धमा | अतिरिक्त क्रियाकलापमा समावेशीकरणको अवस्था | विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको | विद्यालयद्वारा आयोजित अतिरिक्त क्रियाकलापमा समावेशीकरण भए नभएको अनुगमन तथा मूल्याङ्कन गरेको |

## ३) शिक्षामा लैङ्गिक पक्ष

शिक्षामा लैङ्गिक पक्ष भन्नाले शिक्षाको अवसरबाट बञ्चित बालिकाहरूको शिक्षामा पहुँच बढाउनु हो । छात्राहरूलाई पनि विद्यालयमा ल्याएर शिक्षामा लैङ्गिक समानता ल्याउन सरकारी तर्फबाट छात्रवृत्ति, विद्यालय पोशाक, निःशुल्क पाठ्यपुस्तक इत्यादि सुविधाहरू प्रदान गर्दै आएको छ । विद्यालयमा महिला शिक्षक नियुक्तिको व्यवस्था गरेको छ । त्यसै गरी गैरसरकारी तहमा पनि प्रशस्त प्रयासहरू भइरहेका छन् । यस्ता प्रयासहरूले छात्राहरूको भर्ना प्रतिशत बढाएको छ, विद्यालयमा भर्ना भएकाहरूलाई केही हदसम्म भएपनि टिकाइराखेको छ र विद्यालय छाडेकालाई वैकल्पिक शिक्षाको व्यवस्था गरेको छ । यति हुँदाहुँदै पनि विद्यालयमा छात्राको पहुँच अझै तुलनात्मक रूपमा कम छ । गरिबी, बालविवाह, चेतनाको कमी, घर भित्र र बाहिर काम गर्नुपर्ने बाध्यता आदि जस्ता कारणहरूले बालिकाहरू विद्यालयमा अपेक्षित रूपमा सहभागी हुन सकेका छैनन् । र जो विद्यालय भित्र आउन सकेका छन् उनीहरूलाई पूरा समय टिकाउन सकिएको छैन ।

त्यसैले विद्यालयमा छात्राहरूको संख्या बढाएर विद्यालयमा लैङ्गिक पक्षलाई सबल बनाउनका लागि विद्यालय भित्रका गतिविधिहरूलाई मात्र होइन विद्यालय व्यवस्थापनमा महिला सहभागिता बढाउनुका साथै अभिभावक तथा समुदायमा बालिका शिक्षा प्रति सचेतनामूलक कार्यक्रमहरू पनि उत्तिकै महत्वपूर्ण रूपमा सञ्चालन गर्नुपर्दछ । सरकारले लिएको नीतिको पूर्ण कार्यान्वयन हुनु पर्दछ । यिनै तथ्यहरूलाई दृष्टिगत गरी बालमैत्री विद्यालयमा निम्न ३ वटा लैङ्गिक पक्षसम्बन्धी न्यूनतम तथा अपेक्षित मापदण्डहरू निर्धारित गरिएका छन् ।

### तालिका ३: शिक्षामा लैङ्गिक पक्षसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| छात्रवृत्ति सम्बन्धमा | ५०% छात्रवृत्ति | सबै छात्राहरूले ५०% छात्रा छात्रवृत्ति पाएको | ५०% छात्रा छात्रवृत्ति १००% पुगेको |
| | दलित छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | गरेअनुसार वितरण भएको | भएको |
| | जनजाति छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | शहीदका छोराछोरीका लागि छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | अपाङ्ग छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| | कर्णाली छात्रवृत्ति | वर्तमान नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको | तात्कालिन नियम कानुनले व्यवस्था गरेअनुसार वितरण भएको |
| लैङ्गिक सहभागिता सम्बन्धमा | छात्र र छात्राको सहभागिता बढाउन | छात्रको तुलनामा ९७५ छात्रा भएको | छात्र र छात्राको समान सहभागिता भएको |
| | महिला शिक्षक व्यवस्थापन गर्न गराउन | महिला शिक्षक नियुक्तिसम्बन्धी नीतिको पूर्ण कार्यान्वयन भएको | विद्यालयहरूमा कम्तिमा ५०% महिला शिक्षक भएको |
| | विद्यालय | व्यवस्थापन | विद्यालयसम्बद्ध सबै |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | व्यवस्थापनमा महिलाको सहभागिता बढाउन | समितिमा कम्तिमा १ जना महिला सदस्य भएको | समितिहरूमा ५०% महिलाहरू सहभागी भएको |
| लैङ्गिक चेतनामूलक कार्यक्रम | विद्यालयमा सरोकारवालाहरूको रुचि बढाउन | वर्षको १ पटक गरेको | स्थानीय परिवेश र आवश्यकतानुसार वर्षको २ वा सोभन्दा बढी र सो कार्यक्रमको प्रभावकारितासम्बन्धी लेखाजोखा गरेको । |
| | लैङ्गिक पक्षमा विशेष जोड दिन | सबै खालका शैक्षिक गतिविधिमा लैङ्गिक पक्षलाई विशेष जोड दिएको | शैक्षिक गतिविधिका हरेक क्रियाकलापमा लैङ्गिक पक्ष अभिन्न अङ्गको रूपमा स्थापित भएको |

## ४) बालबालिका, परिवार र समुदायको सहभागिता

विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय सञ्चालनको प्रमुख जिम्मेवारी विद्यालयको व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमाथि तोकेको छ । तर विद्यालय सञ्चालनका लागि शिक्षक, विद्यार्थीका परिवार तथा समुदायको जिम्मेवारी पनि उत्तिकै छ । खासगरी विद्यालयको नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम तथा क्रियाकलाप सञ्चालनमा बालबालिका, परिवार र समुदायको सक्रिय एवं निरन्तर सहभागिता आवश्यक हुन्छ । बालबालिकालाई विद्यालयसम्म ल्याउन र उनीहरूलाई विद्यालयमा टिकाइ राख्न परिवारको सहयोग नभई हुँदैन । त्यसले बालमैत्री विद्यालयका लागि बालबालिका, परिवार र समुदायको सहभागिता पनि उल्लेखनीय मापदण्ड मानिएको छ र त्यसका लागि ३ वटा सूचकहरू तथा न्यूनतम र अपेक्षित मापदण्ड निर्धारित गरेको छ । ती हुन् :

## तालिका ४: समुदायको सहभागितासम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| सहभागिता सम्बन्धमा | बालबालिकाको सहभागिता | बालक्लबको गठन भएको | बालक्लब गठन भएको र सो क्लबले सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गरेको |
| | | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाको सहभागिता भएको | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाद्वारा प्रेषित सुझावहरूको पूर्ण कार्यान्वयन भएको |
| | | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाको सहभागिता भएको | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरूको सहभागिता भएको र नियमको कार्यान्वयनमा लेखाजोखा भएको |
| | | विद्यालय व्यवस्थापनद्वारा बालक्लब गठन र क्षमता वृद्धि गर्ने कार्यक्रम स्पष्ट भएको | विद्यालय व्यवस्थापनद्वारा बालक्लबका सदस्यहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम गराएको |
| | | बालक्लबको नियमित बैठक र कार्ययोजना निर्माण भएको | सबैजसो निर्णयहरूमा बालबालिकाको सहभागिता भएको र उनीहरूको सुझावलाई प्राथमिकता दिएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | परिवारको सहभागिता | अभिभावक शिक्षक संघको गठन भएको | अभिभावक शिक्षक संघद्वारा विद्यालयको गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरू गरेको |
| | | विद्यालय सुधार योजना निर्माणमा अभिभावकको सहभागिता भएको | विद्यालय सुधार योजनामा समावेश भएका अभिभावकहरूको सुझावको कार्यान्वयन भएको |
| | | अभिभावक भेला वर्षको १ पटक बस्ने गरेको | अभिभावक भेला वर्षको २ वा सो भन्दा बढी बस्ने गरेको |
| | | अभिभावक शिक्षक संघको ३ महिनामा १ पटक बैठक बस्ने गरेको | अभिभावक शिक्षक संघको २ महिनामा १ पटक बैठक बस्ने गरेको |
| | | केही अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको | सक्रिय र जिम्मेवार अभिभावकलाई पुरस्कृत गर्ने गरेको र हरेक अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको |
| | समुदायको सहभागिता | वर्षको १ पटक सामुदायिक भेला गरेको | आवश्यकताअनुसार वर्षमा २ पटक भन्दा बढी सामुदायिक भेला गरेको र भेलाका निर्णयहरू कार्यान्वयन गरेको । |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | समुदायको सहयोगमा विद्यालयमा भौतिक सुधारको काम भएको | समुदायको सहयोगमा विद्यालयमा भौतिक सुधार, स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रमहरू नियमित सञ्चालनमा रहेको |
| | | विद्यालय व्यवस्थापन समितिको बैठक २ महिनामा बस्ने गरेको | विद्यालय व्यवस्थापन समितिको बैठक १ महिनामा बस्ने गरेको |
| | | विद्यालयमा ६-६ महिनामा सामुदायिक भेला गर्ने गरिएको | विद्यालयको नीति निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायका सदस्यहरू पूर्ण सक्रिय भएको |

## ५) स्वास्थ्य, सुरक्षा र बचावट

बालबालिकाको चौतर्फी विकासका लागि उनीहरू शारीरिक एवं मानसिक रूपमा स्वस्थ हुनु अति आवश्यक छ । बालबालिकाको स्वास्थ्यले उनीहरूको सिकाइ एवं विद्यालयमा हुने अन्य क्रियाकलापहरूमा प्रभावकारी भूमिका खेलेको हुन्छ बालबालिका रोगबाट सुरक्षित रहन पाउनु र उपचार गर्न पाउनु उनीहरूको अधिकार हो । बालबालिकालाई उक्त अधिकार सुनिश्चित गराउने जिम्मेवारी राज्य तथा अभिभावकका साथै विद्यालयको पनि हो । विद्यालयले शुद्ध खानेपानी तथा सफा शौचालय र ढलको राम्रो व्यवस्था गरी, विद्यालयको वातावरण र कक्षा कोठाहरू स्वस्थकर र सुरक्षित राखेर बालबालिकाका यी अधिकार सुनिश्चित गर्न सक्छ, । विद्यालयमा भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको हुनु पर्दछ । आवश्यक पोषणका लागि दिवा खाजा र व्यक्तिगत सरसफाइको बन्दोबस्त मिलाएको हुनु पर्छ । बालमैत्री विद्यालयमा बालबालिकाको स्वास्थ्य, सूरक्षा र बचावट सम्बन्धमा निम्न ३ वटा क्षेत्रमा तल लेखिएका ३ वटा सूचकहरू तथा न्यूनतम तथा अपेक्षित मापदण्ड तोकिएका

छन् ती सूचक,  न्यूनतम तथा अपेक्षित मापदण्ड तल दिइएको तालिकामा दिइएका छन्:

**तालिका ५: स्वास्थ्य, सूरक्षा र बचावटसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू**

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| स्वास्थ्य सम्बन्धमा | स्वास्थ्य परीक्षण | वर्षको १ पटक विद्यालयमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बालबालिकाको स्वास्थ्य परीक्षण गरेको | वर्षको २ पटक विद्यालयका सबै बालबालिकाको स्वास्थ्य परीक्षण गरेको र हरेक बालबालिकाको व्यक्तिगत स्वास्थ्य विवरण दुरुस्त राखेको |
| | | प्राथमिक उपचार बाकस उपलब्ध भएको र सो बाकसभित्र प्राथमिक उपचार, जुकाको औषधी, र सुईको व्यवस्था भएको | प्राथमिक उपचार बाकस उपलब्ध भएको, प्राथमिक उपचार कसरी गरिन्छ भन्ने विषयमा सबै शिक्षक/शिक्षिका एवं ठूला बालबालिकालाई तालिम दिएको, वर्षको एक पटक आँखा, मुख र कानको परीक्षण गर्ने गरेको र सिकाइमा विशेष समस्या भएका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक अवस्थाको परीक्षण गर्ने गरेको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | | नियमित जुकाको औषधी वितरण भएको |
| | | | विद्यालयमा प्रत्येक वर्ष खोप कार्यक्रम सञ्चालन गरेको र बालबालिकाले खोप लिएको/नलिएको रेकर्ड राखेको र स्वास्थ्यसँग सम्बन्धित फोहोरहरू फाल्न बाकसको व्यवस्था भएको |
| | | धुमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि आचारसंहिता निर्माण भएको | धुमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि तयार गरिएको आचारसंहिताको पालना भए नभएको मूल्याङ्कन भएको । |
| | | विद्यालय सरसफाइ गर्न कोही न कोही जिम्मेवार भएको | विद्यालयमा दिनदिनै सफा गर्ने काममा बालबालिका लगायत सबैलाई नियमित रूपमा संलग्न गराएको |
| | | बालबालिका सफासुग्घर भएर आएको/नआएको हेर्ने गरेको | बालबालिकाको व्यक्तिगत सरसफाइको नियमित जाँच गरी व्यक्तिगत सरसफाइ अवलम्बन गर्न सिकाएको र |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | | आवश्यकतानुसार अभिभावकलाई पनि सम्पर्क गरेको |
| | | विद्यालय हातामा पानी नजम्ने बन्दोबस्त मिलाएको | विद्यालय हातामा पानी नजम्ने ढलको व्यवस्थाका साथै शौचालयको फोहोर र धाराको पानीको निकासको उचित प्रबन्ध भएको |
| | | बालबालिकाले पोषिलो खाजा ल्याए नल्याएको जाँच गर्ने गरेको | विद्यालय स्वयंले पोषिलो खाजाको व्यवस्था गरेको र बालबालिकाको पोषणको स्तर प्रत्येक ३/३ महिनामा जाँच्ने गरेको |
| | | फोहोर बटुल्ने निश्चित ठाउँ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको | फोहोर बटुल्ने निश्चित ठाउँ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको |
| सुरक्षा सम्बन्धमा | सुरक्षा अनुभूति | विद्यालयमा भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको | विद्यालयमा शारीरिक दण्ड/सजाय दिन नपाइने र बालबालिकाको पृष्ठभूमि र क्षमताको आधारमा कसैलाई मानसिक कष्ट, दुर्व्यवहार, घृणा गर्न नपाइने नीति नियम |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | | बनाइ लागु गरेको र सोको अनुगमन तथा मूल्याङ्कन गरेको |
| | | | विद्यालय भित्र र समुदायमा समेत बालबालिकामाथि हुने शारीरिक सजाय, हेपाइ, यौन शोषण एवं दुर्व्यवहारको अन्त्यका लागि विद्यालयमा स्पष्ट योजना तथा कार्यक्रमहरू भएको |
| बचावट सम्बन्धमा | बचावटको अनुभूति | विद्यालय हाताभित्र खाल्डाखुल्डी नरहेको र विद्यालय हातालाई केही न केहीले घेराबार गरेको | खाल्डाखुल्डी पुर्नुका साथै विद्यालय हातामा पर्खाल वा बार लगाइएको र आवश्यक मर्मत सम्भार गर्ने गरेको |
| | | हावा, पानीबाट बच्न विद्यालयका कक्षाकोठामा ढोका र झ्यालको व्यवस्था भएको | कक्षाकोठाको झ्यालमा ग्रील हुनुका साथै बरण्डा एवं भऱ्याङमा रेलिङको व्यवस्था भएको |
| | | भूकम्प आउँदा कसरी बच्न सकिन्छ भन्ने कुराको जानकारी बालबालिकालाई दिएको | भूकम्प आएको खण्डमा के गर्ने भन्नेबारे बालबालिका र शिक्षकहरूलाई समय-समयमा अभ्यास समेत गराउने गरेको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | सामुदायिक नक्साङ्कनबारे बालबालिकालाई जानकारी दिइएको | विद्यालयले समुदायमा रहेका सेवा प्रदायक संस्थाहरू जस्तै, प्रहरी, स्वास्थ्यचौकी, अग्नि नियन्त्रक आदिको सामुदायिक नक्साङ्कन गरेको |

## ६) विद्यालयको भौतिक अवस्था

भौतिक अवस्था बालमैत्री विद्यालयका लागि सबैभन्दा महत्वपूर्ण पक्ष हो । यो सिकाइ वातावरणको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सबैभन्दा महत्वपूर्ण पक्ष हो । विद्यालयको भौतिक पूर्वाधार भन्नाले विद्यालय भवन, कक्षाकोठा, विद्यालय हाता, फर्निचर, शौचालय, खानेपानी, शैक्षिक सामग्री, कालो र सेतोपाटी, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, श्रव्यदृश्य सामग्री, दराज, विद्युतीय उपकरण, कम्प्युटर, विद्यालयको जग्गाजमीन, चमेनागृह, छात्रावास, संरक्षणगृह आदि पर्दछन् । राम्रो भौतिक अवस्थाले गुणस्तरीय शिक्षा प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्दछ । साथै यो बालबालिकाको सुरक्षासँग पनि गाँसिएको हुन्छ । विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा गराउँदा बालबालिकाको आवश्यकता जस्तो बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्गमैत्री हुनुका साथै सुरक्षित, टिकाउ पनि हुनुपर्छ । विद्यालयलाई बालमैत्री बनाउन भौतिक पूर्वाधारसम्बन्धी तोकिएको निम्न २० वटा सूचक तथा न्यूनतम र अपेक्षित मापदण्डहरू छन् ।

**तालिका ६: पूर्वाधारसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू**

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| भौतिक पूर्वाधार | भवन तथा कक्षा कोठा | भूकम्प निरोधक भवन भएको | भूकम्प निरोधक रङ रोगन सहितको पक्की भवन भएको |
| | | घाम पानी छेक्ने छाना भएको | चिसो, तातो, पानी र आवाज प्रुफ सिलिङसहितको छाना भएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | प्लास्टर गरिएको वा राम्रोसँग लिपिएको भित्ता भएको | प्लास्टर र रंगरोगन गरिएको भित्ता भएको |
| | | लेख्न र पढ्न बाधा नपुग्ने खालको पर्याप्त उज्यालो भएका कोठाहरू भएको | पर्याप्त हावा खेल्ने तथा प्रकाश आउने झ्याल र सुरक्षाको लागि ग्रील वा डण्डी लगाएको |
| | | | विद्यार्थीको पहुँचमा भएको, सुरक्षित झयालढोका जुन बन्द गर्न र खोल्न मिल्ने भएको |
| | | प्रति ५० विद्यार्थीका लागि १ कक्षा कोठा भएको | प्रति ४० विद्यार्थीका लागि एक कक्षा कोठा भएको |
| | | प्रति विद्यार्थी ०.७५ वर्गमीटर क्षेत्रफल भएको | प्रति विद्यार्थी १.०० वर्गमीटर क्षेत्रफल भएको |
| | | भवन तथा कक्षा कोठा बाल तथा अपाङ्गतामैत्री भएको | भवन, कक्षाकोठा, र अन्य भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपाङ्गतामैत्री भएको |
| | | ५×८ फिटको कालोपाटी व्यवस्था भएको | ५×८ फिटको ह्वाइटबोर्डको व्यवस्था भएको |
| | | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्ने गरी कालोपाटी निर्माण भएको | कक्षा ३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्ने गरी सेतोपाटीको निर्माण भएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | खेल मैदान | सबै विद्यार्थीहरू एकै पटकमा अटाउन सक्ने र एक पटकमा एउटा खेल खेल्न सक्ने भएका | फुटबलसमेत खेल्न सकिने आकारको खेलमैदान भएका |
| | | खेल मैदान सफा सुग्घर र हरियाली भएको | खेलमैदान सफासुग्घर, हरियाली, बालमैत्री र लैङ्गिकमैत्री भएको |
| | | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटीहरू राख्न सक्ने मैदान भएको | विद्यालयको हातामा चाकाचुली, पिङ, चिप्लेटी जस्ता सामग्रीको व्यवस्था भएको । |
| | फर्निचर | कक्षा १ देखि ३ का बालबालिकालाई भुइँमा राखी शिक्षण गर्न गुन्द्री, चकटीको व्यवस्था भएको | कक्षा १ देखि ३ का बालबालिकालाई कार्पेट, चकटी आदिको व्यवस्था भएको |
| | | प्रति ४ विद्यार्थीका लागि १ सेट डेस्क बेञ्च भएको | प्रत्येक विद्यार्थीका लागि १ सेट उपयुक्त कुर्सी टेबुल भएको |
| | | विद्यार्थीको उमेरअनुसार डेस्क बेञ्चको उचाइ भएको | विविध किसिमको बसाइ व्यवस्था गर्न मिल्ने हलुका खालको डेस्क-बेञ्च |
| | | रण्दा लगाई फिनिसिङ गरिएको डेस्क-बेञ्च भएको | फिनिसिङ सहित चिप्लो पलिस समेत गरिएको डेस्क-बेञ्च भएको |
| | | शिक्षकका लागि कुर्सी टेबल भएको | शिक्षकका लागि ड्रयर समेतको एक सेट कुर्सी टेबल भएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | विद्यार्थीले प्रयोग गर्ने डेस्क १५ इन्च चौडा भएको | विद्यार्थीले प्रयोग गर्ने डेस्क १८ इञ्च चौडा भएको |
| | | बुककर्नरका लागि १ उपयुक्त साइजको र्‍याकको व्यवस्था ( कक्षाको आकार हेरी) | बुक कर्नर सहित कक्षा १ देखि ३ सम्म विषयगत सिकाइ कुनाको व्यवस्था |
| | | एक डिस्प्लेबोर्डको व्यवस्था | ४ वटासम्म डिस्प्ले बोर्डको व्यवस्था |
| | | विद्यार्थीहरूको सरसामान सहित उनीहरूको अभिलेख राख्ने एउटा दराज भएको | प्रत्येक विद्यार्थीको नाम अङ्कित भएको पिजनहोल भएको |
| | पुस्तकालय | विद्यालयको एक कोठामा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री राखिएको पुस्तकालय भएको | विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको |
| | | एकपटकमा २० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको पुस्तकालय भएको | एकपटकमा ५० जना सम्मले अध्ययन गर्न सक्ने फर्निचर सहितको हल भएको |
| | | विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने र्‍याक भएको | पुस्तकका लागि पारदर्शी र्‍याक भएको |
| | | ५०० सम्म सान्दर्भिक पुस्तक भएको | १५०० वा सो भन्दा बढी पुस्तक भएको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | प्रयोगशाला | विद्यालयको एउटा कोठामा विषयगत प्रयोग सामग्रीहरू सहितको एकपटकमा २५ जना सम्मले प्रयोगात्मक कार्य गर्न सक्ने व्यवस्था भएको | प्रयोगशालाका लागि छुट्टै भवन भएको |
| | | | विषयगत सामग्री सहितको एकपटकमा ५० जनासम्मले प्रयोगात्मक कार्य गर्नसक्ने गरी व्यवस्था भएको |
| | शौचालय | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको |
| | | प्रति ५० विद्यार्थीका लागि एक सेट शौचालय भएको | प्रति २० विद्यार्थीका लागि एक सेट शौचालय भएको |
| | | दिसापिसाब गर्न छुट्टाछुट्टै व्यवस्था भएको र पानीको व्यवस्था भएको | दिसापिसाब गर्न पानीको व्यवस्था सहितको छुट्टाछुट्टै शौचालय भएको |
| | | निरन्तर सफाइको व्यवस्था भएको | निरन्तर स्वस्थ्य हुने निश्चितता सहितको सफाइको व्यवस्था |
| | | झ्यालढोका सहितको चुकुल लगाउन र खोल्न सकिने शौचालय भएको | झ्यालढोका सहितको चुकुल सजिलो सित लाउन र खोल्न सकिने शौचालय भएको |
| | पर्खाल वा घेरबार | विद्यालयको हातालाई समेटनेगरी ६ फिट अग्लो घेराबार भएको | विद्यालयको हातालाई समेट्ने गरी मजबुत पिलर समेतको ६ फिट अग्लो तारबार वा पर्खाल भएको |
| | विद्यालय हाता | भवन, खेल मैदान, | भवन, खेल मैदान, |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | व्यवस्थापन | वृक्षारोपण, शौचालय बगैँचाका लागि जमिन छुट्याइ सोअनुसार निर्माण गरिएको | वृक्षारोपण, शौचालय बगैँचाको लागि जमिनको योजनाबद्ध लेआउट (पाकिङ्ग, करेसाबारी) र निर्माण गरी व्यवस्थित रूपमा उपयोगमा ल्याएको |
| | खानेपानी | विद्यालय हाताभित्र पिउन योग्य पानी भएको | विद्यालयको हरेक कक्षाकोठामा फिल्टर सहित पिउने पानीको भएको |
| | कार्यालय | कार्यालय प्रयोजनका लागि छुट्टै कोठाको व्यवस्था भएको | प्रधानाध्यापक, शिक्षक स्टाफ र प्रशासनिक प्रयोजनकालागि फर्निचरसहितको छुट्टाछुट्टै कोठा भएको |
| | समीक्षालय | विद्यालयको योजनामा समीक्षालय निर्माण गर्ने उल्लेख गरिएको | समीक्षालयको व्यवस्था भएको |
| | स्वास्थ्य जाँच कक्ष | विद्यालयको प्रशासनिक कक्षमा एउटा दराजको व्यवस्था गरी आधारभूत उपचारका औषधी र जाँच उपकरणको व्यवस्था भएको | आकस्मिक बिरामीका लागि शैयाको समेत व्यवस्था भएको जाँच तथा उपचार कक्षको व्यवस्था भएको |
| | विद्युत जडान तथा विद्युतीय सामग्री र सुविधाको व्यवस्था | सौर्यउर्जा, वायुउर्जा तथा जलउर्जा, बैट्री आदि जस्ता माध्यमबाट विद्यालयभित्र विद्युत जडान भएको | हरेक कक्षाकोठामा विद्युतको लाइन भएको र आश्यकताअनुसार पङ्खा, प्रोजेक्टर, कम्प्युटरको उपलब्धता |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | | भएको तथा इमेल इन्टरनेटको समेत सुविधा भएको । |
| | चमेना गृह | विद्यालय नजिकै खाजा खाने ठाउँको व्यवस्था भएको | विद्यालय हाताभित्रै चमेना गृहको व्यवस्था भएको |
| | छात्रावास तथा शिक्षक आवास | विद्यालयको आवश्यकताअनुसार योजनामा उल्लेख गरिएको तर सो आवश्यकता पहिचान गर्दा विद्यालयको दुरी, भौगोलिक विकटता आदिलाई ध्यानमा राखेर योजनामा उल्लेख गरेको | आवश्यकताअनुसार छात्रावास तथा शिक्षक आवासको व्यवस्था भएको |
| | संरक्षण संवर्धन, मर्मत संभार तथा भण्डारण | आवश्यकताअनुसार भौतिक साधनहरूको संरक्षण संवर्धन, मर्मत सम्भार तथा भण्डारण हुने गरेको । | योजनामा नै उल्लेख गरी भौतिक साधनहरूको संरक्षण संवर्धन, मर्मत सम्भार तथा भण्डारण हुने गरेको, यस कार्यका लागि व्यक्तिलाई जिम्मेवार बनाएको र सोको वार्षिक समीक्षा र अभिलेखीकरण हुने गरेको |
| | बगैंचा र करेसाबारी | बगैंचा र करेसाबारीको लागि जमिन छुट्टयाई विद्यालय सुधार योजनाभित्र समेटिएको | आयआर्जनका लागि पनि हुने गरी बगैंचा र करेसाबारीको निर्माण गरेर त्यसको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | | सदुपयोग गरेको |
| | प्रतीक्षालय | अभिभावक तथा आगन्तुकहरू आउँदा बस्ने ठाउँ छुट्टयाइएको | प्रवेशद्वार नजिकै छानासहितको प्रतीक्षालयको व्यवस्था गरेको |
| | विद्यालयसम्म आइपुग्ने बाटो | अपाङ्गता भएका बालबालिका पनि सजिलै विद्यालयमा आउन सक्ने गरी बाटो बनाइएको | हिलो, धुलो नभएको बाटोको व्यवस्था भएको |
| | साइनबोर्ड | विद्यालयको नाम झल्किने कुनै न कुनै आकारको साइनबोर्डको व्यवस्था भएको | विद्यालयलाई समुदायमा पनि चिनिने गरी ठाउँ ठाउँमा विद्यालय जाने बाटो संकेत गरिएको चिन्हहरू र सबैले देख्ने ठाउँमा साइनबोर्ड राखिएको |

## ७) शिक्षण सिकाइ प्रक्रिया

विद्यालयलाई बालमैत्री बनाउन तथा शिक्षालाई गुणस्तर बनाउनमा शिक्षण सिकाइ प्रक्रियाको ठूलो भूमिका हुन्छ । शिक्षण सिकाइ प्रक्रिया भन्नाले सिकारुलाई सिकाउने वातावरणको व्यवस्थापन गर्ने प्रकृया नै शिक्षण सिकाइ प्रकृया हो । औपचारिक शिक्षा पद्धतिको परम्परागत शिक्षक केन्द्रित शिक्षण पद्धतिमा शिक्षण सिकाइ प्रकृया कक्षा भित्र सीमित रही बालबालिकालाई सिकाउनका लागि पूरा गरिने क्रियाकलापको रूपमा बुझिन्छ । शिक्षकले पढाएपछि विद्यार्थी सबै बुझ्ने भन्ने मान्यता राखिन्थ्यो । तर आजको बाल केन्द्रित सिकाइ पद्धतिमा शिक्षण सिकाइ प्रकृयाको छुट्टै अर्थ छ । बालबालिकाको अन्तरनिहीत क्षमताको प्रस्फुटन गर्न गराउन शिक्षण सिकाइ प्रक्रिया कक्षाकोठा भित्रमात्र सीमित नराखी कक्षा बाहिर समुदाय र वातावरणमा पनि  सिकाइ क्रियाकलाप सञ्चालन गराउन सकिन्छ भन्ने आजको मान्यता छ

र बालमैत्री शिक्षण सिकाइ प्रकृयाले यस मान्यतालाई स्वीकार्दै समुदाय तथा वातावरणलाई शिक्षण सिकाइको अभिन्न हिस्सा मानेको छ । सिकाइलाई खोजमुखी, अन्तरक्रियात्मक र प्रवर्धनात्मक गराउन परियोजना कार्य, घटना अध्ययन अवलोकन, खोजपूर्ण कार्य, कथा, खेल, गीत नृत्य, जस्ता पक्षहरूलाई पनि जोड दिन थालिएको छ । साथै विद्यालयको वार्षिक कार्ययोजना, शिक्षकको शैक्षिक योजना, शैक्षिक सामग्रीको उपलब्धता, बालबालिकाको मूल्याङ्कन पद्धति जस्ता तत्वहरूलाई पनि बालमैत्री शिक्षण सिकाइ प्रक्रियाका प्रमुख पक्षहरू मानिएका छन् । त्यसै गरी विद्यार्थी मूल्याङ्कनलाई पनि विद्यार्थीको निरन्तर सिकाइ प्रक्रिया र अभिन्न अङ्गको रूपमा लिइएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री अवधारणाले शिक्षण सिकाइ प्रकृयामा शिक्षकलाई सहजकर्ता, र उत्प्रेरकको रूपमा प्रस्तुत गर्दछ ।

शिक्षण सिकाइ प्रक्रियालाई उपलब्धिमूलक बनाउन बालमैत्री विद्यालय अवधारणाले वार्षिक कार्ययोजना, सहभागिता, अतिरिक्त क्रियाकलाप तथा व्यवस्थापन गरी ४ वटा पक्षका लागि निम्न सूचक तथा त्यसको न्यूनतम र अपेक्षित मापदण्डहरू तोकेको छ ।

### तालिका ७: शिक्षण सिकाइसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| वार्षिक कार्ययोजना सम्बन्धमा | योजना निर्माण | वार्षिक कार्ययोजना निर्माण भै यसैका आधारमा विद्यालय गतिविधि सञ्चालन भएको | वार्षिक कार्ययोजनाका हरेक गतिविधिको प्रभावकारी कार्यान्वयन, आवधिक समीक्षा, निरन्तर अनुगमन र मूल्याङ्कन एवम् शिक्षण सिकाइ क्रियाकलापलाई योजनाको केन्द्रमा राखेको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | शिक्षकको शैक्षिक योजना | प्रत्येक शिक्षकले आफ्नो विषयको योजना बनाएको | कार्ययोजनाको कार्यान्वयन गरेको, निरन्तर वार्षिक शैक्षिक योजना बनाएको मूल्याङ्कन र समीक्षा समेत गरेको |
| | पाठ्यपुस्तक | शैक्षिक सत्रको सुरुमै हरेक विषयको पाठ्यपुस्तक विद्यार्थीहरूले पाएको | हरेक विषयको पाठ्यपुस्तक लगायत स्थानीय तवरमा बनेका अन्य पाठ्यसामग्रीहरू पाएको |
| | शैक्षिक सामग्री | मूल्य नपर्ने र कम मूल्य पर्ने शिक्षक तथा विद्यार्थी निर्मित वा संकलित सामग्रीहरू हरेक कक्षामा व्यवस्था तथा प्रयोग भएको | कक्षा कोठामा आधारभूत शैक्षिक सामग्रीका अतिरिक्त विद्युतीय सामग्रीको समेत उपलब्धता तथा प्रयोग गरिएको |
| | | कक्षा कोठाका भित्ताहरूमा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू प्रदर्शन गरिएको | |
| | सन्दर्भ सामग्री | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका आदि | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका र विद्यार्थीका |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | सामग्रीको व्यवस्था भएको | लागि सहयोगी सामग्रीको व्यवस्था भई निरन्तर प्रयोग भएको |
| सहभागिता | समुदायको सहभागिता | शिक्षण सिकाइमा समुदायको रेखदेख र सहयोग हुने गरेको | समुदायका व्यक्तिहरूको ज्ञान, सीप, क्षमताअनुसार सिकाइमा निरन्तर सहयोग हुने गरेको र सोको लेखाजोखा हुने गरेको |
| | सम्बन्ध | विद्यालय र अभिभावक अभिभावकले बालबालिकाको विद्यालयमा हुने पठनपाठनमा निरन्तर रूपमा चासो देखाउने गरेको | विद्यालय पठनपाठनको अभिन्न अङ्गको रूपमा शिक्षक अभिभावक भेटघाटका कार्यलाई योजनाबद्ध गर्ने गरेको |
| अतिरिक्त क्रियाकलाप | अतिरिक्त क्रियाकलाप | विद्यार्थीको चौतर्फी विकासको लागि महिनाको १ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको | विद्यार्थीको चौतर्फी विकासका लागि हप्ताको एक पटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको<br>शिक्षण सिकाइ अतिरिक्त क्रियाकलापको लागि कुनै एक शिक्षकलाई संयोजकको रूपमा समेत तोकिएको |
| | अन्तरक्रिया एवम् | शिक्षकहरूबीच | शिक्षकहरूबीच |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | आपसी सहयोग | महिनाको एक पटक छलफल र अन्तरक्रिया हुने गरेको | हप्ताको एक पटक सम्बन्धित विषयहरूमा छलफल र अन्तरक्रिया तथा एकअर्काको कक्षाको अवलोकन पनि गर्ने गरेको |
| | शैक्षिक भ्रमण | वर्षको १ पटक विद्यालयबाट शैक्षिक भ्रमण लैजाने गरेको | प्रत्येक वर्ष हरेक कक्षालाई शैक्षिक भ्रमणमा लैजाने गरेको |
| | प्रयोग | शिक्षक तालिमको प्रयोग शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको | शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको र प्रधानाध्यापक तथा सम्बन्धित निरीक्षकबाट नियमित अनुगमन भएको |
| | | आधुनिक प्रविधिको प्रयोग शिक्षण सिकाइ कम्प्युटरमा आधारित सिकाइ भएको | शिक्षण सिकाइमा कम्प्युटर, इन्टरनेट आदिको प्रयोग गरिएको र सो प्रयोगलाई वस्तुनिष्ठ र नतीजामुखी बनाउन सबै शिक्षकहरूले तालिम प्राप्त गरी कार्यान्वयनमा उतारेको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| व्यवस्थापन | अनुगमन तथा मूल्याङ्कन | समग्र शैक्षिक व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन विद्यालय व्यवस्थापन समितिबाट हुने गरेको | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यालय व्यवस्थापनको अभिन्न अङ्गको रूपमा अवलम्बन गर्न विद्यालय व्यवस्थापन समितिका हरेक पदाधिकारी, अभिभावक शिक्षक संघका पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरूको स्पष्ट जिम्मेवारी किटान गरी अनुगमन मूल्याङ्कनलाई वैज्ञानिक रूपमा कार्यान्वन गर्ने गरेको |
| | | कार्यरत शिक्षकहरूको व्यक्तिगत कार्यको अनुगमन तथा मूल्याङ्कन प्रधानाध्यापकबाट हुने गरेको | |

## ८) मातृभाषामा शिक्षण सिकाइ

घरपरिवारलाई मानिसको पहिलो विद्यालय मानिएको छ । घरपरिवारमा बोलिने भाषा बालबालिकाले सबैभन्दा पहिला बोल्ने हुँदा सिकाइमा यसको महत्वपूर्ण भूमिका रहन्छ । अध्ययनले पनि विद्यालयहरूमा हुने शिक्षण सिकाइ क्रियाकलाप घरपरिवारमा बोल्ने भाषा वा मातृभाषामा हुनसके गैर नेपाली भाषाभाषी बालबालिकाले चाँडै सिक्न सक्छन् भन्ने तथ्य औंल्याएको छ ।

नेपालको संविधान २०७२ ले “नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने” भन्ने उल्लेख गरी बालबालिकाको मातृभाषामा शिक्षण सिकाइ गर्न पाउने अधिकारको

प्रत्याभूति गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम र पाठ्यक्रम प्रारूपले आधारभूत शिक्षाको माध्यम मातृभाषा हुने, विद्यालय तहका अन्य कक्षाहरूमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुने, गैरनेपाली नागरिकको हकमा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्ने गराउने र भाषा विषयको शिक्षण गर्दा शिक्षाको माध्यम सोही भाषा हुनुपर्ने कुरा उल्लेख गरेको छ । यसले पनि औपचारिक शिक्षामा बालबालिकाले आफ्नो मातृभाषामा शिक्षण सिकाइ गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । बालमैत्री विद्यालयको अवधारणाले मातृभाषामा शिक्षण सिकाइका लागि ८ वटा क्षेत्रका ९ वटा सूचकका साथै मातृभाषासम्बन्धी यस प्रारूपमा तोकेका न्यूनतम तथा अपेक्षित मापदण्डहरू दिइएका छन् ।

**तालिका ८ः मातृभाषा शिक्षण सिकाइसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू**

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| सर्भेक्षण | आवश्यकताको पहिचान | आफ्नो सेवा क्षेत्रका विद्यालय उमेर समूहका जातिगत विद्यार्थीहरूको लगत राखेको | जन्म, मृत्यु, बसाइसराइको आधारमा विवरण अधावधिक गरेको |
| सामग्री | मातृभाषाको पाठ्यक्रम<br><br>पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री | मातृभाषाका पाठ्यक्रम उपलब्ध भएको मातृभाषाको पाठ्यपुस्तक, शिक्षक निर्देशिका उपलब्ध भएको | परिमार्जित पाठ्यक्रम प्रयोग भएको मातृभाषाको पाठ्यपुस्तक तथा निर्देशिका प्रयोग भएको |
| शिक्षक/शिक्षण | शिक्षकको तयारी | कम्तिमा प्राथमिक विद्यालय तहका शिक्षक (१ देखि ३ कक्षा) लाई सम्बन्धित | आवश्यक संख्यामा मातृभाषाका शिक्षकहरू तयार पारेको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | मातृभाषाको तालिम दिएको | |
| | बहुभाषिक शिक्षण | सबै शिक्षकहरूले बहुभाषिक तालिम प्राप्त गरेको | सबै शिक्षकहरूले बहुभाषिक शिक्षणसम्बन्धी पुनर्ताजगी तालिम प्राप्त गरेको तथा आवश्यकताअनुसार यस प्रकारको तालिम लिएका शिक्षकहरू तयार गरेको |
| पूर्वाधार | मातृभाषा अनुकूलको कक्षाकोठा | मातृभाषाको शैक्षिक सामाग्रीहरूबाट कक्षाकोठा व्यवस्थापन भएको | विद्यालयमा सम्बन्धित भाषा, संस्कृति झल्किने शैक्षिक सामाग्रीको साथै पुस्तकालयको समेत व्यवस्था भएको |
| अन्य | मातृभाषासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप | हरेक महिनामा १।१ वटा क्रियाकलाप सञ्चालन भएको | साप्ताहिक रूपमा १।१ वटा क्रियाकलाप सञ्चालन भएको |

## ९) विद्यालय व्यवस्थापन

विद्यालय व्यवस्थापन भन्नाले विद्यालय सञ्चालन तथा सुशासनसम्बन्धी कुराहरू जनाउँछन् । यस अर्न्तगत विद्यालय सञ्चालनका लागि नीति नियम निर्माण तथा कार्यान्वयन, आर्थिक व्यवस्थापन, शिक्षक विद्यार्थी आचारसंहिता निर्माण तथा कार्यान्वयन, समुदाय परिचालन, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन तथा काम कर्तव्य निर्धारण तथा पालना, शिक्षक व्यवस्थापन, सामाजिक परीक्षण इत्यादि पक्षहरू समेटिएको हुन्छ । विद्यालय व्यवस्थापनले विद्यालयको कार्यकुशलता, दक्षता र गुणस्तरमा

सकारात्मक प्रभाव पार्दछ । बालमैत्री विद्यालयको अवधारणाले यिनै पक्षलाई जोड दिँदै यस अन्तर्गत व्यवस्थापन, उत्तरदायित्व, नियुक्ति तथा गतिशीलता गरी ४ वटा क्षेत्र निर्धारित गरी १३ वटा सूचक तोकेर न्यूनतम तथा अपेक्षित मापदण्ड तोकेको छ । विवरण तल दिइएका छन् ।

**तालिका ९: विद्यालय व्यवस्थापनसम्बन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू**

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| व्यवस्थापन | समावेशीकरण | विद्यालय व्यवस्थापन समितिका सदस्यहरू लैङ्गिक र सामाजिक बनोटअनुसार समावेश भएको | विद्यालय व्यवस्थापन समितिको बैठकबाट हुने निर्णय प्रक्रियामा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित भएको |
| | गठन | अभिभावकहरूको सहभागितामा निर्वाचन वा सहमतीय प्रणालीबाट गठन भई विद्यालयको उत्थानमा योगदान गर्नसक्ने सर्वसम्मत व्यक्तिहरूको चयन भएको | समितिको गठन पछि यसका कार्य र निर्णयहरू विवादरहित भएको |
| | बैठक | हरेक २ महिनामा बैठक हुने गरेको र बैठकमा ८० % सदस्यहरू उपस्थित भएको | महिनाको एकपटक बैठक हुने गरेको र बैठकमा १०० % सदस्यहरू उपस्थित भएको |
| | एजेण्डा | बैठकका एजेण्डाहरू भौतिक र मानवीय व्यवस्थापनका | बैठकको २ दिन अगावै एजेण्डा अध्ययनका लागि |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | अतिरिक्त शैक्षिक उन्नयनका मुद्दाहरूमा बढी केन्द्रित हुने गरेको | सदस्यहरू समक्ष पठाइने गरेको विद्यार्थीहरूको बालमैत्री वातावरणमा सिक्ने अवस्थालाई सुनिश्चित गर्ने विषयलाई केन्द्र मानी एजेण्डा प्रस्तुत, छलफल र निर्णय हुने गरेको |
| उत्तरदायित्व | उत्तरदायित्व | विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आफ्नो काम कर्तव्यप्रति सचेत रही विद्यालयको कार्यकुशलताका सम्बन्धमा अभिभावकप्रति उत्तरदायी रहेको | विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र अनुगमनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सहभागिता र आफ्नो उत्तरदायित्व प्रत्यक्ष रूपमा नै व्यवहारमा उतारेको |
| नियुक्ति | शिक्षक नियुक्ति | विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको | पूर्व योजनाअनुसार विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको |
| | | विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार पारदर्शी | विद्यालय व्यवस्थापन समितिको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | ढङ्गबाट विज्ञापन गरिएको | निर्णयअनुसार पारदर्शी विज्ञापन गरिएको र सो विज्ञापन स्थानीय पत्रपत्रिकामा प्रकाशन भएको |
| | | आधारभूत योग्यता पुगेका व्यक्तिहरूमध्ये स्वस्थ प्रतिस्पर्धा गराई योग्य व्यक्तिको छनौट भएको<br>भर्ना प्रक्रियामा समावेशीकरणलाई मध्यनजर गरेको | माथिल्लो योग्यता भएका र तालिमप्राप्तलाई प्राथमिकता दिँदै प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिको छनौट भएको<br>भर्ना प्रक्रियामा समावेशीकरणको मान्यतालाई कार्यान्वयन गरेको |
| गतिशीलता | शिक्षकहरूको समूह गतिशीलता | विद्यालयको शैक्षिक सुधारका साझा कार्यक्रम निर्माणमा सहभागिता र कार्यान्वयनमा प्रतिवद्धता भएको | शैक्षिक सुधारसम्बन्धी कार्यक्रम कार्यान्वयनमा भिन्ना भिन्नै शिक्षकबाट अगुवाइ भएको |
| | | आफ्नो कक्षा तथा विषय शिक्षणको जिम्मेवारी लिएको र विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही रहेको | आफ्नो अध्यापन विषयको सिकाइ उपलब्धिका लक्ष्य निर्धारण गरी सोहीअनुसार निरन्तर सुधारका |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | आफूले अध्यापन गर्नु पर्ने विषयको वार्षिक, साप्ताहिक तथा दैनिक पाठयोजना निर्माण गरी सोहीअनुसार अध्यापन गरेको | उपायहरू अवलम्बन गरेको |
| | आर्थिक व्यवस्थापन | बहुस्रोत (स्थानीय, निजी, सरकारी/गैरसरकारी) परिचालन प्रणाली अवलम्बन गरेको | खर्च प्रणालीलाई योजनावद्ध गरेको र सरोकारवालाहरू माझ आय व्ययको योजना तथा कार्यान्वयन समेत पारदर्शी गरेको |
| | | विद्यालयले गर्ने कुनै पनि खर्चलाई विद्यार्थीको आवश्यकता र सिकाइसँग तादात्म्य गर्ने तथा खर्च गर्दा सान्दर्भिकता, प्रभावकारिता, दक्षता र उपयोगितालाई ध्यान दिने गरेको । | |
| | कक्षा शिक्षण तथा बहुकक्षा शिक्षण | शिक्षक विद्यार्थी अनुपात मिलेका प्रारम्भिक तहका कक्षा १ देखि ३ का विद्यालयहरूमा कक्षा शिक्षण लागु भएको | कक्षा शिक्षण तथा बहुकक्षा शिक्षणसम्बन्धी तालिम प्राप्त शिक्षकहरूद्वारा शिक्षण भइरहेको र सोको अनुगमन समेत भएको |
| | | कक्षा संख्याको अनुपातमा शिक्षक संख्या कम भएको र कक्षागत विद्यार्थी | |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
| --- | --- | --- | --- |
| | | संख्या पनि कम भएका विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति लागु भएको | |
| | नियम कानुनको परिपालना | प्रचलित शिक्षा ऐन, नियमावली, निर्देशिका, परिपत्रहरू तथा विद्यालय तथा स्थानीय निकायहरूले विद्यालयको हितका निमित्त गरेका निर्णयहरू कार्यान्वयन तथा परिपालना गरेको | विद्यालय आफैँले शैक्षिक गुणस्तर प्रवर्धन गर्न सहभागितात्मक रूपले विनियम बनाउने र कार्यान्वयन तथा अनुगमनको व्यवस्था गरेको |
| | आचारसंहिता | पूर्ण सहभागितात्मक रूपमा शिक्षक, विद्यार्थी, तथा अभिभावकहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरेको र यसको प्रभावकारी अनुगमन गरेको | आचारसंहिता परिपालनका आधारमा पुरस्कार र पृष्ठपोषणको व्यवस्था समेत गरेको । |
| | समुदाय परिचालन | विद्यालयले समुदायको सचेतना र सक्षमता वृद्धि हुने खालका कार्यक्रमहरू सञ्चालन गर्न योजना बनाई कार्यान्वयन गरेको | समुदायको नियमित सहभागिता र संलग्नतामा विद्यालयको विकासमा विविध कार्यक्रमहरू सञ्चालन भएको |
| | विद्यालय सुशासन | विद्यालयले गरेका शैक्षिक एवं अन्य | सामाजिक परीक्षणको |

| क्षेत्र | विषयवस्तु/सूचक | न्यूनतम | अपेक्षित |
|---|---|---|---|
| | | व्यवस्थापकीय कार्यहरूको दक्षता, प्रभावकारिता तथा गुणस्तरका बारेमा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी दिने र भविष्यका लागि पृष्ठपोषण समेत लिने अभिप्रायले वार्षिक रूपमा सामाजिक परीक्षण गरेको | नतिजाको आधारमा सहभागितात्मक योजना बनाउने र बालमैत्री सिकाइ वातावरण र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विशेष प्रयासहरू भएको |

## ५) बालमैत्री विद्यालय निर्माणका लागि संरचनात्मक व्यवस्था र भूमिका

### क) शिक्षा मन्त्रालय

नेपालमा शिक्षासम्बन्धी नीति निर्माण र समस्त योजना कार्यान्वयन तथा समन्वयका लागि उच्च निकायको रूपमा शिक्षा मन्त्रालय रहेको छ । नेपाल सरकारले निर्धारण गरेको प्रारूपअनुसार नीति कार्यान्वयन गर्न र निर्धारित कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न शिक्षा विभाग रहेको छ । सरकारको नीतिअनुसार कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने जिम्मेवारी समेत शिक्षा मन्त्रालयको रहेको हुन्छ । शिक्षा मन्त्रालय मातहतको निकाय अन्तर्गत शिक्षा विभाग, पाँच विकास क्षेत्रमा पाँचवटा क्षेत्रीय शिक्षा निर्देशनालय, पचहत्तर वटा जिल्लामा जिल्ला शिक्षा कार्यालय, तथा स्थानीय तहमा एक हजार एकान्नब्बे वटा स्रोत केन्द्र पर्दछन् । यी सबै निकायहरूले आ-आफ्नो निर्धारित जिम्मेवारीअनुसार क्षेत्रीय, जिल्ला तथा स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्दछन् । मुलुकमा बालमैत्री विद्यालय निर्माणका लागि आवश्यक नीति निर्माणका लागि शिक्षा मन्त्रालय नै उच्च निकाय हो र यसले शिक्षालाई बालमैत्री बनाउन निम्न जिम्मेवारी निर्वाह गरी आएको छ :

- बालबालिकाको शैक्षिक विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूलाई बालमैत्री बनाउने,

- विद्यालय जान नसक्ने र बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलब्ध गराउने योजना कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि स्रोत विनियोजन र परिचालन गर्ने,
- बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,
- बालअधिकारसम्बन्धी महासन्धिमा भएका शिक्षासम्बन्धी विषयहरूको कार्यान्वयन गर्ने गराउने,
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
- बालमैत्री स्थानीय शासनसम्बन्धी शिक्षा क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।

**ख) शिक्षा विभाग**

शिक्षा विभाग शिक्षा मन्त्रालयको केन्द्रीय स्तरको निकाय हो । शिक्षा विभागले विद्यालय शिक्षाको वार्षिक योजना, तर्जुमा कार्यान्वयन र व्यवस्थापनको जिम्मेवारी वहन गर्दछ । शिक्षा विभागले शिक्षा मन्त्रालयले शैक्षिक सुधारका लागि लागु गरेका नीति, योजना तथा कार्यक्रमहरूलाई देश भर प्रभावकारी रूपमा कार्यान्वयन, व्यवस्थापन गराउन र सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन जिल्ला शिक्षा कार्यालय मार्फत गर्दछ ।

नेपाल सरकारले निर्धारण गरेको बालमैत्री विद्यालयसम्बन्धी नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा शिक्षा विभागको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा विभागले बालमैत्री विद्यालय निर्माण गर्न र समग्र शैक्षिक अवस्थामा सुधार ल्याउन निम्न भूमिका निर्वाह गर्दछः

- नेपाल सरकारको निर्धारित नीति नियमको आधारमा आधारभूत तथा प्राथामिक, निम्न माध्यमिक र माध्यमिक शिक्षाको गुणस्तर सुधारका लागि बजेट तयारी गरी मन्त्रालयमा पेश गर्ने ।
- शिक्षा मन्त्रालयले तय गरेका नीति नियमहरूको कार्यान्वयन गर्ने गराउने ।
- सञ्चालित विद्यालयहरूको अनुगमन/मूल्याङ्कन गरी सम्बन्धित निकायमा पठाउने ।

- सरोकारवाला, दातृ निकायहरूसँग समन्वय गरी बालमैत्री विद्यालय निर्माणका लागि आवश्यक योजना तयारी तथा कार्यान्वयन गराउने ।
- बालमैत्री विद्यालय निर्माणका लागि जिम्मेवार निकायहरूको कार्य सम्पादनको तरीकाको अनुगमन गर्ने
- बालमैत्री विद्यालय बनाउन पहल गर्ने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई प्रोत्साहन स्वरूप पुरस्कार वा कदर पत्र प्रदान गर्ने

## ग) शैक्षिक जनशक्ति विकास केन्द्र

शैक्षिक जनशक्ति विकास केन्द्र शिक्षक विकासका लागि केन्द्रीय स्तरको निकाय हो । यस केन्द्रले शिक्षक तथा शिक्षासम्बन्धी समुदायमा कार्यरत व्यक्तिको कार्यदक्षतामा अभिवृद्धि गर्न तथा शैक्षिक अनुसन्धानको काम गर्दछ । विद्यालयमा शिक्षाको गुणस्तर बढाउन यस केन्द्रले विभिन्न प्रकारको तालिमको आयोजना गरी शिक्षकहरूको दक्षता बढाउने काम गर्दै आएको छ । साथै शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री बनाउन प्रशिक्षणसम्बन्धी विभिन्न शैक्षिक अनुसन्धान कार्य गर्ने र नयाँ-नयाँ प्रविधिहरू पहिचान गरी ती विषयमा शिक्षकहरूको कार्य दक्षतामा अभिवृद्धि गर्ने काम पनि गर्दै आएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरूलाई कक्षामा बालबालिकाको गति, क्षमताअनुसार सिक्ने वातावरण सिर्जना गर्ने, बालबालिकामा अन्तरनिहित क्षमताको विकास गर्ने, बालबालिकाको क्षमता, रुचि तथा स्तरअनुसारको सिकाइ क्रियाकलाप निर्धारण गर्ने तथा उनीहरूको सिकाइ उपलब्धिको सही मूल्याङ्कन गर्ने ज्ञान तथा सीप विकास गरी सिकाइलाई बालमैत्री बनाउनमा प्रमुख भूमिका निर्वाह गर्न सक्छन् ।

## घ) शैक्षिक परीक्षण केन्द्र

शिक्षा ऐनले विद्यालय शिक्षाको गुणस्तर परीक्षण गरी सुझाव दिनका लागि शैक्षिक परीक्षण केन्द्रको व्यवस्था समेत गरेको छ ।

## ङ) पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रम विकास र पाठ्यपुस्तक निर्माण गर्ने प्रमुख जिम्मेवारी पाएको शिक्षा मन्त्रालय अन्तर्गतको केन्द्रीय स्तरको निकाय हो । यो निकाय पाठ्यक्रम विकास गर्ने, पाठ्यपुस्तक निर्माण गर्ने तथा मूल्याङ्कन गर्ने सम्बन्धमा नीति निर्धारण गर्नको लागि व्यवस्था गरेको १६ सदस्यीय राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषदको सचिवालय हो । यस केन्द्रले विद्यालयमा लागु गरिने पाठ्यक्रम विकास गर्ने र पाठ्यपुस्तक निर्माण गर्ने सम्बन्धमा नीति निर्धारण गर्दछ । यसका अतिरिक्त पाठ्यपुस्तक लेखन तथा प्रयोग सम्बन्धमा नीति निर्धारण गर्ने, पाठ्यक्रम विकास तथा गुणस्तरसम्बन्धी आवश्यक काम गर्ने, स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक मूल्याङ्कन गरी आवश्यकताअनुसार संशोधनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र पाठ्यक्रमको विकास तथा गुणस्तरको सम्बन्धमा आवश्यक काम गर्दछ । विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई बालमैत्री बनाउन यस केन्द्रले समय-समयमा आवश्यकतानुसार परिमार्जन गर्ने काम समेत गरिआएको छ ।

## च) क्षेत्रीय शिक्षा निर्देशनालय

शिक्षा ऐनले पाँचवटा विकास क्षेत्रमा जिल्ला स्तरका निकायहरूले निर्णय भएका नीति नियम कार्यान्वयन गरे नगरेको तथा निर्धारित कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने निकायको रूपमा पाँचवटा क्षेत्रीय शिक्षा निर्देशनालयको व्यवस्था गरेको छ । यी निर्देशनालयले आफ्ना क्षेत्रका जिल्ला शिक्षा कार्यालयले गरेको कामको अनुगमन गर्ने गरेको छ । आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरूमा गुणस्तरीय शिक्षाको लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपले निर्दिष्ट गरेअनुसार प्रगति भए नभएको अनुगमन गरी आफ्नो अधिकार क्षेत्र भित्रका सबै विद्यालयहरूलाई बालमैत्री बनाउनमा ठूलो योगदान पुऱ्याउन सक्छ ।

## छ) जिल्ला शिक्षा कार्यालय

जिल्ला तहमा जिल्लाको शैक्षिक योजना तयार गर्ने र शैक्षिक क्रियाकलापहरूको कार्यान्वयन गर्ने जिल्ला शिक्षा कार्यालयको मुख्य भूमिका हो । शिक्षा ऐन तथा नियमावलीअनुसार विद्यालयहरू सञ्चालन भए नभएको अनुगमन गर्ने, विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार

गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा त्यससम्बन्धी कारबाही गर्ने इत्यादि सम्पूर्ण जिम्मेवारी जिल्ला शिक्षा कार्यालयको हो ।

विद्यालयलाई बालमैत्री बनाउन शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्ने गराउने, बालमैत्री विद्यालय निर्माणका लागि पूर्वाधारहरूको निर्माण गर्ने, बालमैत्री विद्यालयको अवलोकन गर्ने, जिल्लामा शिक्षा क्षेत्रमा काम गर्ने निकायहरू बीच समन्वय गर्ने, विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधार गर्ने आदि कार्यहरू जिल्ला शिक्षा कार्यालयले गर्दछ ।

**विद्यालयलाई बालमैत्री बनाउन जिल्ला शिक्षा कार्यालयको भूमिका :**

- विद्यालयका शिक्षकहरूको लागि बालअधिकारसम्बन्धी तालिमको आयोजना गर्ने
- शारीरिक सजायलाई निषेध गर्न विद्यालयलाई निर्देशन दिने
- विद्यालयको भौतिक वातावरण बालमैत्री बनाउन आवश्यक उपायहरू अपनाउने र सहयोग उपलब्ध गराउने
- जिल्लाका सबै विद्यालयहरूमा आचारसंहिता निर्माण र कार्यान्वयन गर्न पहल गर्ने
- बालबालिकाको गुनासो सुनुवाइ जिल्ला शिक्षा कार्यालयमा छुट्टै डेस्कको व्यवस्था गर्ने
- जिल्ला स्तरीय बालक्लब सञ्जाल निर्माण गर्ने
- जिल्ला शिक्षा समितिको बैठकमा बालबालिकाको प्रतिनिधित्व गराउन पहल गर्ने

**साथै स्रोत केन्द्र मार्फत् निम्न काम गर्ने व्यवस्था मिलाउने**

क) बालमैत्री वातावरण निर्माण गर्न शिक्षकहरूलाई तालिम दिने

ख) विद्यालयमा जिल्लाका नीति नियम कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा कार्यान्वयनको लागि आवश्यक कदम चाल्ने

ग) शिक्षकहरूलाई कक्षामा बाल केन्द्रित शिक्षण विधि अपनाउन लगाउन आवश्यक उपायहरू अवलम्बन गर्ने

घ) विद्यार्थीहरूका लागि राज्यबाट उपलब्ध गराइएका सुविधाहरू जस्तो छात्रवृत्ति, पोशाक, पुस्तक इत्यादि समयमा सही विद्यार्थीको हातमा पुगेको सुनिश्चित गर्ने

ङ) विद्यालय भित्र लैङ्गिक विभेद, जातजाति वा सिकाइ असक्षमताको आधारमा गरिने विभेद हटाउन पहल गर्ने

च) उत्कृष्ट बालमैत्री विद्यालयलाई कदर गर्ने र पुरस्कृत गर्ने

## ज) जिल्ला शिक्षा समिति

जिल्ला शिक्षा समितिले बालमैत्री विद्यालय निर्माणका लागि जिल्ला तहमा स्वीकृत शैक्षिक योजनाअनुरूप विद्यालयको शैक्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने, जिल्लामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न व्यवस्थापन समिति मार्फत शैक्षिक कार्यक्रम कार्यान्वयन गराउने, विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदनअनुसार आवश्यक कारबाही गर्ने गराउने, विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन प्रयत्न गर्ने, जिल्ला तहमा शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने आदि कार्यहरू सञ्चालन गर्ने प्रावधान रहेको छ ।

## जिल्ला शिक्षा समितिको काम कर्तव्य र अधिकार

- स्वीकृत शैक्षिक योजनाअनुरूप विद्यालयको शैक्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने
- जिल्लामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न व्यवस्थापन समिति मार्फत शैक्षिक कार्यक्रम कार्यान्वयन गराउने
- विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने
- विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदनअनुसार आवश्यक कारबाही गर्ने गराउने
- विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन प्रयास गर्ने

- शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समिति र व्यवस्थापन समितिलाई निर्देशन दिने
- आफ्नो जिल्लाका विद्यालयहरूलाई बालमैत्री बनाउन आवश्यक पर्ने पूर्वाधारको विकास गर्न आर्थिक सहयोग जुटाउन आवश्यक सहयोग गर्ने

### झ) गाउँ/नगर शिक्षा समिति

गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा देहाय बमोजिमको गाउँ शिक्षा वा नगर शिक्षा समिति रहनेछः-

| क्रसं. | विवरण | पद |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमख वा सो काम गर्न तोकिएको व्यक्ति | अध्यक्ष |
| (ख) | गाउँपालिका वा नगरपालिकाले तोकेको गाउँपालिका वा नगरपालिकाका सदस्यहरूमध्येबाट कम्तीमा एक जना महिला सहित दुईजना | सदस्य |
| (ग) | सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना | सदस्य |
| (घ) | स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिले मनोनीत गरेको एकजना महिला | सदस्य |
| (ङ) | सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना | सदस्य |
| (च) | सम्बन्धित गाउँपालिका वा नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा | सदस्य |

| क्रसं. | विवरण | पद |
|---|---|---|
| | स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गतासम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना | |
| (छ) | गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत व्यक्ति र नगर शिक्षा समितिको हकमा सम्बन्धित विद्यालय निरीक्षक | सदस्य सचिव |

गाउँपालिका वा नगरपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरूलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

गाउँ/नगर शिक्षा समिति बालमैत्री विद्यालय निमार्णका लागि स्थानीय निकायको महत्वपूर्ण सरोकारवाला निकाय हो । प्रत्येक गाउँपालिका/नगरपालिकामा गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुखको संयोजकत्वमा गाउँ/नगर शिक्षा समिति गठन गर्नुपर्ने प्रावधान छ । विद्यालयलाई बालमैत्री बनाउने सम्बन्धमा गाउँ/नगर शिक्षा समितिले गाउँ/नगर शिक्षा योजना बनाइ गाउँ/नगर परिषदबाट स्वीकृत गरी कार्यान्वयन गर्ने, बालबालिकालाई कम्तीमा आधारभूत शिक्षासम्मको अध्ययन गराउन प्रोत्साहन गर्ने, विद्यालयमा भर्ना भएका वा नभएका बालबालिकालगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने, विद्यालयको शैक्षिक योजनासम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने, व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने, गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने, विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षकलगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने, विद्यालयको भौतिक स्थितिको अध्ययन गरी रकम निकासाका लागि सञ्चालक

समितिमा अनुरोध गर्ने, शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने आदि रहेको छ ।

## गाउँ/नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार

- गाउँपालिका/नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने
- बालबालिकालाई कम्तीमा आधारभूत शिक्षासम्म अध्ययन गराउन प्रोत्साहन गर्ने
- विद्यालयमा भर्ना भएका वा नभएका बालबालिकालगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अध्यावधिक गराई राख्ने
- विद्यालयको शैक्षिक योजनासम्बन्धी अभिलेख अध्यावधिक गराई राख्ने त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने
- व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त श्रोतको बाँडफाँड गर्ने
- गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने
- व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक शिक्षकलगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने
- विद्यालय स्तरीय अन्तरखेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने
- आफ्नो सेवा क्षेत्र भित्रका विद्यालयलाई बालमैत्री बनाउन चाहिने आर्थिक श्रोत उपलब्ध गराउन सहयोग गर्ने

## ञ) विद्यालय व्यवस्थापन समिति

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । यस समितिको गठन निम्न प्रकार गरिनेछ :

| क.सं. | विवरण | पद |
|---|---|---|
| (क) | अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिलासहित ४ जना | सदस्य |
| (ख) | विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (ग) | विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी विद्यालयलाई निरन्तर १० वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगदी वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिलासहित दुई जना | सदस्य |
| (घ) | विद्यालयका शिक्षकले आफूहरूमध्येबाट छानी पठाएका १ जना | सदस्य |
| (ङ) | प्रधानाध्यापक | सदस्य सचिव |

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले माथि उल्लेखित (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुने व्यवस्था छ ।

विद्यालय व्यवस्थापन समिति बालमैत्री विद्यालय निर्माणका लागि एउटा महत्वपूर्ण सरोकारवाला निकाय हो । विद्यालयलाई कस्तो बनाउने भन्ने कुरा विद्यालय व्यवस्थापन समितिमा नै निर्भर गर्दछ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको आन्तरिक वातावरण तथा गुणस्तर सुधार, बालमैत्री विद्यालय निर्माण आदिमा महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयलाई बालमैत्री बनाउन विद्यालय व्यवस्थापन समितिले विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने, प्रधानाध्यापक तथा सामुदायिक शिक्षक नियुक्ति गर्ने, विद्यालयको स्रोतबाट व्यहोर्ने गरी अन्य शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने, विद्यालयको हितको लागि सरकारी तथा गैर सरकारी संघ-संस्था वा व्यक्तिसँग समन्वय गरी काम  गर्ने, विद्यालयको विकासको लागि आवश्यक योजना तर्जुमा गरी लागु गर्ने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन

न दिने, शिक्षाको गुणस्तर कायम राख्न अभिभावक शिक्षक संघ गठन गर्ने आदि कार्यहरू गर्न सक्ने अधिकार रहेको छ ।

**विद्यालयलाई बालमैत्री बनाउन व्यवस्थापन समितिले निम्न भूमिका निर्वाह गर्न सक्छः**

- बालमैत्री विद्यालयका पूर्वाधार तयार गर्ने
- मापदण्ड पूरा गर्न आवश्यक श्रोत साधन जुटाउन पहल गर्ने
- विद्यालयलाई बालमैत्री बनाउन शिक्षक अभिभावक संघसँग सहकार्य गर्ने,
- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराउन विद्यालयलाई निर्देशन दिने,
- विद्यालयमा कुनै पनि किसिमको भेदभाव हुन नदिन तथा भयमुक्त शिक्षण गर्न शिक्षक वर्गलाई निर्देशन दिने र निर्देशन पालन भए नभएको अनुगमन गर्ने,
- विद्यार्थीहरूको स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिने

## ट) शिक्षक अभिभावक संघ

विद्यालयमाको गुणस्तर सुधारका लागि शिक्षक र अभिभावक, बीच घनिष्ट सम्बन्ध हुनु जरुरी छ । विद्यालयमा अभिभावकको अधिकतम सहभागिता जुटाउने उद्देश्यले शिक्षक तथा अभिभावकहरूको सहभागितामा विद्यालयमा शिक्षक अभिभावक संघको गठन गर्ने व्यवस्था गरिएको छ । विद्यालयलाई बालमैत्री बनाउन अभिभावक र शिक्षक बीच मैत्रीपूर्ण सम्बन्ध हुनु जरुरी छ, यस्तो मैत्रीपूर्ण सम्बन्धले विद्यालयलाई बालमैत्री बनाउने अवधारणालाई साकार रूप दिन सकारात्मक वातावरण तयार हुन्छ । विद्यालयलाई कसरी बालमैत्री बनाउने भन्ने बारेमा अभिभावक शिक्षक संघ बीचमा छलफल गराई योजना बनाउनु पर्दछ । शिक्षक अभिभावक संघले विद्यालयलाई बालमैत्री बनाउन निम्न भूमिका निर्वाह गर्न सक्छ :

- विद्यालयलाई बालमैत्री बनाउन विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गर्ने,
- शिक्षक अभिभावक बीच समय-समयमा शिक्षाको गुणस्तर बढाउन तथा विद्यालयलाई बालमैत्री बनाउन उनीहरूको भूमिकाबारे अन्तरक्रिया गर्ने,

- विद्यालयलाई बालमैत्री बनाउन निर्दिष्ट गरिएका सूचक तथा न्यूनतम र अपेक्षित मापदण्डबारे बालबालिका तथा उनीहरूका अभिभावकहरूलाई जानकारी गराउने र सो मापदण्ड कायम गर्न आफूले गर्न सक्ने योगदानको पहिचान गरी योजना बनाउने र कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समितिसँग समन्वय गर्ने
- बालमैत्री विद्यालयका मापदण्ड पूरा गर्न आवश्यक स्रोत तथा साधन जुटाउन सहयोग गर्ने
- विद्यालयमा रहेका बाल संरक्षणका सवालहरूको पहिचान गरी विद्यालयमा बालसंरक्षणको सुनिश्चितताका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- विद्यालयमा बालक्लब वा बालबालिकाबाट आयोजना हुने सचेतना कार्यक्रमहरूमा शिक्षक अभिभावक संघले पनि समन्वय तथा सहकार्य गरी सहयोग पु¥याउने
- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराउन विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गर्ने,
- विद्यालयमा कुनै पनि किसिमको भेदभाव हुन नदिन तथा भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था २०६७ ले तोके बमोजिम भयमुक्त शिक्षण गर्न समय-समयमा शिक्षक तथा व्यवस्थापन समितिसँग अन्र्तक्रिया गर्ने
- आफ्ना बालबालिकाको स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिने र यस विषयमा व्यवस्थापन समितिसँग सहकार्य गर्ने
- बालमैत्री विद्यालय तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय स्तरमा शैक्षिक सामाग्रीको व्यवस्थापन र प्रयोग गर्ने
- शिक्षक तालिम र बालमैत्री विद्यालय निर्माणका लागि आवश्यक प्रयास गर्ने

**विद्यालयलाई बालमैत्री बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको भूमिका**

- आफ्नो सेवा क्षेत्र वरिपरिका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गराउने,

- बालअधिकारसम्बन्धी सचेतना गराउने,
- विद्यालयमा दण्ड र भयरहित, वातावरण सिर्जना गर्ने गराउने,
- विद्यालयमा जुनसुकै किसिमको पनि भेदभाव निर्मूल गर्ने,
- स्वच्छ खानेपानी, कक्षा तथा विद्यालय सरसफाइका साथै बालबालिकाका लागि अलग शौचालयको व्यवस्था गर्नु,
- विद्यालय हाता भित्र र वरिपरिका क्षेत्रमा लागु पदार्थ, धुम्रपान तथा मादक पदार्थको प्रयोग निषेध गर्नुका साथै त्यस क्षेत्र वरिपरि बिक्री वितरणमा समेत रोक लगाउने
- विद्यालयमा सञ्चालन गरिने प्रत्येक कार्यक्रममा सबै बालबालिका तथा तिनका अभिभावकलाई सहभागी गराउन आवश्यक कदम चाल्ने,
- विद्यालयलाई बालमैत्री बन्नमा बाधा पुऱ्याउने तत्व पहिचान गरी आवश्यक कदम चाल्ने

## ठ) बालक्लब

विद्यालय स्तरका शिक्षाको योजना तयारी तथा विद्यालयलाई बालमैत्री बनाउन बालक्लबको गठन गर्ने तथा क्षमता विकास गर्नुपर्ने प्रावधान रहेको छ । बालबालिका विकास र परिवर्तनका संवाहक हुन त्यसैले बालमैत्री विद्यालय निर्माणमा बालबालिकाको सहभागिता महत्वपूर्ण रहेको हुन्छ । बालबालिकाकै नेतृत्वमा योजना तयार गर्ने तथा कार्यान्वयनमा पनि उनीहरूको सहभागिता गराइनु पर्दछ । विद्यालयलाई बालमैत्री बनाउन बालक्लबले निम्न भूमिका निर्वाह गर्न सक्छन्:

- विद्यालयमा सञ्चालन हुने गतिविधि बालमैत्री भए नभएको बारेमा समय-समयमा बालबालिकासँग छलफल गरी आवश्यक सुधारका लागि योजना गर्ने,
- बालमैत्री विद्यालयका लागि निर्धारित पूर्वाधार जुटाउन विद्यालयलाई सहयोग गर्ने,
- विद्यालयलाई बालमैत्री बनाउन अभिभावक तथा समुदायका प्रत्येक वर्गको सहयोग जुटाउने,
- विद्यालय बालमैत्री भएमा बालबालिका तथा अभिभावकलाई हुने फाइदाबारे सचेत गराउने,

- विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनमा बालबालिका, अभिभावक तथा समुदायलाई सहभागी बनाउन लगाउन व्यवस्थापन समितिसँग सहकार्य गर्ने,
- विद्यालय परिसरमा लिङ्ग, जाति, धर्म, सिकाइ क्षमता इत्यादि कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव हुन नदिने । यति त्यस्तो घटना भएको पाइएमा प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ वा विद्यालय व्यवस्थापन समितिमा उजुरी दिने । यदि यी निकायमा सुनुवाइ नभएमा विद्यालय बाल संरक्षण समिति मार्फत कारबाही अगाडि बढाउन आवश्यक कदम चाल्ने
- विद्यालय परिसरमा विद्यालयका विद्यार्थीमाथि कुनै पनि किसिमको शोषण, हिंसा वा दुर्व्यवहारको घटना भइरहेको छ वा त्यस्तो घटना हुने सङ्केत पाएमा त्यसका विरुद्ध आवश्यक कारबाही गर्न कदम चाल्ने
- विद्यालयको शिक्षाको गुणस्तर बढाउन तथा विद्यालयलाई बालमैत्री बनाउन विद्यार्थीहरूले निर्वाह गर्नु पर्ने जिम्मेवारी पूरा गर्न अभियान चलाउने

## ड) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला तथा बालबालिका कार्यालय

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय बालबालिकाको हित तथा बाल संरक्षणको क्षेत्रमा काम गर्ने नेपाल सरकारको प्रमुख निकाय हो । बालकालिकाको हक अधिकार सुनिश्चित गर्ने दायित्व पनि यसै मन्त्रालयको हो । महिला तथा बालबालिका कार्यालय महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको जिल्ला स्तरको मातहतको कार्यालय हो । यो कार्यालय नेपालको ७५ वटै जिल्लामा स्थापित छ । यस कार्यालयले जिल्ला स्तरमा महिला, बालबालिका तथा समाज कल्याणसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्दछ । महिला विकास कार्यक्रमसँगै स्थापना भएको महिला तथा समाज कल्याण मन्त्रालय वि.सं. २०५७ सालमा बालबालिकाको कल्याणको समेत थप जिम्मेवारी सहित महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको रूपमा रूपान्तरण भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरूको भूमिकालाई अझ सशक्त बनाउने लक्ष लिएको यस मन्त्रालयले बालबालिकालाई उच्च प्राथमिकतामा राखेको छ । यस मन्त्रालयको कार्यक्षेत्र भित्र महिला,

बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका सबै कामहरू गर्ने अख्तियारी पाएको छ र महिला तथा बालबालिका कार्यालयले मन्त्रालयले लिएको नीति तथा कार्यक्रम अन्तर्गत रही कार्यक्रम कार्यान्वयन गर्दछ । यस कार्यालयले बालबालिकाको हित र कल्याणको लागि बाल संरक्षण अधिकृत/बाल संरक्षण निरीक्षक व्यवस्था गर्नुका साथै बालगृह सञ्चालन, बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालन, आपत्कालीन बाल उद्धार कोष व्यवस्थापन तथा सञ्चालन, विदेशीलाई धर्मपुत्र तथा धर्मपुत्री दिने कार्य, द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनर्स्थापना इत्यादि कार्य गर्दै आएको छ ।

## ढ) केन्द्रीय बाल कल्याण समिति

बालबालिकाको अधिकारको कार्यान्वय, अनुगमन गर्न नेपाल सरकारले केन्द्रीय बाल कल्याण समिति गठन गरेको छ । यस समितिले बालबालिका र त्यस क्षेत्रमा काम गर्ने निकायको सञ्चार, सूचना तथा समन्वय र अनुगमन गर्ने जिम्मेवारी पाएको छ । यस समिति गुणस्तरीय शिक्षा र बालमैत्री विद्यालय निर्माणका लागि प्रत्यक्ष रूपमा जिम्मेवार नभए पनि जिल्लामा आफ्ना मातहतको निकायलाई बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न सक्रियताका साथ लाग्न प्रतिबद्ध गराउँछ ।

## ण) स्थानीय निकाय (जिल्ला समन्वय समिति, गाउँपालिका तथा नगरपालिका)

स्थानीय निकाय (जिल्ला समन्वय समिति, गाउँपालिका तथा नगरपालिका स्थानीय सरकार हुन् । यी निकायहरूले योजना बनाउने, बजेट विनियोजन गर्ने इत्यादि आफ्ना जिल्लाको विकासका लागि सम्पूर्ण कार्य गर्ने अख्तियारी पाएको हुन्छ । विद्यालयले यी निकायहरूसँग समन्वय गरी बालबालिकाको संरक्षणका लागि कार्य योजनामा आवश्यक प्रावधान राख्न तथा आवश्यक बजेट विनियोजन गर्न सुझाव दिन सक्छन् वा आवश्यक परेमा आर्थिक सहयोग समेत प्राप्त गर्न सक्छन् । बालमैत्री स्थानीय शासनले शिक्षा, स्वास्थ्य, संरक्षण र बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्न निश्चित रकम (जिल्लाको सम्पूर्ण बजेटको २० %) अनिवार्य विनियोजन गर्ने प्रावधान राख्ने नीतिको कार्यान्वयन सुनिश्चित गर्न सक्छ । गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रलाई बाल दुर्व्यवहाररहित क्षेत्र घोषणा गरी सोही अनुरूप कार्यक्रम सञ्चालन गर्ने, बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि विद्यालयहरूलाई समेत समेट्ने

गरी स्थानीय नीति निर्माण गरी कार्यान्वय गर्ने र गर्न लगाउने, आफ्नो क्षेत्रमा बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि उच्च स्तरको समन्वयकारी संयन्त्रको निर्माण गर्ने, विद्यालयलाई बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि कार्य गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने इत्यादि काम गरी जिल्लामा बाल संरक्षण सुनिश्चित गर्न सक्छन् ।

**त) जिल्ला प्रहरी कार्यालय तथा स्थानीय प्रहरी निकायहरू (प्रहरी चौकी तथा सामुदायिक प्रहरी)**

यी निकायहरूले बालबालिकालाई हिंसा तथा दुर्व्यवहारमा पर्नबाट सुरक्षा प्रदान गर्नुका साथै पीडक तथा अपराधीहरूलाई सजायका लागि कानुनी प्रकृयामा ल्याउन सहयोग पुऱ्याउँछन् । जिल्ला प्रहरी कार्यालयमा महिला तथा बालबालिकाको संरक्षणका लागि महिला तथा बालबालिका सेवा केन्द्रहरू सञ्चालनमा छन् । साथै यी निकायहरूले बालबालिका, अभिभावक एव शिक्षकहरूलाई बालसंरक्षण, बालसंरक्षणका लागि बनेका कानुनी व्यवस्था तथा उपलब्ध सेवाहरूको बारेमा जानकारी दिएर अपराधी तथा पीडकहरूलाई सजाय दिएर बालबालिकाको संरक्षण गर्न प्रोत्साहित गर्दछन् ।

**थ) जिल्ला बाल कल्याण समिति**

बालबालिकासम्बन्धी ऐन १९९२ (२०४८) ले प्रत्येक जिल्लामा २१ सदस्यीय जिल्ला बाल कल्याण समिति गठन गर्ने व्यवस्था गरेको छ । यसका सदस्यहरूमा सरकारी तथा नागरिक समाजका प्रतिनिधि सदस्य रहने व्यवस्था छ । जिल्ला बाल कल्याण आ-आफ्ना जिल्लाका बालबालिकाको अधिकार संरक्षण, संवर्धन, कार्यान्वयन तथा बाल अधिकारको पैरवीकालागि राज्यबाट तोकिएको निकाय हो । यस समितिले जिल्लामा बालसंरक्षणका लागि संरक्षण संयन्त्रको निर्माण गर्ने समेत जिम्मेवारी पाएको छ । यस समितिमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष, प्रमुख महिला विकास अधिकृत बालकल्याण अधिकारीका रूपमा रहेका हुन्छन् । जिल्लामा महिला बालबालिका जिल्लाका प्रमुख पदाधिकारीहरूलाई जिल्ला बालकल्याण समितिको प्रमुख जिम्मेवारी दिएर राज्य बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्न गम्भीर रहेको प्रत्याभूति दिएको छ । जिल्ला बाल कल्याण समितिले जिल्लामा बालअधिकार तथा बालसंरक्षण बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, बालसंरक्षणको क्षेत्रमा काम गर्ने संस्थाहरूलाई सहयोग गर्ने र आवश्यक परेमा हिंसा, जोखिम वा शोषणमा परेका बालबालिकाको उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यहरू

पनि गर्दछ । यस समितिले आवश्यक परेमा बालबालिकाको स्थायी वा अस्थायी संरक्षक समेत तोक्ने व्यवस्था गर्दछ । विद्यालयहरूले बालसंरक्षणका सिलसिलामा सहयोगको आवश्यकता परेमा यस समितिसँग सहयोग लिन वा सहकार्य गर्न सक्छन् ।

## द) जिल्ला बाल संरक्षण समिति तथा गाउँ/नगर बाल संरक्षण तथा संवर्धन उपसमिति तथा विद्यालय स्तरीय बाल संरक्षण तथा संवर्धन उपसमिति

### बालसंरक्षण समिति

बालबालिकाको संरक्षण तथा बालअधिकारको संवर्धन गर्नका लागि नेपाल सरकारले गरेका विभिन्न प्रयासहरूमध्ये बालसंरक्षण समितिको प्रावधान पनि एक हो । नेपाल सरकारले बालअधिकार संरक्षण तथा संवर्धन कार्यक्रम ( कार्यान्वयन) कार्यविधि २०६५ जारी गरी बालबालिकाको संरक्षण तथा बाल अधिकारको संवर्धन प्रतिको आफ्नो प्रतिवद्धता जनाएको छ । यस समितिमा बालबालिका तथा वयस्कहरू दुवैले  सहकार्य गर्ने व्यवस्था गरिएको छ । यो समिति केन्द्र, जिल्ला, गाउँ तथा नगर, वडा स्तर तथा विद्यालय स्तरमा गठन गर्न सकिने समेत प्रावधान रहेको छ । यसै गरी नगर बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति तथा गाउँपालिका अन्तर्गतको गाउँ बालअधिकार समिति गठन गरी अ-आफ्नो क्षेत्रमा बालबालिकाको बाल अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिएको छ ।

नेपाल सरकारले जारी गरेको बालअधिकार संरक्षण तथा संवर्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ ले बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरूले बालबालिकाको संरक्षण तथा बालअधिकारको संवर्धन हेतु आवश्यकतानुसार जिल्ला, नगर तथा गाउँ स्तरमा बालसंरक्षण समिति गठन गर्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ अनुसार विद्यालय स्तरमा बालसंरक्षण समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यसै गरी वडा तथा टोलहरूमा पनि आवश्यकतानुसार बालसंरक्षण समिति गठन गर्न सकिने व्यवस्था गरेको छ । बालबालिकाको सकृय सहभागितामा गठन हुने यस्ता समितिमा स्थानीय अभिभावक र बालसंरक्षणसँग सरोकार राख्ने निकाय समेत सदस्य रहने व्यवस्था छ ।

बाल संरक्षण समितिले बालबालिकाको सर्वोत्तम हित तथा बाल संरक्षणका लागि बालसंरक्षणका सवालहरूको पहिचान गर्नुको साथै बालबालिकाको अधिकारको हनन तथा शोषण रोकथामका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको छ । त्यसै गरी राष्ट्रिय तथा स्थानीय स्तरमा निर्माण गरिने नीतिहरूमा बालबालिकाको हक अधिकार सुरक्षित गर्न तथा राज्यको जिम्मेवारी सुनिश्चित गर्न नीतिगत पैरवी गर्ने काम गर्ने अधिकार पाएको छ । यो बाहेक यो समितिले बालबालिकाको संरक्षणका लागि सेवामूलक काम गर्नुका साथै उद्धार भएका बालबालिकाको पारिवारिक मिलन तथा पुनर्स्थापनामा सहयोग गर्ने र बालबालिकालाई परेका समस्यासँग सम्बन्धित उजुरी तथा सुनुवाइसँग सम्बन्धित कार्यक्रम तथा गम्भीर प्रकृतिका समस्याहरूलाई सम्बन्धित निकायमा जानकारी गराउने र आवश्यकता परेमा सिफारिस गर्ने काम समेत गर्न सक्छ ।

जिल्ला स्तरमा गठन हुने जिल्ला बाल संरक्षण समिति जिल्ला बाल कल्याण अधिकृतको संयोजकत्वमा सरकारी निकाय तथा नागरिक समाजका गरी ९ जना सदस्य समेत रहने व्यवस्था छ । यो समितिले जिल्ला भित्रका बालबालिकाको बालअधिकारको संरक्षण तथा संवर्धन गर्न तथा बालबालिकाको संरक्षण गर्नका लागि संयन्त्र निर्माण गर्दछ ।

गाउँ तथा नगर स्तरमा गठन हुने ७ सदस्यीय बाल संरक्षण तथा संवर्धन उपसमितिले स्थानीय स्तरमा बालअधिकारको संरक्षण तथा संवर्धन गर्न तथा बालबालिकाको संरक्षण गर्नका लागि संयन्त्र निर्माण गर्दछ । यी उपसमितिले स्थानीय स्तरमा बालबालिकाको हित विपरीत हुने घटनाहरू जस्तै द्वन्द्व, हिंसा तथा भेदभावका घटनाहरूलाई स्थानीय तहमै व्यवस्था गर्न तथा सो सम्भव भएसम्म सम्बन्धित निकायहरूमा पुऱ्याउन तथा पीडित तथा प्रभावितलाई संरक्षण दिन वा पुनर्स्थापनामा सहयोग गर्दछ र आवश्यकता परेमा कानुनी उपचारको लागि पनि आवश्यक कदम चाल्न सक्छ । साथै बालसंरक्षणका सवालमा सचेतना कार्यक्रम पनि सञ्चालन गर्न सक्छ ।

विद्यालय स्तरीय बालसंरक्षण तथा संवर्धन उपसमितिले विद्यालयमा बालबालिकाको सर्वोत्तम हित तथा बाल संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्दछ । बालसंरक्षणसम्बन्धी क्रियाकलापहरूको योजना बनाएर कार्यान्वयन गर्ने वा गर्न लगाउनका लागि क्रियाशील रहन्छ ।

## ध) जिल्ला बाल न्याय समन्वय समिति

यस समितिले कानुनी उपचार आवश्यक परेका बालबालिकालाई न्याय प्रदान गर्नका लागि बनाइएको संरचना हो । यसमा बालबालिकालाई बालमैत्री न्याय दिलाउन अधिकार प्राप्त वा कार्यरत सरोकारवालाहरू संलग्न रहेका हुन्छन् । विद्यालयले आवश्यक परेमा यस समितिको सहयोग लिएर आफ्ना विद्यालयका विद्यार्थीहरूलाई न्याय दिलाउन वा बाल न्याय प्रकृयाको बारेमा जानकारी लिन वा दिन सक्छ ।

## स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

## लक्षित समूह विकास कार्यक्रम :

यस कार्यविधिको दफा ८ को खण्ड (ख) बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरूमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्नु पर्ने प्रावधान रहेको छ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा
आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत ।

## प) गैर सरकारी संस्थाहरू

गैर सरकारी संस्थाहरूले जिल्ला तथा स्थानीय स्तरमा बालमैत्री विद्यालय निर्माणका लागि कार्यक्रमहरू सञ्चालन गरी रहेको अवस्था छ । गैर सरकारी संस्थाहरूले बालमैत्री विद्यालय निर्माणका लागि नेपाल सरकारको राष्ट्रिय प्रारूप अनुरूप कार्यक्रम सञ्चालन गर्न कार्ययोजना निर्माण गर्ने, कार्यक्रमलाई बास्केटिङ्ग गर्ने, पूर्वाधार निर्माणमा सहयोग गर्ने तथा क्षमता विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्न सक्छन् । विद्यालय व्यवस्थापनले आफ्नो

विद्यालयलाई बालमैत्री बनाउन स्थानीय, जिल्ला तथा केन्द्रीय स्तरमा रहेका सरोकारवालाहरूको नक्शांकन गरी आवश्यक कार्यक्रम सञ्चालन गर्न समन्वय गर्न सक्छ ।

## फ) स्थानीय समूह तथा सामुदायिक संस्थाहरू

स्थानीय समूह तथा सामुदायिक संस्थाहरू जस्तो आमा समूह, महिला समूह, वन उपभोक्ता समिति, टोल सुधार समिति इत्यादि स्थानीय समूह तथा सामुदायिक संस्थाहरू सामूहिक हितका लागि संगठित रूपमा क्रियाशील छन् । यी बाहेक मानव बेचबिखनविरुद्धको समिति, छाउपडी नियन्त्रण समिति, बालविवाह रोकथाम समिति जस्ता बालबालिकासम्बन्धी स्थानीय मुद्दामा काम गर्ने विभिन्न समूहहरू पनि सक्रियताकासाथ क्रियाशील छन् । विद्यालयहरूले पनि आफ्नो समुदायमा सक्रिय यस्ता समूहसँग सहकार्य गरी बालबालिकाको संरक्षण गर्नका लागि आवश्यक कार्य गर्न सक्दछन् । यस्ता निकायले आर्थिक, भौतिक तथा समुदाय परिचालन गरी सहयोग गर्दछन् ।

## ब) बाल इजलास

नेपालमा बालबालिकाको छिटो भन्दा छिटो हक अधिकारको कानुनी रूपमा संरक्षण गर्न बाल इजलासको व्यवस्था गरिएको छ । सामान्यतया कुनै कुरामा न्याय पाउन अदालती प्रकृया पूरा गर्ने नाममा वर्षौं बित्ने गरेको पाइन्छ । न्यायको लागि अदालत धाउने क्रममा कतिपय व्यक्तिको मृत्यु भै सक्ने तथ्य आम नागरिकको लागि नयाँ होइन । यसै तथ्यलाई दृष्टिगत गरी राज्यले बालबालिकामाथि अन्याय परेमा अरू अदालतमा गई वर्षौं कुर्न नपरोस् र यथाशिघ्र उनीहरूको कुराको सुनुवाइ होस् भन्ने उद्देश्यले राज्यले बाल इजलासको स्थापना गरेको छ । बाल इजलासमा सम्पादन गरिने न्यायिक कार्य बालमैत्रीपूर्ण रूपमा हो भन्ने कुरामा सबै सरोकारवालाहरू चनाखो हुन्छन् ।

## भ) बालमैत्री स्थानीय शासन

नेपालको संविधान २०७२ मा भएको बालअधिकारसम्बन्धी व्यवस्था, नेपालको त्रिवर्षीय अन्तरिम योजना, स्थानीय स्वायत्त शासन ऐन, २०५५, बालबालिकासम्बन्धी ऐन, २०४८ एवं नियमावली, २०५१ र बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन, २०५६ मा बालबालिकाको पक्षमा भएका नीतिगत एवं कानुनी प्रावधान समेतलाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिक ढाँचा, २०६७ लाई कार्यान्वयनमा लैजाने प्रयोजनको

लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६७ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

"बालमैत्री स्थानीय शासन" भन्नाले बालबचाउ, बालसंरक्षण, बालविकास र सार्थक बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा केन्द्रीय जिम्मेवारीलाई स्थानीय स्तरमा संस्थागत गर्ने शासकीय पद्धति हो । यस अन्तर्गत गाउँपालिका तथा नगरपालिकामा पनि बालमैत्री स्थानीय शासनले तोकेअनुसार गाउँ तथा नगरपालिकालाई पनि बालमैत्री बनाउन "बालमैत्री गाउँपालिका/नगरपालिका/जिल्ला" को व्यवस्था गरिएको छ । यस अनुसार बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय ढाँचा, २०६७ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६७ मा आधारित भै स्थानीय निकाय आफैँले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरू सुनिश्चित गरी सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय निकाय भनी घोषणा गर्न पाउने प्रावधान छ ।

विगतदेखि नेपालका केही नगरपालिका र गाउँपालिकाहरूले नमुनाको रूपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरू, केन्द्रीय बाल कल्याण समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री शासन प्रवर्धन गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न सक्दछन् ।

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई संस्थागत रूपमा व्यवस्थित गरी समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति", जिल्लास्तरमा "बालमैत्री स्थानीय शासन जिल्ला समिति" तथा नगर र गाउँ स्तरमा "बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति" गठन गरिने व्यवस्था समेत छ । साथै समुदायस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्धन गर्न समुदायस्तरीय समिति गठन र सञ्चालन गर्नका लागि प्रोत्साहन गरिने उल्लेख छ ।

## ६) स्थानीय स्तरमा रहेका स्रोतको नक्शाङ्कन र व्यवस्थापन

शिक्षा ऐनले विद्यालय व्यवस्थापन समितिको विद्यालयको व्यवस्थापन, विद्यालय सञ्चालनको लागि प्राप्त साधन तथा स्रोतको परिचालन गर्ने, विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने जिम्मेवारी दिएको छ । विद्यालय व्यवस्थापन समितिले सरकारबाट प्राप्त अनुदान बाहेक अन्य शीर्षकमा खर्च गर्न स्थानीय स्तरबाट स्रोत जुटाउनु पर्ने व्यवस्था छ ।

विद्यालयलाई बालमैत्री बनाउन सरकारबाट प्राप्त अनुदान रकम पर्याप्त हुँदैन । व्यवस्थापन समिति एक्लैले पनि सबै व्यवस्था गर्न सम्भव हुँदैन, यसको लागि समुदाय वा स्थानीय स्तरबाट स्रोत संकलन गर्नु पर्ने हुन्छ । विद्यालय बाहिर स्रोत खोज्नु अघि व्यवस्थापन समितिले निम्न गृहकार्य गरेको हुनु पर्छः

क) आफूसँग भएको स्रोत तथा सम्पतिको विवरण तयार पार्ने
ख) विद्यालयलाई बालमैत्री बनाउन आवश्यक पर्ने रकम वा जिन्सी सामान
ग) उक्त आवश्यकता पूरा गर्न स्रोत उपलब्ध गराउन सक्ने व्यक्ति वा निकाय पहिचान

विद्यालयले राज्यबाट विद्यालय सञ्चालनको लागि एकमुष्ट वार्षिक अनुदान प्राप्त गर्दछ । राज्यले विद्यालयलाई दिने अनुदान रकम जिल्ला शिक्षा कार्यालय मार्फत जिल्ला शिक्षा कोषमा पठाउने गर्दछ । जिल्ला शिक्षा समितिले विद्यालयबाट प्राप्त बजेटलाई समेत अध्ययन गरी विद्यालयको विद्यार्थी संख्या, शिक्षक संख्या, परीक्षाको परिणाम तथा विद्यालयको आर्थिक अवस्था समेतको आधारमा विद्यालयलाई विनियोजन गर्दछ । भवन, फर्निचर, र अन्य कार्यको लागि विद्यालयले स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नु पर्ने हुन्छ । भवन निर्माणका लागि रकम नपुग्ने भएमा स्थानीय जनसहयोगलाई प्रोत्साहन गर्ने गरी आवश्यक थप रकम अनुदान दिने व्यवस्था छ । सामान्यतया, राज्यबाट विद्यालयले निम्न शीर्षकमा अनुदान प्राप्त गर्दछः

- छात्रवृत्ति (दलित, छात्रा, सहिद, अपाङ्ग, द्वन्द पीडित)
- प्रति विद्यार्थी लागत रकम (रू.१८००।- – रू.२२००-) जिल्ला हेरेर
- अनिवार्य आधारभूत शिक्षाको लागि सहयोग
- विशेष विद्यालयको निर्माण
- सबै विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था

- विद्यालय सुधार कार्यक्रम फण्ड (किताब, शैक्षिक सामाग्री खरीदकालागि)
- मर्मत सुधार
- नयाँ कक्षा कोठा निर्माण
- विभिन्न मातृभाषाका शिक्षणका लागि सामाग्री व्यवस्था
- विद्यालय प्रोत्साहन सहयोग
- तलब भत्ता
- चाडपर्व खर्च (दशैं खर्च)
- संचय कोष
- बाल विकास केन्द्रहरूका लागि वार्षिक एकमुष्ट रकम अनुदानका रूपमा उपलब्ध

तर विद्यालय राम्रोसँग सञ्चालन गर्न तथा विद्यालयलाई गुणस्तरयुक्त बनाउन प्राप्त अनुदान पर्याप्त छैन भन्ने सबैले महसुस गरी आएको तथ्य हो । यति मात्र होइन विद्यालयलाई बालमैत्री बनाउन तथा त्यसको व्यवस्थापन गर्न देखिने तथा नदेखिने धेरै शीर्षकमा विद्यालयले खर्च गर्नु पर्ने हुन्छ र त्यसको व्यवस्था विद्यालय स्वयंले गर्नु पर्ने प्रावधान छ । विद्यालय सुधार योजनाले विद्यालय सञ्चालन तथा व्यवस्थापनमा समुदायको भूमिका स्पष्ट तोकेको अवस्थामा अतिरिक्त स्रोतको व्यवस्था विद्यालयले नै गर्नु पर्ने कुरा स्पष्ट छ र यो जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई सुम्पेको छ । व्यवस्थापन समितिले आफ्नो यो जिम्मेवारी पूरा गर्न स्रोतको अर्थ वा अवधारणा बारे स्पष्ट हुनु जरुरी छ ।

## स्रोतको अवधारणा तथा स्रोत पहिचान

साधारण अर्थमा स्रोत भन्नाले नगद रकम भन्ने मानिसहरूको बुझाइ छ । तर सही अर्थमा स्रोत अर्न्तगत जनशक्ति वा श्रम शक्ति, आर्थिक तथा भौतिक वा जिन्सी सामान पर्दछन् । विद्यालय व्यवस्थापन समिति वा विद्यालय सञ्चालनका प्रत्यक्ष सरोकारवालाहरू जस्तो शिक्षक अभिभावक संघ तथा गाउँ वा नगर शिक्षा समितिले विद्यालय सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा स्रोत भन्नाले विद्यालयको सञ्चालन तथा व्यवस्थापनको लागि चाहिने निम्न कुराहरू भन्ने बुझ्नु पर्छ :

- आर्थिक स्रोत जस्तो नगद रकम

- मानवीय स्रोत – शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय वरिपरिका समुदाय, दातृ संस्था, स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरू, सामाजिक संघ संस्था तथा समूह जस्तो आमा समूह, वन उपभोक्ता समूह इत्यादि । विद्यालयको लागि आफ्नो समय दिनु वा प्राविधिक सल्लाह सुझाव दिनु वा दातृ निकायको पहिचान गर्ने वा त्यहाँसम्म पुऱ्याउने कामलाई पनि यसै श्रेणीमा राख्न सकिन्छ । यी मध्ये केही स्रोत कै श्रेणीमा पर्दछन् भने केही स्रोत उपलब्ध गराउने माध्यम हुन् ।
- सूचना प्रविधि
- भौतिक स्रोत तथा जिन्सी सामान – निर्माण सामाग्री, फर्निचर तथा अन्य जिन्सी सामान । यी सामान परोक्ष रूपमा आर्थिक स्रोत नै हुन् ।

माथि उल्लेखित स्रोतमध्ये आर्थिक स्रोत नगद सहायता वा चन्दा स्वरूप प्राप्त गर्न सकिन्छ भने मानवीय स्रोत विद्यालयको भौतिक सुधार वा निर्माण कार्य वा विद्यालयको रेखदेख वा सरसफाइ वा शैक्षिक सामाग्री निर्माणका लागि आफ्नो समय दिने वा श्रमदानका रूपमा प्राप्त गर्न सकिन्छ । आर्थिक स्रोत उपलब्ध गराउन नसक्ने व्यक्ति वा संस्थाबाट विद्यालयलाई मैत्रीपूर्ण बनाउन प्राविधिक सूचना वा जानकारी तथा श्रमदान वा जिन्सी सामान सहयोगको रूपमा पनि प्राप्त गर्न सकिन्छ ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ वा नगर शिक्षा समितिले विद्यालयलाई बालमैत्री बनाउने सिलसिलामा के कस्ता स्रोतको आवश्यकता पर्छ, ती स्रोत कहाँबाट र कसरी जुटाउन सकिन्छ भन्ने कुरा यकिन गरी ती सहयोग जुटाउन उपयुक्त रणनीति बनाएर अघि बढनु पर्छ । यसरी गरेमा हरेक शिक्षा ऐनले तोके बमोजिम तथा विद्यालय सुधार आयोजनाले परिलक्षित गरे बमोजिम समुदाय तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गरी आत्म निर्भर हुन सकिन्छ ।

स्रोत पहिचानका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ वा नगर शिक्षा समितिले सेवा क्षेत्र भित्र विद्यालयलाई आवश्यक पर्ने के-कस्ता स्थानीय स्रोत उपलब्ध छ सोको नक्शाङ्कन गरी आफूलाई चाहिने सहयोगको स्रोत पहिचान गर्नु पर्छ । यसका लागि पहिलो चरणमा आपसी छलफल तथा गृहकार्य गरी निम्न कुरामा आफ्नो दृष्टिकोण तयार गर्नु पर्छ :

| आवश्यक पर्ने स्रोतको रूप | के का लागि | उपलब्ध गराउने वा सम्पर्क गर्नु पर्ने सम्भावित निकाय |
|---|---|---|
| क. आर्थिक स्रोत जस्तो नगद रकम | | |
| क. मानव स्रोत | | |
| क. जिन्सी सामान – फर्निचर तथा अन्य जिन्सी सामान | | |

**स्थानीय स्तरमा स्रोतको खोजीका लागि विद्यालयले निम्न काम गर्नुपर्छ**

**१) आर्थिक सहयोग गर्ने सरकारी निकायको पहिचानः**

विद्यालयलाई शैक्षिक गुणस्तर तथा भौतिक सुधारका लागि जिल्ला, ग्रमीण वा स्थानीयमा भएका व्यक्ति वा संघ-संस्थाको पहिचान गर्नु पर्छ । यस्ता सहयोग धेरै जसो आपसी सम्बन्धको आधारमा नै प्राप्त गर्न सकिन्छ । विद्यालयलाई सहयोग गर्ने निकायहरूमध्ये केही निम्नलिखित छन्:

**क) ग्रमीण शिक्षा विकास कोष –**

शिक्षा ऐनले ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि केन्द्रीय स्तरमा यो कोष खडा गर्ने व्यवस्था गरेको छ । संस्थागत विद्यालयले प्रत्येक आर्थिक वर्ष भएको एक महिना भित्र आफ्नो विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा अध्ययन गर्ने प्रति विद्यार्थी मासिक एक रूपैयाँको दरले हिसाब गरी आउने एकमुष्ट वार्षिक रकम यस कोषमा जम्मा गरिने व्यवस्था छ ।

**ख) जिल्ला शिक्षा कोष –**

यस कोषमा नेपाल सरकारबाट विद्यालयलाई उपलब्ध गराउने अनुदान रकमका साथै जिल्ला समन्वय समितिबाट प्राप्त रकम, शिक्षा करबाट उठेको रकम, चन्दा तथा अन्य स्रोतबाट प्राप्त रकम समेत जम्मा हुने गरी खडा गरिएको हुन्छ । यस कोषले आवश्यक परेको अवस्थामा विद्यालयलाई नियमित अनुदान बाहेक पनि आर्थिक सहायता उपलब्ध गराउने गर्दछ ।

माथि उल्लेखित निकायहरूले विद्यालयलाई सहयोगस्वरूप नियमित रूपमा आ-आफूसँग भएको कोषबाट निर्धारित रकम विनियोजन गर्ने गर्दछ । यो बाहेक अन्य दातृ निकायको खोजी गर्दा जिल्ला वा स्थानीय स्तरका निम्न निकाय तथा स्रोतलाई सम्झिनु पर्छ :

क) गाउँ विकास समिति भित्र रहेका आम्दानीको स्रोतको खोजी
ख) दातृ संस्थाको पहिचान
ग) समुदाय, स्थानीय सरकार, गैसस तथा समुदायमा आधारित संस्था तथा निजी क्षेत्रबाट प्राप्त गर्न सकिने संस्थागत सहयोग
घ) गाउँ विकास समिति तथा नगरपालिकाबाट सहयोग - सामुदायिक विद्यालयलाई सहयोग पुऱ्याउन, आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिका छात्र–छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने
ङ) विद्यालयको लागि स्थायी स्रोत जुटाउन आय आर्जन क्रियाकलाप सञ्चालन

**विद्यालय व्यवस्थापन समितिले त्यसका लागि निम्न प्रकृया पूरा गरेको हुनु पर्छ:**

क) दातृ निकाय कहाँ आफूलाई चाहिने सहयोगको लागि अनुरोध सहितको प्रस्ताव पठाउने । यो सहयोगको याचना गर्ने पुरानो र परम्परागत शैली हो
ख) सहयोग सङ्कलन गर्ने कार्यक्रम, यसमा दातृ निकायहरूलाई आमन्त्रण गरी सहयोगको लागि अनुरोध गर्ने
ग) चन्दा बाकस स्थापना गरी जनसमुदायबाट सक्दो सहयोगको अपिल गर्ने
घ) जिन्सी सामान सङ्कलन गर्ने – प्रयोगमा आइ सकेको लत्ता कपडा, फर्निचर, किताब, कम्प्युटर वा गाडी सङ्कलन गर्ने
ङ) स्वयंसेवकको सहयोग – विद्यालयको काममा आफ्नो श्रम वा समय वा प्राविधिक सहयोगको अनुरोध गर्ने
च) विद्यालयबाटै आम्दानी हुने परियोजना सञ्चालन गर्ने जस्तो प्रकाशन सामाग्री बिक्री वितरण गर्ने वा विशेषज्ञको हैसियतले सरसल्लाह दिने, पसलका लागि कोठा भाडामा लगाउने, पोखरी भएमा माछा पालन, ठाउँ भएमा गड्यौला पालन, सटर भाडामा दिने इत्यादि ।

उपरोक्त प्रकृयामध्ये विद्यालय व्यवस्थापन समितिले शिक्षक अभिभावक संघ, बालक्लब, विद्यालय संरक्षण समिति तथा समुदायका अन्य सरोकारवाला तथा सहयोगी निकायसँग समन्वय तथा सहकार्य गरी उपयुक्त रणनीति तथा प्रकृया अपनाई स्रोतको खोजी तथा स्रोत जुटाउने काम गर्नु पर्छ । अभियानमा

सबैको सहयोग तथा समर्थन प्राप्त गर्नकालागि स-साना उपसमिति बनाई जिम्मेवारी बाँडफाँड गरी काम गर्नु उपयुक्त हुनेछ ।

## स्रोत व्यवस्थापन

स्रोत व्यवस्थापनको अर्थ संस्थामा उपलब्ध स्रोतहरूको आवश्यकताअनुसार (कुन शीर्षकमा कहिले र कहाँ) बाँडफाँड गर्ने तथा सक्षम तथा प्रभावकारी रूपमा उपयोग गर्नु हो । स्रोत सङ्कलन तथा व्यवस्थापन निरन्तर चलिरहने प्रक्रिया हो । अतः विद्यालयलाई यसका लागि सबै सरोकारवाला तथा सहयोगी निकायको सहयोगको आवश्यकता परिरहन्छ । स्रोत व्यवस्थापनलाई सुव्यस्थित गर्न तथा सबैको विश्वास जित्न र सबैका निरन्तर सहयोग पाउन व्यवस्थापनका लागि जिम्मेवारी सहितको सानो समिति तथा उपसमिति बनाई काम सम्पादन गर्नु पर्ने छ । स्रोतको सही उपयोगको सुनिश्चितताका लागि चरणवद्ध रूपमा निम्न बमोजिम काम गर्नु उपयुक्त हुनेछः

- योजना बन
- सरोकारवालाको विश्वास जित्न विद्यालय व्यवस्थापन समितिले शिक्षक अभिभावक संघको बैठक बोलाउने
- स्रोतको प्राथमिकताको आधारमा शीर्षकगत बाँडफाँड गर्ने
- बजेट बनाउने
- कार्य सम्पादन तथा खर्च गर्ने समय सीमा तोक्ने
- खर्चको हरहिसाब राख्ने
- पारदर्शिताको लागि सामाजिक परीक्षण गरी कार्य सम्पादन तथा खर्चको विवरण पेश गर्ने । स्रोत व्यवस्थापन आर्थिक कारोबारसँग गाँसिएको हुनाले र समुदाय तथा सरोकारवाला संघ-संस्था तथा बालक्लबसँगको समन्वयमा सामाजिक परीक्षण अनिवार्य रूपमा गराउनु पर्दछ ।

**सन्दर्भ :**


- शिक्षा ऐन २०२८ र शिक्षा ऐनको आठौं संशोधन २०७२
- गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७
- विद्यालय क्षेत्र सुधार योजना २०६६ –२०७२
- बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीतिक ढाँचा
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८
- विद्यालयमा अधिकार संरक्षण, सहयोगी पुस्तक, सिविस
- बाल संरक्षण हाते पुस्तिका, सिविस

**Children and Women in Social Service and Human Right (CWISH)**
P.O.Box.: 21433, Kathmandu, Nepal
Tel.: +977-01-4784545, 01-4780446
Fax.: +977-01-4781386
Email.: info@cwish.org.np | Web.: www.cwish.org.np

TOLL FREE No.: 1660-01-10000